# प्रथम त्रिवर्षीय आवधिक योजना

## (आर्थिक वर्ष २०७८/७९ – २०८०/८१)

# समिक्षा प्रतिवेदन

## २०८०

पोखरा महानगरपालिका

**शहरी योजना आयोग**

पोखरा, कास्की

# विषय सूची


**परिच्छेद एकः परिचय** ........ १

१.१ पृष्ठभूमि ........ १

१.२ उद्देश्य ........ २

१.३ आवधिक योजना समीक्षाको विधि ........ २

१.४ आवधिक योजना समिक्षाको प्रक्रिया ........ २

१.४.१ प्रथम आवधिक योजनाको समीक्षा तथा दोस्रो आवधिक योजनाको तर्जुमा सम्बन्धी प्रारम्भिक छलफल ........ २

१.४.२ दस्तावेज अध्ययन तथा समीक्षा ........ ३

१.४.३ विषयगत महाशाखा÷शाखा छलफल तथा परामर्श ........ ३

१.४.४ बृहत कार्यशाला आयोजना ........ ३

१.४.५ आवधिक योजनाको समीक्षा प्रतिवेदनको मस्यौदा तयारी ........ ४

१.४.६ सुझाब संकलन तथा अन्तिम दस्तावेज तयारी ........ 4

**परिच्छेद दुईः समष्टिगत क्षेत्र** ........ ५

२.१ दीर्घकालीन सोच तथा निर्देशक सिद्धान्त ........ ५

२.२ समष्टिगत लक्ष्य र उद्देश्य ........ ६

२.३ योजनाका प्रमुख प्राथमिकता ........ ७

२.४ प्रमुख रणनीति ........ ८

२.५ परिमाणात्मक लक्ष्य र उपलब्धी ........ १०

**परिच्छेद तीनः आर्थिक विकास क्षेत्र** ........ १२

**३.१ पर्यटन** ........ १२

३.१.१ पर्यटन क्षेत्रका अन्य मुख्य उपलब्धिहरु ........ १४

३.१.२ मुख्य आयोजना तथा कार्यक्रममा उपलब्धि ........ १५

**३.२ उद्योग, व्यापार तथा व्यवसाय** ........ १५

३.२.१ योजनाका मुख्य उपलब्धिहरु ........ १६

३.२.२ मुख्य आयोजना तथा कार्यक्रममा उपलब्धि ........ १७

**३.३ बैंक, वित्त तथा सहकारी** ........ १८

३.३.१ योजनाका मुख्य उपलब्धिहरु ........ १९

३.३.२ मुख्य आयोजना तथा कार्यक्रममा उपलब्धि ........ १९

**३.४कृषि तथा खाद्य सुरक्षा** ........ २०
३.४.१ योजनाका मुख्य उपलब्धिहरु ........ २१
३.४.२ मुख्य आयोजना तथा कार्यक्रममा उपलब्धि ........ २२
**३.५ सिंचाई** ........ २२
३.५.१ योजनाका मुख्य उपलब्धिहरु ........ २३
३.५.२ मुख्य आयोजना तथा कार्यक्रममा उपलब्धि ........ २३
**३.६ पशुपन्छी विकास** ........ २४
३.६.१ योजनाका मुख्य उपलब्धिहरु ........ २५
३.६.२ मुख्य आयोजना तथा कार्यक्रममा उपलब्धि ........ २५
**३.७श्रम, रोजगारी तथा गरिबी निवारण** ........ २६
३.७.१ योजनाका मुख्य उपलब्धिहरु ........ २७
३.७.२ मुख्य आयोजना तथा कार्यक्रममा उपलब्धि ........ २७
**४.१ शिक्षा, विज्ञान तथा प्रविधि** ........ २८
४.१.१ योजनाका मुख्य उपलब्धिहरु ........ ३०
४.१.२ मुख्य आयोजना तथा कार्यक्रमका उपलब्धि ........ ३०
**४.२ स्वास्थ्य तथा पोषण** ........ ३१
४.२.१ योजनाका मुख्य उपलब्धिहरु ........ ३२
४.२.२ मुख्य आयोजना तथा कार्यक्रमका उपलब्धि ........ ३३
**४.३ खानेपानी तथा सरसफाई** ........ ३४
४.३.१ योजनाका मुख्य उपलब्धिहरु ........ ३६
४.३.२ मुख्य आयोजना तथा कार्यक्रमका उपलब्धि ........ ३६
**४.४ सामाजिक समावेशीकरण तथा संरक्षण** ........ ३७
४.४.१ योजनाका मुख्य उपलब्धिहरु ........ ३८
४.४.२ मुख्य आयोजना तथा कार्यक्रमका उपलब्धि ........ ४०
**४.५ युवा तथा खेलकुद** ........ ४१
४.५.१ योजनाका मुख्य उपलब्धिहरु ........ ४२
४.५.२ मुख्य आयोजना तथा कार्यक्रमका उपलब्धि ........ ४२
**४.६ भाषा, कला तथा संस्कृति** ........ ४३
४.६.१ योजनाका मुख्य उपलब्धिहरु ........ ४४

४.६.२ मुख्य आयोजना तथा कार्यक्रमका उपलब्धि ...... ४४
परिच्छेद पाँचः पूर्वाधार विकास क्षेत्र ...... ४५
**५.१ बस्ती विकास, आवास, भवन र सार्वजनिक निर्माण ...... ४५**
५.१.१ योजनाका मुख्य उपलब्धिहरु ...... ४७
५.१.२ मुख्य आयोजना तथा कार्यक्रमका उपलब्धि ...... ४८
**५.२ सडक, पुल तथा यातायात ...... ४९**
५.२.१ योजनाका मुख्य उपलब्धिहरु ...... ५०
५.२.२ मुख्य आयोजना तथा कार्यक्रमका उपलब्धि ...... ५१
**५.३ जलश्रोत, विद्युत तथा वैकल्पिक ऊर्जा ...... ५२**
५.३.१ योजनाका मुख्य उपलब्धिहरु ...... ५३
५.३.२ मुख्य आयोजना तथा कार्यक्रमका उपलब्धि ...... ५४
**५.४ सूचना तथा सञ्चार प्रविधि ...... ५५**
५.४.१ योजनाका मुख्य उपलब्धिहरु ...... ५५
५.४.२ मुख्य आयोजना तथा कार्यक्रमका उपलब्धि ...... ५६
**५.५ फोहोरमैला व्यवस्थापन ...... ५७**
५.५.१ योजनाका मुख्य उपलब्धिहरु ...... ५८
५.५.२ मुख्य आयोजना तथा कार्यक्रमका उपलब्धि ...... ५८
परिच्छेद छः वातावरण तथा विपद् व्यवस्थापन ...... ६०
**६.१ वन, हरियाली र जैविक विविधता संरक्षण ...... ६०**
६.१.१ योजनाका मुख्य उपलब्धिहरु ...... ६१
६.१.२ मुख्य आयोजना तथा कार्यक्रमका उपलब्धि ...... ६१
**६.२ भू-संरक्षण तथा जलाधार व्यवस्थापन ...... ६२**
६.२.१ योजनाका मुख्य उपलब्धिहरु ...... ६३
६.२.२ मुख्य आयोजना तथा कार्यक्रमका उपलब्धि ...... ६३
**६.३ वातावरण तथा जलवायु परिवर्तन अनुकूलन ...... ६४**
६.३.१ योजनाका मुख्य उपलब्धिहरु ...... ६४
६.३.२ मुख्य आयोजना तथा कार्यक्रमका उपलब्धि ...... ६४
**६.४ विपद् जोखिम न्यूनीकरण तथा विपद् व्यवस्थापन ...... ६५**
६.४.१ योजनाका मुख्य उपलब्धिहरु ...... ६६

६.४.२ मुख्य आयोजना तथा कार्यक्रमका उपलब्धि ........ ६६
परिच्छेद सातः संस्थागत विकास तथा सुशासन ........ ६७
७.१ नीति, कानून, न्याय र सुशासन ........ ६७
७.१.१ योजनाका मुख्य उपलब्धिहरु ........ ६७
७.१.२ मुख्य आयोजना तथा कार्यक्रमका उपलब्धि ........ ६८
७.२ संगठन, मानव व्यवस्थापन र सेवाप्रवाह ........ ६९
७.२.१ योजनाका मुख्य उपलब्धिहरु ........ ६९
७.२.२ मुख्य आयोजना तथा कार्यक्रमका उपलब्धि ........ ७०
७.३ राजस्व तथा स्रोत परिचालन ........ ७१
७.३.१ योजनाका मुख्य उपलब्धिहरु ........ ७१
७.३.२ मुख्य आयोजना तथा कार्यक्रमका उपलब्धि ........ ७१
७.४ तथ्यांक, योजना र विकास व्यवस्थापन ........ ७२
७.४.१ योजनाका मुख्य उपलब्धिहरु ........ ७२
७.४.२ मुख्य आयोजना तथा कार्यक्रमका उपलब्धि ........ ७३
८.१ सबल पक्ष तथा सम्भावना ........ ७४
८.२ आवधिक योजना कार्यान्वयनमा रहेका समस्या तथा सवालहरू ........ ७५
८.३ निष्कर्ष तथा सुझाव ........ ७७

# परिच्छेद एकः परिचय

## १.१ पृष्ठभूमि

नेपालमा योजनावद्ध विकासको अनुभव लामो भए पनि स्थानीय तहबाट योजनावद्ध विकासको प्रयोग र अभ्यास नेपालको संवधान जारी भए पछि सुरू भएको हो । नेपालको संविधान बमोजिम स्थानीय सरकारका रुपमा गाउँपालिका तथा नगरपालिकाले स्थानीय तहमा योजना तर्जुमा, विकास निर्माण र सेवाप्रवाहलाई प्रभावकारी गराउन प्रयत्नरत छन् ।नेपालमा सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको स्थापना पश्चात स्थानीय तहको दोस्रो निर्वाचित कार्यकालमा विकास र समुन्नतिको प्रयास योनावद्व तथा उत्साहका साथ अगाडि बढेको छ ।

पोखरा महानगरपालिका नेपालकै सबैभन्दा ठूलो महानगरपालिका हो।पोखरा महानगरपालिकाले **"समुन्नत पर्यटकीय पोखरा"** को दीर्घकालीन सोचका साथ **"पोखरा २१०० तथा आवधिक रणनीतिक कार्ययोजना (२०७७-८२)"** र **"प्रथम त्रिवर्षीय योजना (२०७८/७९-२०८०/८१)"** मार्फत समुन्नति र बृहत्तर सामाजिक—आर्थिक रूपान्तरणको मार्गचित्र प्रस्तुत गरेको छ। महानगरपालिकाले आवधिक योजना तर्जुमाका क्रममा नेपालले लिएको दिगो विकास लक्ष्य, १५ औं राष्ट्रिय आवधिक योजना तथा गण्डकी प्रदेशको प्रथम आवधिक योजनासँग तादाम्यता कायम गरी योजनाको कार्यान्वयनमा सहकार्य, समन्वय र सह—अस्तित्वको सिद्धान्तलाई आत्मसात गरेको छ।योजना अवधिमा पोखरा महानगरपालिकाले विविध चुनौतीका बाबजुद प्रथम आवधिक योजनाको कार्यान्वयनमा उल्लेखनीय उपलब्धि हासिल गरेको छ ।

विगतको प्रवृत्ति र उपलब्धिको विश्लेषण गर्दै वर्तमान आवश्यकता तथा सामर्थ्यको आधारमा आगामी आवधिक योजनाको मार्गदर्शन प्रदान गर्नका लागि आवधिक योजनाको अन्तिम समीक्षाको महत्वपूर्ण भूमिका रहेको हुन्छ।आवधिक योजनाका सवल र सुधार गर्नुपर्ने पक्षहरुको लेखाजोखा गरी कार्यान्वयनको अवस्था, कार्यान्वयनमा देखिएका समस्या तथा चुनौती विश्लेषण मार्फत सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति, कार्यक्रम तथा आयोजनाको सान्दर्भिकता एबम् परिमार्जनका आधारहरु पहिल्याउन समीक्षाको आवश्यकता पर्दछ । पोखरा महानगरपालिकाले सुदृढ परियोजनाको प्राविधिक सहयोग समेत लिइ प्रथम आवधिक योजनाको समीक्षा प्रतिवेदन तयार गरेको छ । प्रथम आवधिक योजना (आ.व. २०७८/७९—०८०/८१) कार्यान्वयनको अन्तिम आर्थिक वर्ष र दोस्रो आवधिक योजना तर्जुमाको आधार वर्षमा समीक्षा मार्फत उपलब्ध सूचनाले आगामी आवधिक योजनाको अवधारण पत्र तयारीलाई समेत मद्दत पुर्याउने विश्वास लिइएको छ ।

## १.२ उद्देश्य

प्रथम आवधिक योजनाको कार्यान्वयनको समग्र अवस्था र सान्दर्भिकतालाई तथ्यपरक र वस्तुनिष्ठ विश्लेषण गरी प्रतिवेदन तयार गर्नु यस समिक्षाको प्रमुख उद्देश्यका अतिरिक्त यसका उद्देश्यहरू देहायअनुसार रहेका छन्ः

(क) प्रथम आवधिक योजनाको कार्यान्वयनमा सोच, लक्ष्य, उद्देश्य, रणनीति एबम् कार्यक्रम तथा आयोजनाको कार्यान्यन अवस्था र सान्दर्भिकताको विश्लेषण तथा समीक्षा गर्नु ।

(ख) प्रथम आवधिक योजनाको लक्ष्य र उपलब्धिको अवस्था विश्लेषण गर्नु ।

(ग) प्रथम आवधिक योजनाको कार्यान्वयनमा देखिएका सवल तथा सुधार गर्नुपर्ने पक्षहरुको पहिचान गर्नु ।

(घ) दोस्रो आवधिक योजनाको अवधारण पत्र तर्जुमाका आधारहरु तयार गर्नु ।

## १.३ आवधिक योजना समीक्षाको विधि

प्रथम आवधिक योजनाको समिक्षाको प्रयोजनका लागि समिक्षात्मक मार्ग विश्लेषण (Critical Pathway Analysis) र समिक्षात्मक क्षमता मूल्याङ्कन (Crirtical Capacity Assessment) विधिलाई अवलम्बन गरिएको छ।समिक्षात्मक मार्ग विश्लेषणमार्फत आवधिक योजनाले निर्दिष्ट गरेको लक्ष्य अनुरुपका रणनीति तथा कार्यनीति, कार्यक्रम तथा आयोजना र सूचकहरुको विश्लेषण गरिएको छ। समिक्षात्मक क्षमता मूल्याङ्कन विधिमार्फत आवधिक योजनाको लक्ष्य प्राप्तिमा श्रोत तथा सामर्थ्यको सहजता एवं जोखिमहरुको पहिचान गरिएको थियो ।

## १.४ आवधिक योजना समिक्षाको प्रक्रिया

प्रथम आवधिक योजनाको समिक्षा प्रतिवेदन तयारीका लागि अवलम्बन गरिएका चरण, विधि तथा प्रकृया देहाय बमोजिम रहेका छन्ः

### १.४.१ प्रथम आवधिक योजनाको समीक्षा तथा दोस्रो आवधिक योजनाको तर्जुमा सम्बन्धी प्रारम्भिक छलफल

पोखरा महानगरपालिका शहरी योजना आयोगको आयोजनामा आवधिक योजनाको समिक्षा सहित अवधारणपत्र तयारी र दोस्रो आवधिक योजना तर्जुमा सम्बन्धी कार्ययोजना तयार गर्ने उद्देश्य अनुरूप मिति २०८० साल मंसिर ७ गते एक दिवसीय छलफल तथा अन्तरक्रिया कार्यक्रमको आयोजना गरिएको थियो । महानगरपालिकाको सभाकक्षमा सम्पन्न सो कार्यक्रममा पोखरा महानगरपालिकाका प्रमुख, प्रमुख प्रशासकीय अधिकृत, शहरी योजना आयोगका उपाध्यक्ष सहित

सदस्यहरु, विषयगत महाशाखा प्रमुखहरू, शाखा प्रमुखहरू लगायत माहनगरपालिकाका सम्वद्ध कर्मचारीहरू र सुदृढ परियोजनाका प्रतिनिधिहरूको उल्लेख्य सहभागिता रहेको थियो । पोखरा महानगरपालिका शहरी योजना आयोगका उपाध्यक्षको अध्यक्षतामा सम्पन्न सो कार्यक्रममा आवधिक योजनाको समिक्षाको आवश्यकता, विधि, प्रक्रिया, जिम्मेबारी र कार्ययोजना सम्बन्धमा बृहत छलफल तथा विश्लेषण गरिएको थियो ।

### १.४.२ दस्तावेज अध्ययन तथा समीक्षा

प्रथम आवधिक योजनाको समीक्षा अवधिमा भएको कार्यान्वयनको समग्र अवस्था र लक्ष्यसँगको तालमेल सम्बन्धमा तथ्य तथा प्रमाणहरू संकलन गर्न आवधिक योजना, वार्षिक प्रगति प्रतिवेदन, मध्यमकालीन खर्च संरचना, महानगरपालिकाका वार्षिक नीति, बजेट तथा कार्यक्रमहरू, राष्ट्रिय जनगणना, २०७८ प्रतिवेदन, विषयगत शाखाहरूको अभिलेख, १५ औं योजनाको मध्यावधि समीक्षा २०७९, गण्डकी प्रदेशको प्रथम आवधिक योजना र सङ्घीय मन्त्रालयहरू तथा राष्ट्रिय योजना आयोगका प्रतिवेदनहरूको अध्ययन तथा समीक्षा गरिएको थियो ।

### १.४.३ विषयगत महाशाखा÷शाखा छलफल तथा परामर्श

प्रथम आवधिक योजनाको प्रारुप तथा प्रथम आवधिक योजनाको समीक्षाका लागि विषयगत महाशाखासँगको परामर्श गरिएको थियो । उक्त परामर्शका क्रममा समष्टिगत क्षेत्रका रुपमा महानगरपालिकाको समग्र विकासको क्षेत्रमा विद्यमान चुनौति, सम्भावना तथा अवसरको उपयोग तथा परिचालनको अवस्था र सान्दर्भिकता सहित विकासका समस्या तथा समाधान र सम्बोधनको अवस्था पहिल्याउने प्रयास गरिएको थियो। त्यसैगरी, दीर्घकालीन सोच उन्मुखता र सान्दर्भिकताको अवस्था, समष्टिगत लक्ष्य तथा उद्देश्य हासिलको अवस्था एबम् समष्टिगत रणनीति कार्यान्वयनको अवस्था, सान्दर्भिकता तथा प्राथमिकता लगायत योजनाका प्रमुख प्राथमिकताको कार्यान्वयनको अवस्था र आगामी आवधिक योजनामा यसको सान्दर्भिकता, निरन्तरता तथा प्राथमिकतालाई पहिचान गरिएको थियो । विषय क्षेत्र/उपक्षेत्रगत रुपमा लक्ष्य, उद्देश्य, रणनीति, प्रमुख कार्यक्रम तथा आयोजनाको कार्यान्वयनको अवस्था र आगामी आवधिक योजनाका लागि सान्दर्भिकता सम्बन्धमा विश्लेषण र समीक्षा गरिएको थियो । यसरी विभिन्न विधिबाट प्राप्त राय सुझाव तथ्यगत जानकारी र परामर्शबाट प्राप्त निचोडको आधारमा विषय क्षेत्रगत समीक्षा प्रतिवेदनको मस्यौदा तयार गरिएको छ।

### १.४.४ बृहत कार्यशाला आयोजना

प्रथम आवधिक योजनाको समिक्षा प्रयोजनको लागि सम्बन्धित दस्तावेजको अध्ययन र विषय क्षेत्रगत छलफल तथा परामर्शका माध्यमबाट तयार भएको मस्यौदा प्रतिवेदनलाई

सरोकारवालाहरु समक्ष प्रस्तुत गरी आवश्यक परिमार्जन गर्ने र एबम् दोस्रो आवधिक योजनाको अवधारणा पत्र तर्जमाका लागि साझा धारणा तथा दृष्टिकोण कायम गर्ने उद्देश्यले एक दिवशीय कार्यशालाको आयोजना गरिएको थियो । शहरी योजना आयोगका उपाध्यक्षको अध्यक्षतामा वि.सं.२०८० साल मंसिर २० गते सम्पन्न उक्त कार्यशालामा नगर प्रमुख, उप-प्रमुख, प्रमुख प्रशासकीय अधिकृत, शहरी योजना आयोगका सदस्यहरु, विषयगत समितिका पदाधिकारीहरु, कार्यपालिका सदस्य, विषयगत महाशाखा तथा शाखाका प्रमुख तथा प्रतिनिधिहरु, सुदृढ परियोजनाका विज्ञ तथा कर्मचारीहरु लगायत अन्य सरोकारवालाहरुको सहभागिता रहेको थियो । कार्यशालामा विषयगत रुपमा तयार भएका समीक्षा प्रतिवेदनको प्रस्तुति, समूह कार्यमार्फत परिमार्जन र प्रस्तुति छलफल पश्चात सुझाब तथा पृष्ठपोषण प्राप्त गरिएको थियो । कार्यशालाबाट प्राप्त सुझाब तथा पृष्ठपोषणका आधारमा विषयगत समीक्षा प्रतिवेदनलाई परिमार्जन गरिएको थियो ।उक्त कार्यशालामा दोस्रो आवधिक योजनाको अवधारणा पत्र तर्जुमा सम्बन्धमा छलफल तथा रायसुझाव लिइएको थियो।

### १.४.५ आवधिक योजनाको समीक्षा प्रतिवेदनको मस्यौदा तयारी

माथी उल्लिखित बृहत कार्यशालाबाट प्राप्त विषय क्षेत्रगत समीक्षा प्रतिवेदनहरुलाई परिमार्जन तथा एकीकृत गरी आवधिक योजनाको समिक्षा दस्तावेज तयार गरिएको थियो । उक्त दस्तावेजको मार्गदर्शकका रूपमा राष्ट्रिय आवधिक योजनाका समीक्षा प्रतिवेदनहरु र स्थानीय तहको योजना तर्जुमा दिग्दर्शनलाई लिइएको छ । यस दस्तावेजलाई ८ परिच्छेदमा विभक्त गरी तयार गरिएको छ । यस दस्तावेजमा समाविष्ट परिच्छेदहरूमा क्रमशः परिचय, विकासको सोच तथा विकासको अवधारणा, आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार विकास, वन, वातावरण तथा विपद् व्यवस्थापन, संस्थागत विकास र सुशासन र समीक्षाको निष्कर्श रहेका छन् ।

### १.४.६ सुझाब संकलन तथा अन्तिम दस्तावेज तयारी

पहिलो आवधिक योजना अवधिमा महानगरपालिकाबाट भएका प्रयास प्राप्त उपलव्धी र आगामी योजनामा गर्नु पर्ने कार्यका सम्बन्धमा महानगरपालिकामा उपलव्ध तथ्यगत विवरण प्रतिवेदन, यस सम्बन्धमा विभिन्न चरणमा सम्पन्न भएका औपचारिक अनौपचारिक छलफल बैठक कार्यशाला आयोजना गरी आवश्यक विवरण र सुझाव संकलन गरी समिक्षा प्रतिवेदन तयार गरिएको छ ।

# परिच्छेद दुईः समष्टिगत क्षेत्र

संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको सुरूवातसँगै पोखरा महानगरपालिकाले जननिर्वाचित प्रतिनिधिहरुको पहिलो पाँच वर्षे कार्यकालमा तीन वर्षीय प्रथम आवधिक योजनाको तर्जुमा गरी कार्यान्वयन गरेको थियो ।कोभिड-१९ को संक्रमण रहेको अवधिमा तर्जुमा भएको यस प्रथम आवधिक योजनाले विश्वव्यापी आर्थिक सिथिलताको प्रभाव व्यहोर्नु परेको थियो । यस योजनाको कार्यावधि अघिल्लो जनप्रतिनिधिहरू उत्तरार्ध कार्यकाल तथा स्थानीय तहको दोश्रो निर्बाचन पछि गठित महानगरपालिकाको दोस्रो कार्यकालको प्रारम्भकालमा गुज्रेको थियो । विभिन्न उतारचढावका बाबजुद प्रथम आवधिक योजना अवधि उत्साहजनकरूपमा व्यतित भएको छ । यस परिच्छेदमा समष्टिगत क्षेत्रको समीक्षा प्रस्तुत गरिएको छ ।

## २.१ दीर्घकालीन सोच तथा निर्देशक सिद्धान्त

पोखरा महानगरपालिकाले "समुन्नत पर्यटकीय पोखरा (Prosperous Touristic Pokhara)" लाई दीर्घकालीन सोचका रुपमा ग्रहण गरेको छ । यस योजना अवधिमा महानगरपालिकाको संभावना, अवसर, प्राथमिकता तथा राष्ट्रिय र प्रादेशिक सोच तथा प्रतिबद्धतासँग तादाम्यता कायम गरी समग्र आवधिक योजनाको कार्यान्वयनको प्रयास भएको छ ।प्रथम आवधिक योजनाले अवलम्बन गरेका निर्देशक सिद्धान्तहरु देहाय बमोजिम रहेका छन् ।

१. योजनावद्ध तथा सुव्यवस्थित शहरी विकास ।
२. समावेशी, समन्यायिक एवम् विविधीकृत आर्थिक विकास ।
३. नागरिक सचेतना तथा जिम्मेवारीबोध, सामाजिक सद्भाव, सहिष्णुता, सहअस्तित्व ।
४. उच्च मानव विकास तथा गुणस्तरीय जीवन ।
५. नतिजामा आधारित विकास व्यवस्थापन तथा गुणस्तरीय सेवा प्रवाह ।
६. समावेशीकरण, सुशासन तथा सदाचार ।
७. विपद् उत्थानशीलता तथा जलवायु परिवर्तन अनुकूलन ।
८. समन्वय, साझेदारी र सहकार्यको सिद्धान्त आधारित विकास ।

प्रथम आवधिक योजनाले अवलम्बन गरेका उपर्युक्त निर्देशक सिद्धान्तहरुले योजनाको लक्ष्य, उद्देश्य, रणनीति र कार्यक्रम तथा आयोजना तर्जुमा लगायत समग्र योजना कार्यान्यवन चरणमा महत्वपूर्ण रुपमा मार्गदर्शन गरेको छ । नेपालको संविधान तथा राष्ट्रिय एबम् प्रदेशिक आवधिक योजनासँग तालमेल कायम गरेका उपरोक्त सिद्धान्तहरुले योजनाका मूलभुत पक्षलाई सान्दर्भिक रुपमा निर्देशित गरेको देखिन्छ । आगामी आवधिक योजनामा निर्देशक सिद्धान्त अन्तरगत नेपाल सरकारले अन्तराष्ट्रियस्तरमा गरेका प्रतिवद्धता, दिगो विकास र संविधानको राज्य निर्देशक सिद्धान्त तथा नीतिअन्तरगत रहेका स्थानीय विकाससँग सरोकार राख्ने सवालहरुलाई समेत अवलम्बन गर्नु सान्दर्भिक देखिन्छ ।

## २.२ समष्टिगत लक्ष्य र उद्देश्य

यस आवधिक योजनाले समष्टिगत लक्ष्यका रुपमा "नीला तालहरू, समृद्ध संस्कृति, सुरक्षित जीवन, वैज्ञानिक दृष्टिकोण र उत्थानशील तथा समावेशी भौतिक पूर्वाधार सहितको सम्पन्न सहर निर्माण हुने" लाई लक्ष्यका रुपमा लिएको छ। निर्धारित लक्ष्यका कतिपय सूचकहरु मापनयोग्य हुन नसकेकोले उपलब्धिको मापनमा कठिनाइ भएको छ। तथापी योजना कार्यान्वयनको अवस्थाले गुणात्मक रुपमा लक्ष्य उन्मुख रहेको छ। लैंगिक, सामाजिक तथा आर्थिक र वातावरणीय अवस्थामा सुधारका प्रभावतहको सूचक लेखाजोखा गर्न नसक्ने अवस्था रहेको छ । आगामी आवधिक योजनाका लागि समष्टिगत लक्ष्य तयार गर्दा लैंगिक, सामाजिक तथा आर्थिक र वातावरणीय अवस्थामा सुधारका प्रभावतहको सूचक लेखाजोखा गर्न सकिने गरी तयार गर्नु पर्ने देखिन्छ ।

यस आवधिक योजनाले समष्टिगत लक्ष्यसँग तादात्म्यता कायम गरी उद्देश्य निर्धारण गरेको देखिन्छ। उल्लिखित उद्देश्यहरुको संख्यात्मक अवस्था आवधिक योजनाको अभ्यास तथा सान्दर्भिकताको दृष्टि सुधार गर्नु पर्ने देखिएको छ । पोखराको आर्थिक विकासको चरित्रलाई विविधिकृत, समावेशी तथा समन्यायिक बनाई आर्थिक वृद्धिको गतिलाई तीव्र बनाउने उद्देश्य परिपुर्तिको अवस्था हेर्दा महानगरबासीको गुणस्तरीय सेवा सुविधा, उत्पादन, उत्पादकत्व, रोजगारी र आयमा सामान्य सुधार आंशिक रुपमा उपलब्धि हासिल भएको देखिएको छ । कोभिड १९ र आर्थिक शिथिलताको कारण पर्यटन, कृषि र सेवामूलक उद्योग व्यवसायमा अपेक्षित वृद्दि र विस्तारमा कमी रहेको छ ।

यस अवधिमा शहरी विकास भवन तथा पूर्वाधार संरचनालाई सुरक्षित तथा सुव्यवस्थित बनाउँदै शहरी सेवा तथा सुविधामा शहरबासीको सहज पहुँच स्थापित गर्ने उद्देश्य प्राप्तिको दिशामा सामान्य सुधार देखिएको छ। योजना अवधिमा सडक, पुल, पार्क, भवन लगायत सार्वजनिक निर्माण वृद्धि भएको देखिन्छ। योजना अवधिमा सडक घनत्व ३.०२ प्रति व.कि.मि. बाट ३.६ प्रति व.कि.मि. र पक्कि सडक ६३३ कि.मि. बाट ९०० कि.मि. मा बृद्दि भएको देखिन्छ ।

शहरको प्राकृतिक सौन्दर्य तथा सांस्कृतिक सम्पदाको संरक्षण तथा संवर्द्धन गरी पोखरा महानगरपालिकालाई दिगो पर्यटकीय गन्तव्यका रूपमा विकसित गर्ने उद्देश्य हासिल गर्ने दिशातर्फ उन्मुख रहेको छ । यस योजना अवधिमा पर्यटकीय आवागमनमा संख्यामा वृद्धिभइ वार्षिक ३ लाखबाट ९ लाख पुगेको देखिन्छ। यद्यपि, महानगरपालिकाले निजी क्षेत्र, समुदाय तथा व्यवसायीको सहकार्यमा पर्यटकीय सेवा, सुविधाको प्याकेज ल्याइ समन्वयात्मक रूपमा प्रयास गरेको भए थप उपलव्धी हुने देखिन्छ ।

पोखरा महानगरबासीमा सामाजिक सद्भाव, सहिष्णुता एवम् सहअस्तित्वको भावना विकास गरी महानगरपालिकालाई एक नमूना शहरका रूपमा विकसित गर्ने उद्देश्यलाई हेर्दा कार्बन तटस्थता

अवस्था मापन भएको तथा कार्वन तटस्थ कार्ययोजना तर्जुमा भइ अद्यावधिक समेत भएको देखिन्छ ।समग्रमा आदर्श शहरको सूचक परिभाषित नभएको र नीति, कार्यक्रम तथा बजेट सो तर्फ अपेक्षाकृत लक्षित हुन सकेको देखिएन ।

शहरको सर्वतोमुखी विकास र समुन्नतिका लागि आवश्यक नीति तथा कानुनको तर्जुमा, संस्थागत संरचनाको निर्माण तथा सक्षम एवम् उत्प्रेरित मानव संसाधनको विकास गरी शहरी सुशासन प्रत्याभूत गर्ने उद्देश्य प्राप्तितर्फ अग्रसर रहेको देखिन्छ । यस अवधिमा ११४ वटा नीति, कानूनी, कार्यविधि तथा मापदण्ड तर्जुमा भई कार्यान्यनमा रहेको छ ।

महानगरपालिकाभित्र घनाबस्तीयुक्त शहरी क्षेत्र, छरिएका पातला बस्ती तथा न्यून पूर्वाधारयुक्त गाउँहरू पनि रहेको सन्दर्भमा दुवै क्षेत्रको सन्तुलित तथा न्यायपूर्ण आर्थिक वृद्धि तथा रोजगारीका लागि निरन्तर प्रयत्न र पहल गर्दै रहने उद्देश्य प्राप्ति तर्फ उन्मुख रहेको देखिन्छ ।यस अवधिमा समावेशी स्थानीय आर्थिक विकास योजना तर्जुमा भएको र व्यवसाय प्रवर्द्धन केन्द्रको स्थापना तथा सञ्चालन हुनु महत्वपूर्ण उपलब्धि रुपमा देखिएको छ ।

आगामी आवधिक योजनामा आवधिक योजनाको सिद्वान्त मान्यता र अभ्यास बमोजिम संघीय तथा प्रादेशिक आवधिक योजनासँग तालमेल कायम हुने गरी सोचलाई स्पष्टसँग पछ्याएको लक्ष्य र सो अनुरुप उद्देश्य तयार गर्नुपर्ने देखिन्छ ।लक्ष्य र उद्देश्यलाई मापनयोग्य हुने गरी तयार गर्नु सान्दर्भिक देखिन्छ । उद्देश्यको संख्या थोरै तर योजनाको अन्तरवस्तुलाई नछुट्ने गरी तयार गरिनु पर्ने देखिन्छ ।

## २.३ योजनाका प्रमुख प्राथमिकता

प्रथम आवधिक योजनाले लिएका प्रमुख प्राथमिकताहरु देहाय बमोजिम रहेका छन् ।

- पर्यटकीय सेवा सुविधाको मूल्य शृंखला विविधीकरण, विशिष्टीकरण र समन्यायिक वितरण
- नवप्रवर्तन, सीप तथा उद्यमशीलता विकास र रोजगारी प्रवर्द्धन
- स्थानीय मौलिक र वैज्ञानिक ज्ञानमा आधारित मानवस्रोत तथा प्रविधिको विकास र परिचालन
- कृषि तथा पशुपन्छी व्यवसायको आधुनिकीकरण, विविधीकरण, बजारीकरण र औद्योगिकीकरण
- आरोग्यता तथा स्वस्थ जीवन र संस्कार
- गुणस्तरीय र जीवनपयोगी शिक्षा तथा स्वास्थ्य, स्वच्छ खानेपानी तथा सरसफाइ सुविधाको प्रवर्द्धन
- सामाजिक सुरक्षा, संरक्षण, समावेशीकरण तथा सामाजिक न्याय
- योजनाबद्ध विकास तथा व्यवस्थित भू-उपयोग
- व्यवस्थित, उत्पादनशील उत्थानशील र दिगो पूर्वाधार

- वातावरणीय सन्तुलन, जलवायु परिवर्तन अनुकूलन तथा विपद् उत्थानशीलता
- कोभिड लगायतका विपद् तथा महामारी नियन्त्रण तथा सामाजिक आर्थिक पुनर्लाभ
- मानव संसाधन विकास तथा जनमुखी सेवा प्रवाह
- सुशासन तथा जवाफदेहिता प्रवर्द्धन

यस योजना अवधिमा प्रमुख प्राथमिकता प्राप्त क्षेत्रलाई महत्व दिइएको देखिन्छ । यस अवधिमा प्राथमिकता प्राप्त क्षेत्रलाई आत्मसात गरी केही महत्वपूर्ण उपलब्धि हासिल भएका छन् । पर्यटन क्षेत्रमा विनियोजित बजेटमा बढोत्तरी भएको छ, आन्तरिक तथा बाह्य बजारमा विभिन्न प्रवर्धनात्मक कार्यक्रम सञ्चालन भएको देखिन्छ । एशियाली विकास बैङ्कको सहयोगमा दिगो पर्यटन विकास सम्वन्धी परियोजना शुरु र विभिन्न मैत्रीपूर्ण खेलकुद कार्यक्रम आयोजना भएका छन् । व्यवसाय प्रवर्द्धन केन्द्र स्थापना, युवा स्वरोजगार कोषसँगको साझेदारीमा सहुलियतपूर्ण कर्जा प्रदान, उपप्रमुखसँग महिला कार्यक्रम नियमित सञ्चालन र प्रधानमन्त्री रोजगार कार्यक्रम लागु र विभिन्न शिपमुलक तालिमहरु प्रदान हुनुले प्राथमिकता प्राप्त क्षेत्रलाई ग्रहण गरेको देखिन्छ ।

यसै अवधिमा परम्परागत सीप कलामा आधारित तालिम सञ्चालन, बीउपुँजी वितरण, पोखरा प्रज्ञा प्रतिष्ठान गठन तथा सञ्चालन र स्थानीय पाठ्यक्रम लागू भएको छ । अर्कोतर्फ, सामाजिक सुरक्षा सम्बन्धि कानून बमोजिम सुविधा सेवा राहत प्रदान, मानव सेवा आश्रमसँग सहकार्य लक्षित वर्ग केन्द्रित कार्यक्रम सञ्चालन भएका छन् ।भू-उपयोग नियमावली अनुसार भूमिको वर्गिकरण जोखिम संवेदनशील भूउपयोग योजना जोखिमयुक्त क्षेत्रको पहिचानका कार्य सम्पन्न भएका छन्। सडक निर्माणमा असफाल्ट प्रविधिको प्रयोग, सडक सुरक्षाका मापदण्ड निर्माण तथा सडकमा साइकल लेन विकास गरिएको छ भने उच्च जोखिमयुक्त सडक खण्डहरू पहिचान गरी सडक बत्ति जडानका कार्य सम्पन्न भएका छन् ।

समग्रमा यस योजना अवधिमा पोखराको आवश्यकता र प्राथमिकतालाइ ध्यान दिएको देखिन्छ । प्राथमिकता क्षेत्रहरु पहिचानमा व्यापकतालाई समेटिएकोले सिमित मुख्य एबम् नेतृत्वदायी क्षेत्रलाई मात्र प्राथमिकता क्षेत्रका रुपमा पहिल्याउने आवधिक योजनाको अभ्यासलाई अनुसरण गर्नु सान्दर्भिक देखिन्छ ।

## २.४ प्रमुख रणनीति

समावेशी विकासका रणनीतिक स्तम्भका रुपमा लिइने यस आवधिक योजनाले अवलम्बन गरेका प्रमुख रणनीतिहरु देहाय बमोजिम रहेका छन् ।

१. न्यून कार्बन उत्सर्जन हुने हरित, उत्थानशील, समावेशी र सन्तुलित विकासमार्फत् तीव्र आर्थिक वृद्धि गर्ने,
२. आधुनिक र व्यवस्थित पूर्वाधारसहितको स्मार्ट तथा पर्यटकीय सहर विकास गर्ने,

३. सरलीकृत र सुविधायुक्त वातावरणमैत्री सहरी विकास गर्ने,
४. व्यवस्थित र प्रकृतिमैत्री एकीकृत आवास योजना सञ्चालन गर्ने,
५. समावेशी र विपद् उत्थानशील सहरी पूर्वाधार विकास गर्ने,
६. वातावरणप्रति संवेदनशील र जिम्मेवार समाजको निर्माण गर्ने,
७. फोहोरमैला प्रशोधन र समुचित व्यवस्थापन तथा प्रदूषण नियन्त्रणमा नवीनतम प्रविधिको प्रयोग गर्ने,
८. सामाजिक तथा नैतिक रूपमा जिम्मेवार, सिर्जनशील, प्रतिस्पर्धी र उत्पादनशील शिक्षा प्रणाली लागू गर्ने,
९. स्वस्थ्य र उत्पादनशील नागरिक तयार गर्न सर्वसुलभ गुणस्तरीय स्वास्थ्य सेवा सहज बनाउने,
१०. महानगरका सबै संस्थागत संरचनामा महिला, अल्पसंख्यक र सीमान्तकृत समूहको सहभागिता सुनिश्चित गर्ने,
११. सार्वजनिक सेवाको गुणस्तर सुधार र सबै नागरिकको पहुँच अभिवृद्धि गर्ने,
१२. तहगत सरकार, सहकारी, निजी क्षेत्र, समुदाय र नागरिकबीच अर्थपूर्ण समन्वय, साझेदारी र सहकार्य विस्तार गर्ने,
१३. जनमुखी सेवा प्रवाह, कार्यसम्पादन क्षमता र जवाफदेहिता अभिवृद्धि गर्ने,
१४. विपद तथा कोभिड लगायतका संक्रमण नियन्त्रण र व्यवस्थापनलाई प्रभावकारी गराउँदै यसबाट जीविका संकटमा परेकाहरूका लागि राहत, आयआर्जन तथा रोजगारी वृद्धिका अवसरहरू सिर्जना गर्ने,

यस प्रथम योजना अवधिमा प्रमुख रणनीतिले निर्देशित गरेको दिशामा उल्लेखनीय कार्य सम्पन्न भएका छन्। स्वच्छ पोखरा हराभरा पोखरा (Clean Pokhara Green Pokhara) कार्यक्रम संचालन, कार्वन तटस्थता सम्वन्धी रणनीतिक कार्ययोजना तर्जुमा तथा कोइका र युएनडीपीको सहकार्यमा हरित रोजगारी तथा वृताकार अर्थतन्त्र प्रवर्द्धन परियोजना सञ्चालन भएको छ । ग्रिन ट्रान्सपोर्ट परियोजना अन्तर्गत स्मार्टलाइट जडान कार्य सम्पन्न भएको छ । पर्यटन विकास रणनीतिक योजना तर्जुमा कार्य शुरु भएको छ ।भौतिक पूर्वाधार विकासलाई वातावरणमैत्री बनाउन वातावरणीय प्रभाव मूल्यांकन (BES, IEE, EIA) सम्बन्धी कार्यविधि तयार भइ कार्यान्वयन भइरहेको छ ।भवन निर्माण कार्यविधिमा समयानुकुल परिमार्जन गरी व्यवस्थित गरिएको छ । हरित उत्थानशिल तथा समावेशी विकास (GRID) सम्वन्धी अवधारणालाई महानगरपालिकाको योजना तथा बजेट प्रकृयामा आन्तरिकिकरण गर्न ग्रिड चेकलिस्ट (GRID Checklist) तयार गरी कार्यान्वयनको अवस्थामा रहेको छ।

आधुनिक फोहोर प्रशोधन केन्द्र स्थापनाको प्रकृया शुरु भएको छ । शिक्षा क्षेत्रमा सुधारका लागि १७ बुँदे निर्देशिका जारी भइ कार्यान्वयन भएको छ । सबै वडाहरुमा शहरी स्वास्थ्य केन्द्र स्थापना भई सञ्चालनमा आएकको छ । बैकल्पिक चिकित्शा तर्फ तथा योगसाधना अभियान लगायतका कार्यक्रमहरू सञ्चालन गरिएको छ। सेवाग्राहीका गुनासो तथा उजुरीहरुलाई नियमसम्मत संवोधन गर्ने अभ्यासको थालनी भएको छ। सेवाप्रबाहमा एकद्वार प्रणाली स्थापना, राजश्व प्रशासनमा अनलाइन सेवा अन्य विभिन्न सेवा प्रक्रियामा विद्युतीय सूचना प्रविधिको प्रयोग क्रमश बढाउदै लगिएको छ। सार्वजनिक निजी साझेदारी सम्बन्धी कानुन परिमार्जन, निजि क्षेत्रको साझेदारीमा व्यवसाय प्रवर्द्धन केन्द्र स्थापना, गैरआवासीय नेपाली संघ सँगको सहकार्यमा सार्वजनिक शौचालय र झण्डा पार्क निर्माण सम्पन्न भएको छ ।नगर विकास कोष र नेपाल पूर्वाधार बैंक सँगको साझेदारीमा नयाँ पर्यटकीय परियोजनाहरु पहिचान र विकासको काम शुरुआत भएको छ ।

सार्वजनिक नीजी साझेदारीलाई थप प्रभावकारी बनाएर व्यवसायिक वातावरण सुधार तथा लगानी प्रवर्द्धनका लागि व्यवसाय प्रवर्द्धन केन्द्र र सार्वजनिक निजी संवाद मञ्च गठनलाई एक महत्वपूर्ण उपलब्धिका रुपमा लिन सकिन्छ । गुनासो सुनवाइको लागि हेलो मेयर हटलाइन स्थापना, एकद्वार सेवा प्रणाली, उत्कृष्ठ कर्मचारी छनौट तथा पुरष्कृत गर्ने परिपाटीको शुरुआत भएको छ। कर्मचारीका लागि नियमित तालिम तथा अनुभव आदानप्रदान सम्वन्धी अवलोकन भ्रमणको व्यवस्था गरिएको छ । विभिन्न गैसस तथा विकास साझेदारहरुको सहकार्यमा जिविकोपार्जन सुधार कार्यक्रम सञ्चालन, कोभिड विरुद्ध पूर्ण खोप कार्यक्रम, राहत तथा क्षतिपूर्ती वितरण र स्वास्थ्य बीमालाई सघन रुपमा लागु गरिएको छ ।

रणनीतिक स्तम्भका रुपमा रहेर समग्र योजनाको आधारशीलाका रुपमा रहने गरी प्रमुख रणनीति सिमित संख्यामा हुने आवधिक योजनाको अभ्यासलाई अनुसरण गर्नु सान्दर्भिक देखिन्छ ।

## २.५ परिमाणात्मक लक्ष्य र उपलब्धी

राष्ट्रिय तथा प्रदेशको परिमाणात्मक लक्ष्यका आधारमा दीर्घकालीन सोच तथा आवधिक योजनाको समष्टिगत लक्ष्य तथा उद्देश्य मापनको प्रमुख सूचक समावेश गरी विकासको परिमाणात्मक लक्ष्य तय गरिएको छ ।परिमाणात्मक लक्ष्य निर्धारण गर्दा दिगो विकास लक्ष्यका स्थानीय तह सम्बन्धी परिमाणात्मक लक्ष्यसँग तादात्म्यता कायम गरी देहाय अनुसारको परिमाणात्मक लक्ष्य तय गरिएको छ। यद्यपि स्थानीय तहमा सबै दिगो विकास लक्ष्यसँग सम्बन्धित तथ्यांकहरू उपलब्ध नभएको र कतिपय लक्ष्य तथा परिसूचकहरूको सान्दर्भिकता नदेखिएको हुँदा सबै लक्ष्य

र परिसूचकहरूमा महानगरपालिकाको लक्ष्य निर्धारण गर्न सकिएको छैन । यद्यपी प्रथम आवधिक योजना तर्जुमाको वर्षमा १६०५ अमेरिकी डलर रहेको महानगरपालिकाको प्रतिव्यक्ती आय आर्थिक वर्ष २०७९/८० को अन्त्यसम्म १८८० अमेरिकी डलर पुगेको अनुमान छ ।

परिमाणात्मक लक्ष्यमा उल्लिखित सूचकहरू मध्ये व्यावसायिक कृषक, शैक्षिक उपलब्धीस्तर मापदण्ड अनुसार बनेका आवास, बाह्रै महिना सवारी साधन सञ्चालन हुने सडक र सेवाप्रवाहबाट सन्तुष्ट जनसंख्या जस्ता सूचकहरूमा लक्ष्य भन्दा अधिक उपलब्धि हासिल भएको देखिएको छ । पाइपबाट वितरित खानेपानीको सुविधा उपलब्ध घरपरिवार, पारिवारिक आम्दानी, सिर्जित रोजगारी वा स्वरोजगारी, परिवार जस्ता सूचकहरूको लक्ष्य हासिल हुन नसकेको देखिन्छ । अन्य सूचकहरू लक्ष्य हासिलसँग निकट रहेका छन् । कतिपयको क्षेत्रका सूचकहरू, आधार अवस्था र लक्ष्य समेत निर्धारण नभएको देखिन्छ ।

# परिच्छेद तीनः आर्थिक विकास क्षेत्र

पोखरा महानगरपालिकाको पहिलो आवधिक योजनामा स्थानीय अर्थतन्त्रका संवाहक क्षेत्र तथा उप-क्षेत्रहरूमा लगानी र उत्पादकत्व अभिवृद्धि मार्फत हरित, समावेशी र उत्थानशील आर्थिक विकासमा जोड दिइएको छ । समुन्नत पर्यटकीय पोखरा निर्माणका लागि उद्यमशिलता विकास, रोजगार सिर्जना तथा आयआर्जनमा बढोत्तरी ल्याएर नगरबासीको जिवनस्तरमा उल्लेख्य सुधार गर्न सहभागितामूलक आर्थिक विकास हासिल गर्ने गरि आर्थिक विकास क्षेत्रलाई स्थानीय विकासको अग्रणी क्षेत्रको रुपमा अंगिकार गरिएको छ। स्थानीय स्तरमा उपलब्ध उत्पादनका साधन र प्राकृतिक स्रोतहरूको संरक्षण, संवर्द्धन र दिगो व्यवसायीकरणका लागि स्थानीय स्तरमै पुँजी निर्माण गर्ने, उन्नत प्रविधिको विकास र प्राप्तिलाई प्राथमिकतामा राखिएको छ । जनसांख्यिक संरचनामा बहुसंख्यक युवा जनशक्तिलाई उत्पादन र बजारसँग जोड्ने आर्थिक क्रियाकलापहरूको प्रवर्द्धनमा जोड दिईएको छ । यस्ता रणनीतिक कार्यक्रमहरुलाई आगामी दिनहरुमा पनि थप प्रभावकारिता सहित निरन्तरता दिनु उपयुक्त हुनेछ ।

## ३.१ पर्यटन

नेपालकै प्रमुख पर्यटकीय केन्द्रको रुपमा परिचित पोखरा यसको अनुपम प्राकृतिक सौन्दर्य र सांस्कृतिक तथा साहसिक पर्यटनका लागि परिचित छ। पोखरा क्षेत्रमा वर्षेनी लाखौंको संख्यामा आन्तरिक तथा बाह्य पर्यटक आउने गरेका छन्। पर्यटकीय सेवा तथा सुविधाका लागि यस क्षेत्रमा आरामदायी होटल, रिसार्टदेखि सुविधा सम्पन्न वातावरणमैत्री गेस्टहाउसहरुगरी विभिन्न प्रकारका आवास विकल्पहरूको रूपमा रहेका छन्। पोखरा महनगरपालिकको पहिचान, विकास र समृद्धिको प्रमुख अधार पर्यटन नै भएकाले "पोखरा २१०० तथा रणनीतिक योजना"ले तय गरेको दीर्घकालीन सोच ×समुन्नत पर्यटकीय पोखरा" लाई प्रथम आवधिक योजनाले पर्यटनलाई महनगरपालिकाको समग्र विकासको अग्रणी क्षेत्रको रुपमा आत्मसात गरिएको हो।

प्रथम आवधिक योजनाले पोखरालाई एक उत्कृष्ठ (हाई भ्यालु) पर्यटकीय गन्तव्यका रूपमा विकास गरी विश्व मानचित्रमा एक पटक भ्रमण गर्नै पर्ने गन्तव्यका रूपमा स्थापित गर्न आवश्यक योजना तर्जुमा गरी कार्यान्वयन शुरु गरेको छ।त्यसका लागि उच्च स्तरीय पर्यटकीय पूर्वाधार संरचनाहरुको विकास तथा विस्तार, मर्मत सम्भार, प्राकृतिक श्रोतहरु, ताल तथा जैविक विविधता संरक्षणमा जोड तथा राष्ट्रिय, अन्तराष्ट्रिय स्तरमा पर्यटन प्रवर्द्धनका कार्यक्रमहरु निजि क्षेत्रसँगको सहकार्यमा कार्यान्वयन भइरहेका छन ।पोखरालाइ पर्यटकीय राजधानी घोषणाको तयारी तथा कार्बन तटस्थ शहरका रुपमा विश्व बजारमा प्रवर्द्धनको लागि भएका प्रयासहरूलाई समुन्नत

पर्यटकीय पोखरा निर्माणको दीर्घकालिन लक्ष्य हासिल गर्ने दिशामा सान्दर्भिक छन् । प्रथम आवधिक योजनाले पर्यटन क्षेत्रको विकासका लागि लिएका उद्देश्यहरु देहाय बमोजिम रहेका छन्ः

१. पर्यटन व्यवसायलाई प्रवर्द्धन गर्न महानगरपालिकामा कानुनी र संस्थागत संरचना निर्माण तथा आवश्यक योजनाहरू तर्जुमा गरी पर्यटन उद्योगको दिगो र उत्थानशील वृद्धिको मार्गचित्र कोर्नु।
२. बदलिँदो परिवेशअनुसार पर्यटन उद्योगको विकास र विस्तारका लागि आवश्यक भौतिक, सामाजिक र सांस्कृतिक पूर्वाधारहरूको विकास एवम् विस्तार गर्नु।
३. पोखरालाई विश्व पर्यटन गन्तव्यको प्रमुख केन्द्रमध्ये एकका रूपमा विकास गरी स्थानीय स्तरमा आकर्षक रोजगारी तथा आयआर्जनका अवसरहरू विस्तार गर्नु।

उद्देश्य नं. १ प्राप्ति तर्फ हालसम्म महानगरपालिकामा पर्यटन विकास समिति गठन गर्नुका साथै पर्यटन हेर्ने महाशाखा र शाखालाई सक्रीय बनाइएको छ । एशियाली विकास बैंकको सहुलीयतपूर्ण ऋण तथा अनुदान सहयोगमा सञ्चालित हुने शहरी उत्थानशिलता तथा जिविकोपार्जन सुधार आयोजना अन्तर्गत कार्यान्वयन हुने कार्यक्रमहरु पहिचान गर्न सहयोग पुर्याउने उद्देश्यले दिगो पर्यटन विकास कार्ययोजना तर्जुमा गरी कार्यान्वयन शुरु गरिएको छ। त्यसका साथै नगर विकास कोष र नेपाल पूर्वाधार विकास बैंकको सहकार्यमा एकिकृत पर्यटन गुरुयोजना तयारीको चरणमा रहेको छ ।

उद्देश्य नं. २ प्राप्ति तर्फ हालै निर्माण सम्पन्न भई सञ्चालनमा आएको पोखरा अन्तराष्ट्रिय विमानस्थलमा सहायक पूर्वाधार विकास तथा सुधारका काम भएका छन । साथै उक्त विमानस्थलबाट बैदाम लेकसाइटसम्म छोटो र छरितो सडक तथा पुल निर्माणका साथै साविका पूर्वाधार सुधार तथा मर्मत सम्भारका कामहरु भइरहेका छन् । विभिन्न क्षेत्रमा पर्यटकिय पूर्वाधारहरुको विकासका लागि परियोजना पहिचान गरि विस्तृत परियोजना प्रतिवेदनहरुतयार भएका छन्।पोखरा महानगरपालिकालाई नजिकका पर्यटकीय गन्तब्यसँग जोड्ने नयाँ पदमार्गहरुको विकास र पुरानाको मर्मत सम्भारमा छिमेकी गाँउपालिकाहरु सँग सहकार्य शुरु भएको छ । पोखरामा १० प्रमुख तालहरुमध्ये ९ वटा ताललाई जोडेर साईकल मार्ग पहिचान गरी आवश्यक पूर्वाधार विकासको शुरुआत भएको छ ।

त्यसैगरि उद्देश्य नं. ३ प्राप्ति तर्फ पोखरालाइ पर्यटकीय राजधानी घोषणा तथा कार्बन तटस्थ शहरका रुपमा स्थापित गरी विश्व बजारमा पर्यटन प्रवद्धनका लागि प्रयास हुनु, विभन्न साँस्कृतिक मेला, महोत्सव चाडवाडको आयोजना हुनु, टुर गाईड भाषा तालिम सञ्चालन हुनु जस्ता

उपलब्धीहरू भएका छन् ।मित्रराष्ट चीन तथा नेपाल पर्यटन बोर्ड सँगको सहकार्यमा दक्षिण एशियामा नै पहिलो पटक मैत्रीपूर्ण ड्रागन बोट प्रतियोगिता सञ्चालन भएको छ भने अन्तराष्ट्रीय स्तरको माउण्टेन बाइक रेस समेत आयोजना भएको छ । राष्ट्रीय स्तरका खेलकुदहरु आयोजना, होमस्टे प्रवर्द्धन, फेवाताल सरसफाई तथा पर्यापर्यटन प्रवर्द्धनका लागि जनचेतनामुलक कार्यक्रम नियमित रुपमा हुँदै आएका छन्।

## ३.१.१ पर्यटन क्षेत्रका अन्य मुख्य उपलब्धिहरु

- पर्यटन सूचना केन्द्र स्थापना भई संचालनमा आएको ।
- पर्यटन क्षेत्रको विकासलाई मध्यनजर गरि पर्यटक बसपार्क, झण्डा पार्क, स्मार्ट सार्वजनिक शौचालय, शहिद तथा राष्ट्रीय विभुती पार्क र महानगरपालिकाका विभिन्न स्थानमा खुल्ला व्यायामशाला सहितका पार्क जस्ता पुर्वाधारहरु निर्माण गरिएको ।
- पर्यटन विकास सम्बन्धी महाशाखा, शाखा तथा समिति संचालन सम्बन्धी कार्यविधि पारित भई कार्यान्वयनका लागि थप अध्ययन गरिएको ।
- मुख्य पर्यटन पूर्वाधार विकास आयोजनाहरु (कोमागाने पार्क निर्माण, पोखरा प्रवेशद्धार पार्क निर्माण, फेवाताल किनारा पैदल मार्ग निर्माण, फेवा वेगनास कनेक्टिभिटी, पोखरा अन्तराष्ट्रिय विमान स्थल लेकसाइड द्रुतमार्ग निर्माण, सामुदायिक होमस्टे प्रवद्र्धन आदी) लाई उच्च प्राथमिकतामा राखि बजेट विनियोजन गरिएको ।
- विश्व बैंक र एसियाली विकास बैंकको सहयोगमा संचालित आयोजनाहरुमा पर्यटन विकासमा योगदान गर्ने कार्यक्रमलाई उच्च प्राथमिकतामा राखिएको
- पर्यटन विकासको क्षेत्रमा महानगरपालिकाले बेलायती सहयोग नियोग , सम्युक्त राष्ट्र संघीय विकास कार्यक्रम, कोरिया अन्तर्राष्ट्रीय सहयोग संस्था लगायतका विकास साझेदारहरु सँग सहकार्य गरि कार्यक्रमहरु संचालन गरिएको छ ।
- पोखरा अन्तराष्ट्रिय विमानस्थललाई पूर्ण क्षमतामा सञ्चालनका लागि थप सेवा र सहायक पूर्वाधार व्यवस्थापन तथा सहजिकरणमा संघ तथा प्रदेश सरकारसँगको सहकार्यमा काम भइरहेको छ ।
- पोखरालाई पर्यटकिय राजधानी घोषण गर्ने कार्यका लागि महानगर तथा गण्डकी प्रदेश सरकार मिलेर अगाडी बढिरहेको अवस्था छ।

- पोखराको मुख्य पर्यटकीय केन्द्र बैदाम लेकसाइड स्थित रत्नमन्दिरलाई सर्वसाधारणको अवलोकनका लागि खुल्ला गरिनुका साथै बैदाम लेकसाइड क्षेत्रमा सवारी व्यवस्थापन र पैदलिकरणको कार्य शुरु भएको ।

### ३.१.२ मुख्य आयोजना तथा कार्यक्रममा उपलब्धि

| प्रमुख कार्यक्रम तथा आयोजना | एकाई | लक्ष्य | उपलब्धि |
|---|---|---|---|
| नीतिगत तथा संस्थागत संरचना र योजना तर्जुमा | नीति, योजना कार्यक्रम | ५ | ४ |
| पर्यटन प्रवर्द्धनका लागि रैथाने कला, संस्कृतिको संरक्षण तथा संवर्द्धन | कार्यक्रम | १० | १० |
| संघ प्रदेश तथा निजी क्षेत्रसँगको साझेदारीमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगिता र साहित्य सम्मेलन आयोजना | कार्यक्रम | ३० | २० |
| विभिन्न विश्वविद्यालय र अन्तर्राष्ट्रिय संघसंस्थासँगको सहकार्यमा अध्ययन अनुसन्धान, सभासम्मेलन र प्रतियोगिता आयोजना | कार्यक्रम | १० | ५ |
| संघ, प्रदेश, छिमेकी स्थानीय तहहरू र निजी क्षेत्रसँगको सहकार्यमा पर्यटन पूर्वाधार विकास | आयोजना | १० | २ |
| महानगरस्तरीय गौरवका पर्यटन पूर्वाधार आयोजनाहरू विकास | आयोजना | १० | २ |

आवधिक योजना समिक्षा अवधिसम्म महानगरपालिकाले संघ, प्रदेश, छिमेकी स्थानीय तहहरू र निजी क्षेत्रसँगको सहकार्यमा पर्यटन पूर्वाधार विकास गर्ने योजनाहरु राखेता पनि केही सहयकार्यहरु भएका छन् तर ठोस रुपमा एकिकृत सहयकार्य गरि आयोजनाहरु सम्पन्न भएका छैनन् ।यस क्षेत्रमा समावेश भएका अधिकांस कार्यक्रम तथा आयोजनाहरू आंशिक रुपमा सम्पन्न भएका छन् ।आगामी आवधिक योजनामा यस उपक्षेत्रको उद्देश्य, रणनीति तथा कार्यनीतिमा परिमार्जन गरि रणनीतिक कार्यक्रम तथा आयोजनाहरू समावेश गर्नु सान्दर्भिक हुन्छ।

## ३.२ उद्योग, व्यापार तथा व्यवसाय

पोखरा महानगरपालिकाको प्रथम आवधिक योजनामा न्यून कार्बन उत्सर्जन गर्ने वातावरणमैत्री र स्थानीय कच्चा पदार्थमा आधारित उत्पादन तथा प्रशोधन उद्योग व्यवसायको विकासलाई प्राथमिकतामा राखिएको छ । त्यसका लागि महानगरपालिकाले, निजी क्षेत्र, समुदाय र विकास

साझेदारहरूको सहकार्यमा व्यावसायिक वातावरणमा सुधार, उद्यमशीलता विकास र लगानी प्रवर्द्धनलाई प्राथमिकता दिइएको छ । प्रथम आवधिक योजनामा यस उपक्षेत्रका लागि लिइएका उद्देश्यहरु देहाय बमोजिम रहेका छन्:

१. महानगरपालिकाका उद्योग, वाणिज्य तथा आपूर्ति व्यवस्थापनसम्बन्धी नीति नियम तथा रणनीति तयार गरी जिम्मेवार उत्पादन र उपभोग अभ्यास प्रवर्द्धन गर्नु,
२. महानगरपालिका, सहकारी, समुदाय तथा निजी क्षेत्रको सहकार्यमा उद्यमशीलता प्रवर्द्धन र पुँजी निर्माण गरी सूचना प्रविधि र युवामैत्री नमुना उद्योगहरू प्रवर्द्धन गर्नु,
३. पोखराको सामाजिक, सांस्कृतिक र पर्यावरणीय सौन्दर्यलाई प्रतिकूल असर नगर्ने हरित र वृत्ताकार अर्थतन्त्रको प्रवर्द्धन गर्न निजी क्षेत्रलाइ सहजीकरण र प्रोत्साहन गर्नु ।

उल्लेखित उद्देश्यहरु हासिल गर्न योजना अवधिमा विभिन्न कार्यक्रम र क्रियाकलापहरु पहिचान गरी कार्यान्वयन भइरहेको छ । त्यस्ता कार्यक्रमहरुबाट नतिजा समेत देखिन थालेकोले आवधिक योजनाको लक्ष्य प्राप्ति तर्फ उन्मुख रहेको छ। महानगरपालिका र निजिक्षेत्रको सहकार्यमा पोखरामा रोजगारी सिर्जना, उद्यमशिलता विकास र व्यवसाय प्रवर्द्धनका लागि व्यवसाय प्रवर्द्धन केन्द्र (विपिसी) स्थापना गरी सञ्चालनमा ल्याइएको छ।उक्त विपिसी मार्फत वित्तीय साक्षरता, व्यवसायिक योजना विकास, सार्वजनिक नीजी संवाद, पोखरा आइडिया मार्ट लगायतका कार्यक्रमहरु सञ्चालन भइरहेका छन् ।

युएनडिपी सँगको सहकार्यमा लक्षित वर्गका नवउद्यमहरु प्रोत्साहन स्वरुप बिउ पूँजी अनुदान प्रदान गर्ने तथा सहुलियतपूर्ण ब्याजदरमा कर्जा लगानी लगायत विभिन्न सिपमुलुक तथा उद्यमशिलता विकास सम्वन्धी तालिमहरु प्रदान भइरहेका छन् । लक्षित वर्गको जिवनस्तर सुधार तथा महिलाको आर्थिक सशक्तिकरणका लागि गरिबी निवारणका लागि लघु उद्यम कार्यक्रम, उपप्रमुख सँग महिला कार्यक्रम तथा शहरी गरिबी न्यूनिकरण जस्ता कार्यक्रमहरु सञ्चालित छन् ।समग्रमा योजना अवधिमा यस क्षेत्रको लागि तय भएका रणनीति, कार्यनीति तथा कार्यक्रमहरु अपेक्षित उपलब्धिहरु हसिल गर्ने दिशा तर्फ उन्मुख रहेका छन् । तसर्थ आगामी आवधिक योजनामा पनि उपयुक्त स्थान दिएर संवोधन गर्नुपर्ने देखिन्छ ।

### ३.२.१ योजनाका मुख्य उपलब्धिहरु

- व्यावसायिक क्षेत्रको उत्पादन र रोजगारीमा वृद्धि गर्ने अभिप्रायले लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धनात्मक कार्यक्रम संचालन गरिएको ।
- व्यवसाय अनुकुल वातावरण सिर्जना गरि लगानी तथा रोजगार वृद्धि गर्न निजी क्षेत्रको सहकार्यमा व्यवसाय प्रवर्द्धन केन्द्र स्थापना गरी विविध कार्यक्रमहरु संचालनमा रहेको ।

- युवा उद्यमशिलता प्रवर्द्धनको लागि वित्तीय साक्षरता, क्षमता विकास, व्यवसायिक संभाव्यता अध्ययन, सेमिनार, सार्वजनिक नीजी संवाद, पोखरा आइडिया मार्ट जस्ता महत्वपूर्ण कार्यक्रम सम्पन्न गरिएको ।

- युएनडिपी सँगको सहकार्यमा महानगरपालिका भित्र संचालित २४ वटा फर्मलाइ स्टार्टअप प्रोत्साहन अनुदान प्रदान गरेको छ ।

- लक्षित वर्गका स्थानीय साना उद्यमहरुलाइ युवा स्वरोजगार कोष र ग्रिन डेभलपमेन्ट बैङ्कसंगको सहकार्यमा सहुलियत ब्याजदरको कर्जा लगानी लगायत विभिन्न सिपमुलुक तथा उद्यमशिलता विकास सम्वन्धी तालिमहरु प्रदान गर्न सहजिकरण गरिएको ।

- गरिबी निवारणका लागि लघु उद्यम कार्यक्रमको सहकार्यमा ५० जनालाई युवा उद्यमशिलता विकास संवन्धी ७ दिने तालिम प्रदान गरिएको ।

- स्थानीय कच्चा पदार्थमा आधारित प्याकेजिङ र ब्राण्डिङ सम्बन्धी कार्यक्रमका लागि विभिन्न उद्योगहरुलाइ अनुदान प्रदान गरिएको छ ।

## ३.२.२ मुख्य आयोजना तथा कार्यक्रममा उपलब्धि

| प्रमुख कार्यक्रम तथा आयोजना | एकाई | लक्ष्य | उपलब्धि |
|---|---|---|---|
| कानुन, संस्थागत संरचना र सूचना प्रणाली विकास | कार्यक्रम | ३ | ३ |
| दिगो, समावेशी र जिम्मेवार उत्पादन, वितरण र उपभोग अभ्यास प्रवर्द्धन | कार्यक्रम | १० | ६ |
| महानगरपालिकाको नेतृत्वमा पूर्वाधार विकास निगम स्थापना गरी उद्योग क्षेत्रमा लगानी प्रवर्द्धन | निगम र उद्योग संख्या | २६ | 0 |
| निजी क्षेत्रसँगको सहकार्यमा हरित र वृत्ताकार अर्थतन्त्रको प्रवर्द्धन | कार्यक्रम | १० | ५ |
| निजी क्षेत्र, सहकारी तथा गैर सरकारी संघसंस्थाको सहकार्यमा सूचना प्रविधि र युवामैत्री नवउद्यम प्रवर्द्धन | कार्यक्रम | १० | ५ |

आगामी आवधिक योजनामा उद्यमशिलता विकास तथा व्यवसाय प्रवर्द्धनका लागि निजी क्षेत्रसँगको सहकार्यलाई थप प्रभावकारी बनाउँदै हरित र वृत्ताकार अर्थतन्त्रमा जोड दिनुपर्ने देखिएको छ । सूचना तथा सञ्चार प्रविधि र युवामैत्री नवउद्यम प्रवर्द्धन जस्ता कार्यक्रमलाइ नियमित रुपमा अझै व्यापक बनाएर लैजानुपर्ने अहिलेको आवश्यकता हो। महानगरपालिकाको नेतृत्वमा पूर्वाधार विकास निगम स्थापना गरी उद्योग क्षेत्रमा लगानी प्रवर्द्धन गर्ने कार्यक्रम

महत्वाकांक्षी र अशान्दर्भिक रहेकोले हालसम्म कुनै उपलब्धी हुन नसकेको पाइएकोले यस सम्बन्धमा थप अध्ययन र बहस गरि संवोधन गर्नुपर्ने देखिएको छ।

## ३.३ बैंक, वित्त तथा सहकारी

पोखरा महानगरपालिका क्षेत्रमा बैंक तथा वित्तीय संस्थाहरूको उपस्थिति बाक्लै भएकोले सरदर प्रति १३९० जनसंख्या बराबर एक बैंक तथा वित्तीय संस्थाको शाखा रहेको देखिन्छ। त्यसैगरी बीमा कम्पनी र सरकारीहरुको उपस्थिती पनि उल्लेख्य रहेकोले पोखरा महानगरपालिका क्षेत्रमा वित्तीय पहुँचको अवस्था सन्ताशजनक नै रहेको छ । यद्यपी सहज वित्तीय पहुँचबाट बञ्चित धितो राख्ने सम्पत्ती नभएका गरिब तथा विपन्न परिवार र घरेलु तथा साना उद्यम व्यवसायहरुको संख्या प्रशस्तै छ । तसर्थ पोखरा महानगरपालिकाको प्रथम आवधिक योजनाले सर्वसुलभ वित्तीय पहुँच विस्तारलाई प्राथमिकतामा राखेर वित्तीय साक्षरता, सर्वसुलभ वित्तीय पहुँच विस्तार र स्थानीय पुँजी निर्माणमा योगदान गर्ने लक्ष्य लिएको छ ।

यस योजना कार्यान्वयन अवधिमा सञ्चालित कार्यक्रम तथा क्रियाकलापहरु र हालसम्म हासिल नतिजाले महानगरपालिका निर्दिश्ट लक्ष्य प्राप्ति तर्फ उन्मुख रहेको देखिन्छ। आवधिक योजनाले लिएका लक्ष्य तथा सोको प्राप्तीका लागि अवलम्वन गरिएका रणनीतिहरु आगामी दिनमा पनि सान्दर्भिक नै रहेको पाइएकोले दोश्रो आवधिक योजनामा समेत निरन्तरतायोग्य छन्। प्रथम आवधिक योजनाले लिएका यस उप क्षेत्रका उद्देश्यहरु देहाय बमोजिम रहेका छन्ः

१. संघीय सरकार र नेपाल राष्ट्र बैंकले प्रवद्र्धन गरेका सहुलियतपूर्ण कर्जा सुविधा र ब्याजदर अनुदानका कार्याक्रहरूको प्रभावकारी कार्यान्वयनमा सहयोग र सहजीकरण गर्नु ।
२. स्थानीय सहकारीहरूको उचित संवद्र्धन, नियमन, व्यवस्थापन र क्षमता विकासका माध्यमबाट वित्तीय साक्षरता, पुँजी निर्माण र उद्यमशीलता विकासमा सहयोग गर्नु ।

उल्लेखित उद्देश्यहरू प्राप्तिको दिशामा महानगरपालिकाले एक सहकारी एक उत्पादन, वित्तीय साक्षरता, सहकारीहरूका लागि क्षमता विकास सम्बन्धी विभिन्न तालिम सञ्चालन भएका छन् । त्यसैगरी, महानगरपालिका र युवा स्वरोजगार कोषको संयुक्त लगानीमा लक्षित वर्गका स्थानीय साना उद्यमहरुलाइ सहुलियत ब्याजदरको कर्जा लगानी शुरु गरिएको छ । वित्तीय स्रोत परिचालनका विषयमा वित्तीय साक्षरतालगायत विभिन्न सिपमुलुक तथा उद्यमशिलता विकास सम्वन्धी तालिम कार्यक्रमहरू संचालन भएका छन् । साथै सहकारी ऐन र नियमावलीमापरिमार्जन तथा सहकारी दर्ता तथा व्यवस्थापन मापदण्ड तर्जुमा गरि कार्यान्वयनमा ल्याइएको छ।

## ३.३.१ योजनाका मुख्य उपलब्धिहरु

- सहकारी ऐन, नियमावली तथा सहकारी दर्ता तथा व्यवस्थापन मापदण्ड तर्जुमा भई कार्यान्वयनमा रहेको ।
- सहकारीहरूका क्षमता विकास सम्बन्धी १५ वटा तालिम कार्यक्रम संचालन भएका ।
- महानगरपालिका र युवा स्वरोजगार कोषको संयुक्त लगानीमा लक्षित वर्गका स्थानीय साना उद्यमहरुलाई कामना विभिन्न बैङ्कहरूको सहकार्यमा सहुलियत ब्याजदरको कर्जा लगानी लगायत विभिन्न सिपमुलुक तथा उद्यमशिलता विकास सम्वन्धी तालिम कार्यक्रमहरू संचालन भएको ।
- एक सहकारी एक उत्पादन कार्यक्रम अन्तर्गत ४१ सहकारीसंग सहकार्य गरिएको
- सहकारी सूचना प्रणाली (कोपोमिस) मा ५१ सहकारीहरुलाइ आवद्ध गरिएको ।
- सहकारी समिति र महानगरपालिकाद्वारा सहकारी संस्थाहरुको सघन अनुगमन भएको ।
- पछिल्लो समय सहकारी क्षेत्रमा देखिएका समस्या र समाधानका उपायका विषयमा जनचेतना अभिवृद्धी गर्न विभिन्न अन्तरक्रिया कार्यक्रमहरु सम्पन्न भएको ।

**परिमाणात्मक उपलब्धिहरु**

| परिणामात्मक लक्ष्य तथा सूचक | एकाई | २०१५ को अवस्था | २०२३ को | |
|---|---|---|---|---|
| | | | लक्ष्य | उपलब्धि |
| वित्तीय सेवामा पहुँच | प्रतिशत | ६० | ९० | ८४ |
| सहकारीमा पहुँच (३० मिनेटको पदैल दूरीमा घरपरिवारहरू) | प्रतिशत | ५० | ८० | ६० |
| सहकारी क्षेत्रको नेतृत्वमा महिला सहभागिता | प्रतिशत | ५५ | ६५ | ६० |

## ३.३.२ मुख्य आयोजना तथा कार्यक्रममा उपलब्धि

| प्रमुख कार्यक्रम तथा आयोजना | एकाई | लक्ष्य | उपलब्धि |
|---|---|---|---|
| महानगर, सहकारी र समुदायको सहकार्यमा उत्पादनमूलक उद्योग प्रवर्द्धन, | उद्यम | १० | ४१ |
| कृषि तथा उत्पादनमूलक क्षेत्रका सहकारीहरूको क्षमता विकास कार्यक्रम, | पटक | १५ | १५ |
| संघ तथा प्रदेश सरकारका सहुलियतपूर्ण योजनाको पहुँच विस्तारका लागि सहजीकरण, | पटक | १० | ५ |
| बैंक वित्तीय संस्था र सहकारीसँगको सहकार्यमा विपन्न तथा सीमान्तकृत समुदायमा वित्तीय साक्षरता अभिवृद्धि कार्यक्रम | पटक | १५ | १० |
| नीतिगत तथा संस्थागत सबलीकरण र सुधार कार्यक्रम | वटा | ५ | ३ |

यस उप-क्षेत्र अन्तरगत निर्धारण गरिएका प्रमुख कार्यक्रम तथा अयोजनाहरूको प्रगति शन्तोषजनक रहेकोले आगामी आवधिक योजनामा पनि सान्दर्भिक हुने देखिएको छ ।

## ३.४ कृषि तथा खाद्य सुरक्षा

महानगरपालिकाका अधिकांश वडाहरूमा तिव्र शहरीकरण भए पनि अधिकांश वडाहरूमा कृषिजन्य उत्पादनका लागि उपयुक्त भूमीको प्रयाप्तता रहेको छ। कृषि भूमीमा कमी आए पिन निर्वाहमुखी कृषि क्षेत्र क्रमशः प्रतिष्पर्धात्मक तथा व्यावसायिक बन्दै जाँदा महानगरपालिकामा खाद्य सुरक्षाको अवस्था शन्तोषजनक नै रहेको छ । २०८० असार मसान्तसम्म महानगरपालिकामा दर्ता भएका व्यवसायिक कृषकको संख्या २०२४ पुगेको छ भने दर्तावाला कृषि फार्म ८१८ पुगेका छन् । कुल कृषियोग्य भूमिमध्ये ९२ प्रतिशतमा खेति गरिएको छ छ भने वार्षिक प्रतिव्यक्ति खाद्यान्न उत्पादन १७५ के.जी. रहेको छ । खाद्यान्न बालिको औसत उत्पादकत्व प्रति हेक्टर ३.६ मे टन रहेको महानगरपालिकामा वार्षिक ५३ हजार ५०० मे टन तरकारी उत्पादन पुगेको छ ।

पहिलो आवधिक योजनाले कृषिमा आधुनिक प्रविधिको उपयोग विस्तार, भूमिको वैज्ञानिक व्यवस्थापनमार्फत् व्यावसायिक र योजनावद्ध उत्पादन प्रणाली प्रवर्द्धन गरी उत्पादकत्व वृद्धि गर्ने लक्ष्य लिएको छ । यस क्षेत्रलाई नाफामूलक उद्यमका रूपमा स्थापित गर्दै संस्थागत लगानी आकर्षित गरी आयआर्जन र रोजगारीका अवसरहरू वृद्धि गर्ने वातावरण बनाउन सहयोग गर्ने दिसामा योजनाका क्रियाकलापहरु परिलक्षित रहेका छन् । समिक्षा अवधिमा हासिल भएको नतिजाले यस योजनाउक्त लक्ष्यहरु प्राप्ति गर्नेतर्फ सफलता उन्मुख रहेको देखिन्छ।कृषि क्षेत्रको हकमा प्रथम आवधिक योजनाले लिएको  लक्ष्य तथा रणनीतिहरु आगामी योजनाका लागि समेत सान्दर्भिक नै देखिएका छन्। प्रथम आवधिक योजनाले लिएका यस उप क्षेत्रका उद्देश्यहरु देहाय बमोजिम रहेका छन्:

१. असंगठित किसानहरूलाई वर्गीकरण र संगठित गरी बहुउद्देश्यीय संस्थाहरूको विकासमार्फत् कृषिको व्यवसायीकरण गर्दै कृषि उद्यमहरूको प्रवर्द्धन गर्नु,
२. कृषि सामग्रीको सहज उपलब्धतादेखि उत्पादित वस्तुको बजारीकरण र उपभोगसम्मका सबै अवयवहरूको सबलीकरण गरी सुदृढ मूल्य शृंखलासहितको समावेशी र उत्थानशील कृषि बजार प्रणालीको विकास गर्नु,
३. कृषक, कृषि सहकारी र समुदायको क्षमता अभिवृद्धि गरी उच्च मूल्य प्रजातिका कृषि उपजहरूको व्यावसायिक खेती प्रवर्द्धन गरेर कृषिलाई पर्यटन उद्योगसँग जोड्नु ।

उल्लेखित उद्देश्यहरुको शन्दर्भमा व्यावसायिक कृषक तथा  कृषि फार्मको संख्यामा भएको सुधारले उपलब्धी शन्तोषजनक रहेको तथ्य प्रस्तुत गर्दछ ।  त्यसैगरि, व्यवसायीक कृषि फार्मसँगै उत्पादकत्व वृद्धी, खेति प्रणालीमा यान्त्रिकिकरण र प्रविधिको उपयोग, कृषि सहकारी र

समूहको क्षमता अभिवृद्धिका कार्यक्रम संचालन देखि कृषि उपज संकलन तथा बिक्री केन्द्र निर्माण, अनलाइन बजार प्रणाली तथा कृषि एम्बुलेन्स सञ्चालनलाई यस उपक्षेत्रका प्रमुख उपलब्धीहरु मान्न सकिन्छ ।

## ३.४.१ योजनाका मुख्य उपलब्धिहरु

- कृषिको यान्त्रिकीकरण र व्यवसायिकरणका लागि कृषकहरुलाइ मिनिटिलर, कम्बाइन्ड मिल, थ्रेसर, घाँस काटने मेसिन जस्ता उपकरणमा अनुदान प्रदान गरिएको।
- लागत साझेदारीमा विभिन्न मल बिउ लगायतका कृषी सामाग्रीहरू वितरण गरिएको ।
- स्थानीय कृषि उपजको बजार सुनिस्चित गर्न न्युनतम समर्थन मुल्य निर्धारण गरि बजार मूल्य न्यून भएको अवस्थामा क्षतिपूर्ती भुक्तानी दिने प्रणाली शुरुअत गरिएको ।
- वडातहमा कृषि उपज संकलन तथा बिक्री केन्द्रहरुको संख्या वृद्धि गरि २२ पुगेको ।
- कृषि बजार पूर्वाधार विकास कार्यक्रम अन्तरगत लागत साझेदारीमा नीजिक्षेत्रका पसल मार्ट र स्टोरहरुसंग सहकार्य गरिएको।
- महानगरपालिकामा कृषि उपजको नमूना वजारिकरणका लागि अनलाइन बजार प्रणाली विकास तथा कृषि एम्बुलेन्स संचालनमा ल्याइएको ।
- महनगरपालिका भित्रका उत्कृष्ट कृषकहरुलाइ सम्मान गरिएको
- रैथाने जातका मकै, धान, गहुँ, तोरी, सूर्यमुखी, उखु, उवा, कोदो, कागुनो जस्ता वालिहरूको प्रवर्द्धका लागि बिउ, प्रांगारिक मल र रासायनिक मलमा अनुदान प्रदान गर्नुका साथै आईपीएम पाठशाला नियमित रुपमा सञ्चालन गरिएको ।
- २० वटा वडामा एक वडा एक उत्पादन कार्यक्रम सञ्चालन गरिएको ।
- फलफुल खेती प्रवर्द्धनका लागि एक घर एक विरुवा अभियान अन्तर्गत कूल २४००० फलफुलका विरुवा वितरण गरिएको ।
- सुन्तला कृषकहरुलाइ किसान डिजिटल कार्ड उपलब्ध गराई नियमित रुपमा सल्लाह सुझाव र प्राविधिक सहयोग उपलब्ध गराइएको ।
- कौशीखेतिलाइ अभियानका रुपमा संचालन गरिएको ।

**परिमाणात्मक उपलब्धिहरु**

| परिणामात्मक लक्ष्य तथा सूचक | एकाई | २०१५ को अवस्था | २०२३ को लक्ष्य | २०२३ को उपलब्धि |
|---|---|---|---|---|
| प्रतिव्यक्ति खाद्यान्न उत्पादन | केजी | १७० | २०० | १७५ |
| आफनो आयको दुई तिहाइभन्दा वढी खानामा खर्च गर्ने जनसंख्याको | प्रतिशत | ३० | १४ | २२ |
| सानास्तरका खाद्य उत्पादकहरूको औसत आय | रु | ८०००० | १००००० | ९५००० |
| कुल खेतीयोग्य भूमिमध्ये वर्षैभर सिँचाइ | प्रतिशत | ५२ | ६० | ६२ |

| परिणामात्मक लक्ष्य तथा सूचक | एकाई | २०१५ को अवस्था | २०२३ को | |
|---|---|---|---|---|
| | | | लक्ष्य | उपलब्धि |
| सुविधा पुगेको भूमि | | | | |
| कुल कृषिभूमिमध्ये बाली लगाइएको भूमि | प्रतिशत | ९० | ८५ | ९२ |

### ३.४.२ मुख्य आयोजना तथा कार्यक्रममा उपलब्धि

| प्रमुख कार्यक्रम तथा आयोजना | एकाई | योजनाको लक्ष्य | योजनाको उपलब्धि |
|---|---|---|---|
| नीतिगत, कानुनी तथा संस्थागत संरचना र सूचना प्रणाली विकास | – | ५ | ५ |
| अध्ययन अनुसन्धान, प्रोफाइल, व्यावसायिक योजना तर्जुमा तथा प्याटेन्ट दर्ता कार्य | – | १० | ७ |
| मूल्य शृंखला सबलीकरण कार्यक्रम | मूल्य शृंखला | २५ | १० |
| मल बीउ तथा कृषि सामग्रीमा अनुदान कार्यक्रम | लाभग्राही | १००० | १००० |
| कृषि पूर्वाधार विकास कार्यक्रम | पूर्वाधार आयोजना | २० | १० |
| रैथाने बालीहरूको संरक्षण तथा संवद्र्धन | बाली | ५ | ५ |

पहिलो आवधिक योजनामा महानगरपालिकाले तय गरेका कृषि तथा खाद्य सुरक्षा सम्बन्धी अधिकांस कार्यक्रमहरूमा केहीमा पूर्ण नभए पनि उत्कृष्ठ उपलब्धी हासिल भएको देखिन्छ। आगामी आवधिक योजनाका लागि पनि उल्लेखित कार्यक्रमहरू सान्दर्भिक नै रहेता पनि व्यावसायिक योजना तर्जुमा तथा प्याटेन्ट दर्ता कार्यलाई पनि समेट्नु उपयुक्त देखिएको छ ।

## ३.५ सिंचाई

पोखरा महानगरपालिकामा कुल कृषियोग्य भूमिमध्ये करिब ६२ प्रतिशत क्षेत्रमा बाह्रै महिना नियमित सिंचाई सुबिधाको पहुँच रहेको छ । हाल थोपा सिंचाई लगायतको आधुनिक प्रविधिको उपयोगमा विस्तार हुँदै गएको छ भने विद्युतको उपयोग गरेर लिफ्ट सिंचाईको सम्भावना समेत विस्तार हुँदै गएको छ।

महानगरपालिकाको पहिलो आवधिक योजनाले जलाधार तथा सिँचाइ प्रणालीहरूको संरक्षण, संवर्द्धन, व्यवस्थापन गर्दै महागर र समुदायको साझेदारीमा अधिकतम प्रतिफल दिने परियोजना निर्माण गरी सिँचाइको उपलब्धता वृद्धि गरी कृषिको उत्पादकत्व वृद्धि गर्ने लक्ष्य लिएको छ ।

योजना अवधिमा सञ्चालन भएका क्रियाकलापहरु तथा यस अवधिमा हासिल भएको नतिजा विश्लेषणगर्दा जलाधार तथा सिँचाइ प्रणालीहरूको संरक्षण, संवर्द्धन  तथा व्यवस्थापनमा प्रगती देखिने गरी ठोस कार्य हुन नसकेको देखिएको छ । यसर्थ आगामी आवधिक योजनामा पनि यिनै कार्यक्रम तथा गतिविधहरुलाई निरन्तरता दिएर कार्यान्वयन पक्षमा विशेष जोड दिनुपर्नेदेखिएको छ । प्रथम आवधिक योजनाले लिएका यस उप क्षेत्रका उद्देश्यहरु देहाय बमोजिम रहेका छन्:

१. महानगरपालिका क्षेत्रमा सञ्चालनमा रहेका नहर तथा सिँचाइ प्रणालीहरूको समुचित संरक्षण, संवद्र्धन र व्यवस्थापन गरेर दिगो तथा लाभदायी उपयोग गर्ने ।
२. प्रविधिमा आधारित नयाँ आयोजनाहरूको विकास सिँचाइ सुविधा नपुगेका ग्रामीण तथा पहाडी क्षेत्रमा सर्वसुलभ सिँचाइ सुनिश्चित गर्ने ।

पहिलो आवधिक योजना समिक्षा अवधिसम्म महानगर क्षेत्रमा साना ठुला गरि कुल सिंचाई प्रणालीको संख्या ४८ पुगेको छ । महानगरद्वारा सञ्चालित एक वडा एक सिंचाई कार्यक्रम अन्तरगत निर्माण भएका नयाँ कुला, पुराना कुला मर्मतका कार्यहरु निरन्तर भइरहेका छन । यसै योजना अवधीमा महानगरपालिकाले सिंचाई प्रणालीको विषयमा नयाँ अध्ययन तथा लिफ्ट सिँचाइ आयोजनाको सम्भाव्यता अध्ययन सम्पन्न गरेको छ । यसबाट योजनाका उद्देश्यहरु प्राप्तिका लागि नियमित कार्य र लिफ्ट सिंचाईका लागि प्रारम्भिक तयारी भएको छ । आगामी आवधिक योजनामा यिनै उद्देश्यहरुलाई अत्मसाथ गरि व्यवहारिक रणनीति तथा कार्यनीति र कार्यक्रममा तालमेल कायम गर्नु उपयुक्त हुन्छ ।

### ३.५.१ योजनाका मुख्य उपलब्धिहरु

- कुल खेतीयोग्य भूमिमध्ये सिंचाई सुबिधा उपलब्ध भूमिको अनुपात करिब ८० प्रतिशत पुगेको ।
- कृषि पूर्वाधार विकास कार्यक्रम अन्तर्गत सिंचाइ कुलो निर्माण भई सिंचाई सूचारु आयेजनाको संख्या ४८ वटा पुगेको ।
- थोपा सिंचाई प्रविधि विस्तारका लागि कृषकहरूलाई थोपा सिचांई सेट वितरण गरिएको ।
- एक वडा एक सिचाइ कार्यक्रम अन्तरगत सिचाइ योजना निर्माण, पुरानो कुलो मर्मत तथा प्लास्टिक पोखरी निर्माणका प्लास्टिक वितरण गरिएको ।
- महानगरको सिंचाई सम्बन्धी अध्ययन भई प्रतिवेदन तयार भएको ।
- एउटा लिफ्ट सिँचाइ आयोजना सम्भाव्यता अध्ययन भई थप कार्यका लागि प्रक्रिया अगाडी बढेको ।

### ३.५.२ मुख्य आयोजना तथा कार्यक्रममा उपलब्धि

| प्रमुख कार्यक्रम तथा आयोजना | एकाई | लक्ष्य | उपलब्धि |
|---|---|---|---|
| नीतिगत तथा संस्थागत सुधार र अध्ययन अनुसन्धान तथा प्रोफाइल तयार | – | ५ | २ |
| लिफ्ट सिँचाइ आयोजनाहरूको पहिचान (केही) र एकको सम्भाव्यता तथा विस्तृत अध्ययन | आयोजना | १ | १ |
| लिफ्ट सिँचाइ आयोजना निर्माण सुरु | आयोजना | १ | |
| सामुदायिक सिँचाइका लागि प्राविधिक सहायता र क्षमता विकास कार्यक्रम | कार्यक्रम | १० | ४ |
| लागत साझेदारीमा साना तथा मझौला सिँचाइ आयोजना विकास (मर्मत समेत) कार्यक्रम | आयोजना | ५ | ४ |
| भइरहेका आयोजनाहरूको संरक्षण र संवद्र्धन | आयोजना | ५ | ५ |
| गुरुयोजना र रणनीतिहरू तर्जुमा र कार्यान्वयन | बाली | २ | ० |

महानगरपालिकामा भइरहेका सिंचाई आयोजनाहरूको संरक्षण र संवर्द्धन तथा नयाँ आयोजना विकास जस्ता कार्यक्रमहरुलाई वार्षिक बजेट तथा कार्यक्रममा समावेश गरि नियमित रुपमा कार्यान्वयन गर्ने र लिफ्ट प्रविधमा आधारित ठुला आयोजनाहरुलाई आगामी आवधिक योजनामा समावेश गर्नु पर्ने देखिएको छ ।

## ३.६ पशुपन्छी विकास

पोखरा महानगरपालिकामा सहरको मुख्य केन्द्रबाट टाढा रहेका वडाहरुमा पशुपालन क्षेत्र निम्न तथा मध्यम आय भएका सिमान्तिकृत समुदायको जीविकोपार्जन तथा आयआर्जनको मुख्य आधारको रुपमा रहेको छ । हाल महानगरपालिका क्षेत्रमा वार्षिक दुध तथा मासुको उत्पादन क्रमशः ३१३५० तथा ६४०० मे. टन रहेको छ त्यसैगरि अण्डाको उत्पादन वार्षिक करिब ७ करोड वटा रहेको छ ।

प्रथम आवधिक योजनाले कृषक समूह, सहकारी तथा कम्पनीको सहभागितामा पशुपालनलाई व्यावसायिक बनाउन उपयुक्त नीति तथा कार्यक्रम सञ्चालन गरी अनुकूल वातावरण निर्माण गरि महानगरपालिकालाई पशुजन्य उत्पादनमा आत्मनिर्भर बनाउने लक्ष्य लिएको छ । महानगरपालिकालाई पशुजन्य उत्पादनमा आत्मनिर्भर बनाउने विषयमा संतोषजनक प्रगती हासिल भए पनि यसलाई आगामी आवधिक योजनामा पनि प्राथमिकता दिनु सान्दर्भिक देखिन्छ।प्रथम आवधिक योजनाले लिएका यस उप क्षेत्रका उद्देश्यहरु देहाय बमोजिम रहेका छन्:

१. पशुपालनलाई मर्यादित र सम्मानजनक पेसा र नाफमूलक व्यवसायका रूपमा स्थापित गर्न महानगर, कृषक समूह, कृषि सहकारी र व्यवसायीको क्षमता विकास गर्ने ।

२. ठूलो स्तरमा व्यवसायिक एवम् व्यवस्थित पशुपालनका लागि महानगरपालिकाभित्र सम्पूर्ण पूर्वाधारसहितका पकेट क्षेत्रहरूको विकास गर्ने ।
३. पशुपालन क्षेत्रका मूल्य शृंखलाहरू सबलीकरण गरी रोजगारी र आयआर्जनको अवसर विस्तार गर्ने ।

## ३.६.१ योजनाका मुख्य उपलब्धिहरु

- कृषि यान्त्रिकीकरण अन्तर्गत कृषकहरुलाइ घाँस काटने मेसिन तथा लागत साझेदारीमा मौरीघार वितरण गरिएको ।
- पशुपालक कृषकहरुलाइ प्रोत्सानका लागि पाडी बाच्छी हुर्काउने, पराल खरिद, व्यवसायिक फर्म सुदृढिकरण, सघन घाँस खेती विकास, कुखुरा चल्ला खरिद तथा ढुवानीमा सहयोग र रेविज विरुद्धका खोप कार्यक्रम नियमित संचालन भइरहेको। जसबाट ६८५ जना पशुपालक प्रतक्ष्य लाभान्वित भएका छन् ।
- नेपालमै पहिलो पटक ७४ जना मासु व्यवसायीलाइ एउटै किसिमका वोर्ड तथा जैविक सुरक्षा सामाग्री वितरण गरी स्वच्छ र सुरक्षित मासु विक्रीको अभियान चलाइएको ।
- अति विपन्न र अपांगता भएका व्यक्तिहरुलाइ बाख्रा खरिद, कृत्रिम गर्भाधान, कुकुर दर्ता शिविर, पशु स्वास्थ्य शिविर, कृषि मेला तथा प्रदर्शनी, सामुदायिक कुकुरहरुको बन्ध्याकरण, पशुजन्य व्यवस्थापनका लागि गुणस्तर मापन स्टिकर वितरण र विषयगत तालिमहरु संचालन लगायतका कार्यहरु सम्पन्न भएका।
- एक वडा एक उत्पादन कार्यक्रम अन्तरगत ४ वटा वडामा मौरी पालन कार्यक्रम सम्पन्न।

## ३.६.२ मुख्य आयोजना तथा कार्यक्रममा उपलब्धि

| प्रमुख कार्यक्रम तथा आयोजना | एकाई | लक्ष्य | उपलब्धि |
|---|---|---|---|
| नीतिगत, कानुनी तथा संस्थागत संरचना र सूचना प्रणाली विकास | — | ५ | ४ |
| अध्ययन अनुसन्धान, प्रोफाइल तथा व्यावसायिक योजना तर्जुमा र रैथाने प्रजाति संरक्षण र संवद्र्धन कार्य | — | ५ | ५ |
| मूल्य शृंखला सबलीकरण कार्यक्रम | मूल्य शृंखला | ५ | ३ |
| लागत साझेदारी तथा कृषि सामग्रीमा सहुलियत र अनुदान कार्यक्रम | लाभग्राही | १००० | १००० |
| पकेट क्षेत्र तथा पूर्वाधार विकास कार्यक्रम | आयोजना | ५ | २ |

## ३.७ श्रम, रोजगारी तथा गरिबी निवारण

महानगरपालिकाको कुल जनसंख्या ५ लाख १३ हजार ५०४ मध्ये १० वर्षभन्दा बढि उमेर समूहको जनसंख्या ८६ प्रतिशत (४४१६०१) रहेकोमा त्यसको ५६.६ (२४९९९०) आर्थिक रुपमा सक्रीय रहेको राष्ट्रिय जनगणना २०७८ को तथ्यांकले देखाएको छ ।काम गर्न सक्ने उमेर १० वर्षभन्दा माथिका जनसंख्यामा वेरोजगारको अनुपात ४ प्रतिशत रहँदा स्वेच्छिक वेरोजगारको अनुपात १५ प्रतिशत रहेको छ ।यस क्षेत्रको युवा श्रमशक्तिको ठूलो हिस्सा अध्ययन र बैदेशिक रोजगारीमा रहेको छ ।महानगरपालिकामा रोजगारीका प्रमुख क्षेत्रहरुमा पर्यटन तथा आतिथ्य सेवा उद्योग, निर्माण क्षेत्र, उद्योग तथा  सूचना तथा सञ्चार प्रविधि र कृषि तथा पशुपालन रहेका छन् । सबैभन्दा बढी रोजगारी उपलब्ध गराएका क्षेत्रमा पर्यटन तथा आतिथ्य सेवा र कृषि तथा पशुपालन क्षेत्र रहेको तथ्यांकले देखाउँछ ।

प्रथम आवधिक योजनाले समावेशी तथा विविधिकृत स्थानीय आर्थिक विकास र गरिबी निवारणको लागि श्रम बजारलाई सन्तुलित र व्यवस्थित गर्दै लैजाने रणनीति लिएको छ । महिला, किशोरी, अपांगता भएका व्यक्तिका साथै समाजका सीमान्तकृत समूहको उत्पादकत्व र कार्यदक्षता, मर्यादित रोजगारी सिर्जना र गरिबी न्यूनीकरणमा योगदान पहिलो आवधिक योजनाले लिएको लक्ष्य हो । ।प्रथम आवधिक योजनाले लिएका यस उप क्षेत्रका उद्देश्यहरु देहाय बमोजिम रहेका छन्:

१. श्रम बजारलाई दिगो, समावेशी र मर्यादित बनाउँदै युवा जनशक्तिलाई बजार मागअनुरूपका सीपमा आधारभूत तालिम र क्षमता विकास (बुस्टर) कार्यक्रममार्फत् स्थानीय श्रमबजारमा सहभागी हुने अनुकूल वातावरण निर्माण गर्ने ।
२. संघ प्रदेश र निजी क्षेत्रसँगको सहकार्यमा स्थानीय श्रम बजारका लागि आवश्यक, पेसा, सीप, दक्षताको विषयमा गहन अध्ययन गरी कामदारको माग र आपूर्तिको प्रोफाइल तयार गरी श्रम बजारलाई व्यवस्थित गर्ने ।

आवधिक योजना कार्यान्वयन अवधिमा महानगरपालिकाले संचालन गरेको स्वरोजगार प्रवद्र्धन कार्यक्रम, सुरक्षित आप्रावसान कार्यक्रम, प्रधानमन्त्री रोजगार कार्यक्रम तथा व्यवसाय प्रवर्द्धन केन्द्रले संचालन गरेका कार्यक्रमहरूबाट प्रत्यक्ष रुपमा ५००० भन्दा बढी जनशक्ति लाभान्वित भएका छन् । विभिन्न क्षेत्रका श्रमिकहरूको क्षमता तथा सीप बृद्धी गरि रोजगारीमा सहजिकरणका लागि अनलाइन सूचना प्रणाली (रोजगार एप) विकास गरी सञ्चालनमा ल्याइएको छ जसमा हालसम्म ८८१ जनाको विस्तृत विवरणसहित सूची तयार भएको छ । यसर्थ महानगरपालिका पहिलो आवधिक योजनाका लक्ष्य तथा उद्देश्यहरू प्राप्तितर्फ उन्मुख रहेको देखिएता पनि उत्साहप्रद उपलब्धी हासिल हुन सकेको छैन । तथापी पहिलो आवधिक योजनामा

तय गरिएको लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति दोस्रो आवधिक योजनाका लागि समेत सान्दर्भिक हुने देखिन्छ।

## ३.७.१ योजनाका मुख्य उपलब्धिहरु

- स्थानीय स्रोत साधनमा आधारित उद्योग व्यवसायमा रोजगारी वृद्धि गर्न स्वरोजगार प्रवद्र्धन कार्यक्रम संचालन भएको ।
- सुरक्षित आप्रावसान कार्यक्रम अन्तर्गत् १८० जनालाई तालिम प्रदान गरिएको ।
- रोजगारदाताका संघ संस्थाको सहकार्यमा पोखरामा कार्यरत ८८१ जना श्रमिकहरूको विस्तृत विवरणसहित सूची तयार गरिएको ।
- बेरोजगारलाई मौसमी रोजगार प्रदान गर्न प्रधानमन्त्री रोजगार कार्यक्रमलाई प्राथमिकताका साथ संचालन गरिएको ।
- व्यावसायिक क्षेत्रको उत्पादन र रोजगारीमा वृद्धि गर्ने अभिप्रायले लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धनात्मक कार्यक्रम संचालन गरिएको ।
- व्यवसाय प्रवर्द्धनबाट विभिन्न विषयमा व्यवसायिक तथा सीपविकास तालिम प्रदान भइरहेको ।
- युवा उद्यमशिलताको लागि वित्तीय साक्षरता तथा क्षमता विकास जस्ता कार्यक्रम संचालन गरिएको ।
- गरिबी निवारणका लागि लघु उद्यम कार्यक्रमको सहकार्यमा युवा उद्यमशिलता विकास संवन्धी तालिम प्रदान गरिएको ।

## ३.७.२ मुख्य आयोजना तथा कार्यक्रममा उपलब्धि

| प्रमुख कार्यक्रम तथा आयोजना | एकाई | लक्ष्य | उपलब्धि |
|---|---|---|---|
| नीति, कार्यविधि र मापदण्ड तथा संस्थागत संरचना र सूचना प्रणाली विकास | कार्यक्रम | ५ | १ |
| अध्ययन अनुसन्धान, प्रोफाइल तथा कार्ययोजना तयार | कार्यक्रम | ३ | १ |
| अनलाइन पोर्टल निर्माण डाटाबेस व्यवस्थापन | पोर्टल | १ | १ |
| युवा जागरण तथा मर्यादित श्रम बजारसम्बन्धी अभियान | कार्यक्रम | १० | ५ |
| प्रधानमन्त्री रोजगार कार्यक्रमसँग सहकार्यमा गतिविधि सञ्चालन | कार्यक्रम | ५ | १० |

आगामी आवधिक योजनामा रोजगारी सिर्जना तथा सीप विकास, उद्यमशिलता तथा स्वरोजगार प्रवद्र्धन क्षेत्र विकासमा थप जोड दिनु सान्दर्भिक देखिन्छ। यस क्षेत्रको विकासमा अन्तरसरकार साझेदारी र निजी क्षेत्रसँगको सहकार्यलाई थप मजवुद तुल्याउन पनि आगामी योजना तर्जुमाका सन्दर्भमा सान्दर्भिक रहेको छ।

# परिच्छेद चारः सामाजिक विकास क्षेत्र

सामाजिक विकास क्षेत्र आवधिक योजनामा नेतृत्वदायी तथा अन्तरसम्बन्धित क्षेत्रका रुपमा स्थापित भएको छ । आवधिक योजनाले लैंङ्गिक समानता, आर्थिक विकासका लागि नयाँ सम्बन्धहरूको विकास, सांस्कृतिक संवद्र्धन, वातावरणीय सन्तुलन र सामाजिक न्याय, कानूनी राज्य र सुशासन, नागरिक सचेतना र जनसहभागिता, स्वतन्त्रता र आत्मसम्मानको सुनिश्चितता, र श्रमको सम्मान जस्ता सवालहरुलाई सामाजिक विकासको मोडेलका रुपमा गरेको छ । योजना अवधिमा उपरोक्त प्रारुपहरुलाई महत्वका साथ आत्मसात गरिएको छ भने आगामी दिनमा सान्दर्भिक देखिन्छ ।

## ४.१ शिक्षा, विज्ञान तथा प्रविधि

पोखरा महानगरपालिकामा हाल कुल २०३ सामुदायिक विद्यालय र मन्टेश्वरी सहित २५० संस्थागत विद्यालयहरु सञ्चालनमा रहेका छन् । यसैगरी, गुरूकुल ७ वटा, गुम्बा ३ वटा र मदरशा २ गरी १२ वटा धार्मिक विद्यालयहरु समेत सञ्चालित छन् । पोखरामा विश्वविद्यालय २ वटा, सरकारी क्याम्पस ५ वटा र निजि क्याम्पस १२ वटा सहित विभिन्न विधाका प्राविधिक शिक्षालयहरू ८ वटा छन् । यस क्षेत्रमा खुल्ला विद्यालय २ वटा र सामुदायिक सिकाई केन्द्र १८ वटा रहेका छन् ।

प्रथम आवधिक योजनाले विषय उप-क्षेत्रगत रुपमा सोच तयार नगरेकोले स्थानीय तहको योजना तर्जुमा दिग्दर्शनको व्यवस्था बमोजिम सोच तयार गर्नुपर्ने देखिन्छ । मध्यमकालीन खर्च संरचना तयारी सन्दर्भमा सहभागितामूलक रुपमा तयार भएको “नगरको सामाजिक आर्थिक रुपान्तरणका लागि मानव संशाधनको विकास” लाई आवधिक योजनाको सोचका रुपमा कायम गर्नु सान्दर्भिक देखिन्छ । आवधिक योजनाले लिएको सबै बालबालिकाको गुणस्तरीय आधारभूत शिक्षामा पहुँच सुनिश्चित गरी सामुदायिक र संस्थागत विद्यालयबीचको अन्तर न्यूनीकरण गर्दै माध्यमिक तहमा प्राविधिक र सैद्धान्तिक शिक्षण तथा सिकाइको अनुपात ८०:२० पुर्याउन सहयोग गर्ने लक्ष्य रहेकोमा योजना अवधिका समग्र क्रियाकलापहरुले र यस अवधिमा हासिल भएको नतिजाले यस योजनाको लक्ष्य प्राप्ति तर्फ उन्मुख रहेको देखिन्छ । आवधिक योजनाले लिएको यस लक्ष्य वर्तमानमा पनि सान्दर्भिक नै रहेको छ । प्रथम आवधिक योजनाले लिएका शिक्षा, विज्ञान तथा प्रविधि क्षेत्रका उद्देश्यहरु देहाय बमोजिम रहेका छन्:

१. महानगरपालिकाले सञ्चालनमा ल्याएको बहुप्राविधिक विद्यालयको सबलीकरण गरी विश्व विद्यालयसँगको सहकार्यमा प्राविधिक विषयहरूमा स्नातक तहसम्मको अध्यापन गराउने व्यवस्था गर्नु ।

२. स्थानीय स्तरमा उपलब्ध प्राकृतिक स्रोतसाधनको समुचित उपयोग, सांस्कृतिक र सामाजिक विशेषताका साथै विपद् व्यवस्थापन, पर्यटन प्रवर्द्धन र जलवायु अनुकूलनका विषय समेटी स्थानीय पाठ्यक्रम तयार गरी लागु गर्नु ।

३. कक्षा कोठामा आर्जन गरेको ज्ञान र सीपलाई नवउद्यम र श्रमबजारसँग जोड्न सूचना तथा सञ्चार प्रविधिलाई शिक्षण सिकाइ क्रियाकलापको अभिन्न अंगका रूपमा स्थापित गर्नु ।

उद्देश्य नं १ प्रासिको दिशामा ७ ओटा सामुदायिक मा वि र १ ओटा बहुप्राविधिक विद्यालयमा सञ्चालन भइरहेको छ भने डिप्लोमा तहमा यसै शैक्षिक सत्रदेखि फार्मेसीको अध्यापन सुरू गरिएको छ । त्यसै गरी हेल्थ असिस्टेन्ट विषयमा कक्षा सञ्चालन भएको छ । अन्य विषयहरूको हकमा विगत वर्षदेखि सञ्चालित कार्यक्रमहरूले निरन्तरता पाएको छ।

उद्देश्य नं २ ले निर्देशित गरेको दिशामा शैक्षिक सत्र २०७७ देखि नै आधारभूत तहमा स्थानीय पाठ्यक्रमा उल्लेखित विषयवस्तु समावेश गरी पाठ्यक्रम निर्माण गरिसकिएको छ। हाल २० प्रतिशत विद्यालयहरूमा सूचना प्रविधिको प्रयोग गरी शिक्षण गरेको भएता पनि स्रोत र साधनको अभावको कारणले गर्दा धेरै विद्यालयहरूले चाहेर पनि प्रयोग गर्न सकिएको छैन। यसै गरी स्थानीय पाठ्यक्रम शिक्षक सहजिकरण निर्देशिका २०७९ जारी भई कार्यान्वयनको लागि विद्यालयहरू उपलव्ध गराइएको छ ।

प्रथम आवधिक योजनाको समग्र अवधिमा तीन वटै उद्देश्यहरुले निर्देश गरेको तर्फ रणनीति तथा कार्यनीति र नीति तथा कार्यक्रमहरुको कार्यान्वयन उत्साहजनक देखिएको छ । आगामी आवधिक योजनामा Geomatic, Health Assistance र Forestry in Diploma विषयको अध्यापन सुरू गर्ने, स्थानीय पाठ्यक्रमले मात्र शिक्षण गर्न असहज भएको भन्ने गुनासोलाई मध्यनजर गर्दै स्थानीय पाठ्यक्रम निर्माण गर्ने र थप २० प्रतिशत विद्यालयहरूलाई सूचना तथा प्रविधियुक्त तुल्याउने सवालहरुलाई उद्देश्य तय गर्ने क्रममा आत्मसात गर्नुपर्ने देखिन्छ ।

यसैगरी, आगामी आवधिक योजनामा स्थानीय तहको क्षेत्राधिकार र स्थानीय आवश्यकतालाई प्रतिविम्बित हुने गरी समेत उद्देश्यहरु अद्यावधिक गर्नु सान्दर्भिक देखिन्छ । सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति र कार्यक्रम तथा आयोजनावीच आवश्यक तालमेल कायम गर्नुपर्ने देखिन्छ ।

### ४.१.१ योजनाका मुख्य उपलब्धिहरु

- विगत वर्षदेखि सञ्चालित सिभिल अटोमोबाइल कार्यक्रमलाई निरन्तरता दिदै यसै शैक्षिक सत्रदेखि मन्टेश्वरी तालिम तथा फार्मेसी इन डिप्लोमाको अध्यापन सुरू गरिएको छ।
- महानगरपालिकाका सम्पूर्ण सामुदायिक र संस्थागत विद्यालयहरूमा स्थानीय पाठ्यक्रम निर्माण गरी अध्यापन समेत सुरू भइसकेको छ।
- सम्पूर्ण सामुदायिक विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीहरूको अभिलेखलाई विधुतीय अभिलेखिकरण गरिएको छ ।
- छात्रवृत्ति वितरण मापदण्ड निर्माण गरी छात्रवृत्ति वितरण गरिएको छ। सिमान्तकृत र पिछडिएका विद्यार्थीहरू सवैलाई छात्रवृत्ति प्रदान गरिएको छ ।
- शिक्षकहरुको क्षमता विकास (TPD) तालिम तथा अन्य पुनर्ताजगी तालिम सञ्चालन भएको छ।
- प्राविधिक तथा व्यवसायिक विद्यालय मार्फत श्रमबजारको माग अनुरूपको जनशक्ति उत्पादनको प्रयास भएको छ ।
- राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तरगत सामुदायिक विद्यालयको भौतिक पूर्वाधार विकास भएको ।
- अन्तरविद्यालय ज्ञान आदानप्रदान, प्रतिस्पर्धात्मक कार्यक्रम, अध्ययन भ्रमण, सभा सम्मेलन, खेलकुदका कार्यक्रम अनुसन्धान सम्बन्धी ३५ ओटा कार्यक्रम सम्पन्न भएको छ ।

### ४.१.२ मुख्य आयोजना तथा कार्यक्रमका उपलब्धि

| प्रमुख कार्यक्रम तथा आयोजना | एकाई | लक्ष्य | उपलब्धि |
|---|---|---|---|
| संस्थागत सबलीकरण र क्षमता विकास कार्यक्रम | कार्यक्रम | १२ | १० |
| शिक्षा महाशाखाको आधुनिकीकरण गरी सूचना प्रविधि मैत्री व्यवस्थापन | कार्यक्रम | १० | ६ |
| श्रमबजार सापेक्ष प्राविधिक शिक्षाको विकास र प्रवद्र्धन | कार्यक्रम | १० | ५ |
| सामुदायिक विद्यालयहरूको पूर्वाधार विकासमा सहयोग | भवन | १० | १३ |
| स्थानीय पाठ्यक्रम विकास | पाठ्यक्रम | १ | १ |
| अन्तरविद्यालय ज्ञान आदानप्रदान, प्रतिस्पर्धात्मक कार्यक्रम, अध्ययन भ्रमण, सभा सम्मेलन, खेलकुदका कार्यक्रम अनुसन्धान | कार्यक्रम | ५० | ३५ |

आगामी आवधिक योजनामा शिक्षक तालिम कार्यक्रमलाई निरन्तरता, संस्थागत क्षमतालाई समयसापेक्ष थप गर्दै लैजाने, विभिन्न संघ/संस्थासँग समन्वय तथा सहकार्य गरी श्रम तथा रोजगार प्रबर्द्धन गर्ने कार्यक्रम सञ्चालन गर्ने, विद्यालय मर्मत सम्भार तथा रङरोगन, पाठ्यपुस्तक छपाई,

विद्यार्थी संख्या कम भएका सामुदायिक विद्यालयहरूलाई समायोजन गरी नमूना विद्यालयको रूपमा विकास गर्ने, विद्यालयस्तरीय सांस्कृतिक र अतिरिक्त क्रियाकलाप सञ्चालन, विद्यालय र नगरपालिकाको लागत साझेदारीमा खरिद गरिएका बसहरू विद्यालयले निरन्तरता दिन र एक शिक्षक एक ल्यापटप रणनीति तथा कार्यक्रम थप गर्दै जाँदा प्रभावकारिता बढ्दै जाने अपेक्षा गरिएको छ ।

## ४.२ स्वास्थ्य तथा पोषण

महानगरपालिकामा स्वास्थ्य महाशाखा अन्तर्गत रहेका शाखाहरु स्वास्थ्य सेवा तथा रोग नियन्त्रण शाखा, परिवार कल्याण शाखा, आयुर्वेद तथा वैकल्पिक चिकित्सा शाखा र स्वास्थ्य प्रवर्द्धन तथा नियमन शाखा मार्फत स्वास्थ्य तथा पोषणसेवाको व्यवस्थापन हुँदै आएको छ । महानगरपालिका अन्तर्गत प्रवाह हुने आधारभुत स्वास्थ्य सेवाका विषयमा नीति तर्जुमा गर्ने, योजना बनाउने, कार्यान्वयन गर्ने, कार्यविधि र मापदण्ड निर्माणको जिम्मेवारी अनुरूप आवश्यकता अनुसार कार्यान्वयन भई रहेको छ । महानगरपालिका भित्र सरकारी तथा निजि क्षेत्रका गरी कुल ५१५ वटा स्वास्थ्य संस्था सञ्चालनमा रहेका छन् ।

प्रथम आवधिक योजनाले विषय उप-क्षेत्रगत रुपमा सोच तयार गर्न बाँकी रहेकोले स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ बमोजिम आगामी योजना तर्जुमा गर्दा क्षेत्रगत सोच लक्ष्य तथा उद्देश्य निर्धारण गरिनेछ । मध्यमकालीन खर्च संरचना तयारी सन्दर्भमा सहभागितामूलक रुपमा तयार भएको "स्वस्थ, उत्पादनशील, जिम्मेवार र खुशी महानगरवासी" लाई नै आवधिक योजनाको सोचका रुपमा कायम गर्नु सान्दर्भिक देखिन्छ ।

आवधिक योजनाले लिएको महानगरबासीलाई गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध हुने, स्वास्थ्य सुरक्षा अभिवृद्धि हुने र स्वास्थ्य सेवाप्रवाहमा बहुक्षेत्रीय साझेदारी र जनसहभागिता प्रवर्द्धन गर्ने लक्ष्य रहेकोमा योजना अवधिका समग्र क्रियाकलापहरुले र योजना अवधिमा हासिल भएको नतिजाले यस योजनाको लक्ष्य प्राप्ति तर्फ उन्मुख रहेको देखिन्छ । आवधिक योजनाले लिएको लक्ष्य वर्तमानमा गुणस्तरीय आधारभूत र आकस्मिक स्वास्थ्य सेवा उपलब्धताको सुनिश्चितता गर्ने, स्वास्थ्य सुरक्षा अभिवृद्धि गर्ने र स्वास्थ्य सेवा प्वाहमा बहुक्षेत्रीय साझेदारी र जनसहभागिता प्रवर्द्धन गर्ने विषय उपर पुनरावलोकन गरी परिमार्जन गर्न सान्दर्भिक देखिन्छ । प्रथम आवधिक योजनाले लिएका स्वास्थ्य क्षेत्रका उद्देश्यहरु देहाय बमोजिम रहेका छन्:

१. सबै वडाहरूमा निःशुल्क आधारभूत स्वास्थ्य सेवा र तोकिएका संस्थाहरूबाट आकस्मिक स्वास्थ्य सेवा प्रवाहको व्यवस्था गर्नु,

२. कोभिड लगायतका महामारीजन्य रोग एबम् सम्भावित विपद् जोखिमहरूको पहिचान, पूर्वतयारी, न्यूनीकरण एवम् व्यवस्थापनका लागि आवश्यक संयन्त्र र पूर्वाधार तयार गर्नु,

३. तथ्य र अनुसन्धानमा आधारित स्वास्थ्य सेवाको व्यवस्थापनका लागि निजी क्षेत्रका सरोकारवालासँगको साझेदारी र समुदायसँगको सहकार्य र समन्वयलाई सुदृढीकरण गर्नु ।

यस योजना अवधिमा माथी उल्लिखित उद्देश्य परिपुर्ति गर्ने दिशामा आंशिक रुपमा सफल देखिएको छ । उल्लिखित उद्देश्य हासिल गर्नेतर्फ यस अविधमा महानगरपालिकाका सबै वडामा कम्तिमा १ वटा आधारभूत स्वास्थ्य सेवा केन्द्र स्थापना भएको छ । कोभिड १९ नियन्त्रण र रोकथामका लागि सचेतनामुलक अभियान संचालन, क्वारेन्टाईन, आईसोलेसन केन्द्र स्थापना तथा सञ्चालन र कोभिड उपचार केन्द्र स्थापना र संचालन, कोभिड विरूद्धको खोप अभियान संचालन प्रभावकारीरूपमा कार्यान्वयन भएको छ । स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीमा (DHIS-2) मा मासिक प्रतिवेदन प्रविष्ट गर्ने ,वार्षिक प्रतिवेदन तयारी सो को आधारमा योजना माग, वडा तथा समुदाय स्तरबाट प्राप्त योजनाहरुलाई एकीकृत गरी बिषय क्षेत्रगत वार्षिक विकास कार्यक्रम संचालन हुने गरेको छ ।

आगामी आवधिक योजनामा उद्देश्यको सामयिक परिमार्जन सान्दर्भिक देखिएको छ । परिमार्जनका क्रममा सबै वडाहरूमा निःशुल्क गुणस्तरीय आधारभूत स्वास्थ्य सेवा र तोकिएका संस्थाहरूबाट आकस्मिक स्वास्थ्य सेवा प्रवाहको व्यवस्था गर्ने लगायत सरुवा रोग तथा नसर्ने रोग नियन्त्रण र महामारी एवम् सम्भावित विपद् जोखिमहरूको पहिचान, पूर्वतयारी, न्यूनीकरण एवम् व्यवस्थापनका लागि आवश्यक संयन्त्र र पूर्वाधार तयारी र तथ्य तथा अनुसन्धानमा आधारित स्वास्थ्य सेवाको व्यवस्थापनका लागि निजी क्षेत्रका सरोकारवालाहरूसँगको साझेदारी एबम् समुदायसँगको सहकार्य तथा समन्वयलाई सुदृढीकरण गर्दै जानु पर्ने देखिन्छ ।

## ४.२.१ योजनाका मुख्य उपलब्धिहरु

- गुणस्तरीय स्वास्थ्य सेवाप्रवाहको लागि आवश्यक न्युनतम जनशक्ति, भौतिक पूर्वाधार र औषधि तथा औजार उपकरणको उपलब्धता सन्तोषजनक भएको छ ।
- आधारभूत स्वास्थ्य सेवा केन्द्र नभएका वडाहरुमा कम्तिमा एउटा स्वास्थ्य केन्द्र स्थापना भएको छ,
- महानगरपालिका भित्र ३ वटा स्वास्थ्य चौकीहरुको नेपाल सरकारले तोकेको मापदण्ड अनुसार स्वास्थ्य चौकी भवन निर्माण भएको,

- कोभिड १९ नियन्त्रण र रोकथामका लागि सचेतनामुलक अभियान संचालन गरिएको छ, क्वारेन्टाईन, आईसोलेसन केन्द्र र कोभिड उपचार केन्द्र स्थापना र संचालन, कोभिड खोप अभियान संचालन प्रभावकारीरूपमा कार्यान्वय भएको छ ।
- स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीमा (DHIS-2) मा मासिक प्रतिवेदन प्रविष्ट गर्ने, बार्षिक प्रतिवेदन तयारी र सो को आधारमा आयोजना माग गर्ने अभ्यास सुरुवात भएको छ,
- न्युनतम स्वास्थ्य सेवा मापदण्डको आधारमा स्वास्थ्य संस्थाहरुको स्तरिकरण गरिएको छ।

## ४.२.२ मुख्य आयोजना तथा कार्यक्रमका उपलब्धि

| प्रमुख कार्यक्रम तथा आयोज | एकाई | योजनाको लक्ष्य | योजनाको उपलब्धि |
|---|---|---|---|
| सबै वडाहरूमा निःशुल्क आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवा प्रवाह सुनिश्चित गर्ने । | कार्यक्रम | १२ | १२ |
| प्रभावकारी, जवाफदेही एवम् गुणस्तरीय स्वास्थ्य सेवामा नगरबासीको पहुँच सुनिश्चित गर्ने । | कार्यक्रम | १० | स्वास्थ्य संस्थामा स्वास्थ्य जनशक्तिको उपलब्धता, स्वास्थ्य पूर्वाधारको निर्माण, औषधि औजार र उपकरणको उपलब्धता |
| कोभिड १९ लगायतका महामारी रोग एवम् सम्भावित विपद् जोखिमहरूको न्यूनीकरण एवम् व्यवस्थापन गर्ने । | कार्यक्रम | १० | कोभिड १९ विरुद्धको सचेतनामुलक कार्यक्रम. दश लाख भन्दा बाढी डोज कोभिड १९ विरुद्धको खोप अभियान संचालन, आईसोलेसन सेन्टर र क्वारेन्टाईन केन्द्र संचालन, शिशुवा अस्पतालमा कोभिड उपचार केन्द्र स्थापना र संचालन |
| तथ्य र अनुसन्धानमा आधारित स्वास्थ्य सेवाको व्यवस्थापन सुदृढीकरण गर्ने । | भवन | १० | स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीमा (DHIS-2) मा मासिक प्रतिवेदन प्रविष्ट गर्ने, बार्षिक प्रतिवेदन तयारी सो को आधारमा योजना माग, समुदाय/वडास्तरबाट प्राप्त |

| प्रमुख कार्यक्रम तथा आयोज | एकाई | योजनाको लक्ष्य | योजनाको उपलब्धि |
|---|---|---|---|
| | | | योजनाहरुलाई एकिकृत गरी क्षेत्रगत बार्षिक विकास कार्यक्रम संचालन हुने गरेको |
| स्वास्थ्य सेवा प्रवाहमा बहुक्षेत्रीय साझेदारी, सहकार्य तथा सामुदायिक सहभागिता प्रवद्र्धन । | पाठ्यक्रम | १ | संघीय सरकार, प्रदेश सरकारसंगको सहकार्यमा स्वास्थ्य संस्थाहरुको पूर्वाधार निर्माण तथा प्राविधिक र औषधि औजार उपकरणमा आवश्यक सहयोग प्राप्त भएको |
| अन्तरविद्यालय ज्ञान आदानप्रदान, प्रतिस्पर्धात्मक कार्यक्रम, अध्ययन भ्रमण, सभा सम्मेलन, खेलकुदका कार्यक्रम अनुसन्धान | कार्यक्रम | ५० | कार्यान्वयन अपेक्षित हुन नसकेको |

आगामी आवधिक योजनाको लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति र कार्यक्रम तथा आयोजनामा समसामयिक सवालहरुलाई सम्बोधन गर्नु सान्दर्भिक रहेको छ । यसका लागि सबै वडाहरूमा निःशुल्क गुणस्तरीय आधारभूत स्वास्थ्य सेवा र तोकिएका संस्थाहरूबाट आकस्मिक स्वास्थ्य सेवा प्रवाहको व्यवस्था गर्नु पर्ने देखिन्छ । त्यसैगरी, सरुवा रोग तथा नसर्ने रोग नियन्त्रण र महामारी एवम् सम्भावित विपद् जोखिमहरूको पहिचान, पूर्वतयारी, न्यूनीकरण एवम् व्यवस्थापनका लागि आवश्यक संयन्त्र र पूर्वाधार तयारी, तथ्य र अनुसन्धानमा आधारित स्वास्थ्य सेवाको व्यवस्थापनका लागि निजी क्षेत्रका सरोकारवालाहरूसँगको साझेदारी र समुदायसँगको सहकार्य तथा समन्वय सुदृढिकरणलाई समावेश गर्नुपर्ने देखिएको छ । स्वास्थ्य क्षेत् निजि ,तथा गैर सरकारी क्षेत्रविचको सह कार्य तथा साझेदारीलाई प्रवर्द्धन, नियमन गर्नुका साथै स्वास्थ्य शिक्षा, सेवाप्रवाह र अनुसन्धानका क्षेत्रमा निजी, अन्तरिक तथा वाह्य लगानीलाई प्रोत्साहन गर्दै जानु पर्ने देखिन्छ ।

## ४.३ खानेपानी तथा सरसफाई

पोखरा महानगरपालिका भित्र खानेपानी तथा सरसफाईको क्षेत्रमा उल्लेख्य उपलब्धि हासिल भएको छ । आधारभूत खानेपानीमा पहुँच उपलब्ध रहेको घरपरिवार करिव ९४ प्रतिशत रहेको छ भने ९५ प्रतिशत घरधुरीमा व्यवस्थित शौचालय निर्माण भएको देखिन्छ । महानगरपालिका

भित्र रहेका रहेका सार्वजनिक शौचालयको संख्या ५० रहेको छ ।फोहोरमैलाको दीर्घकालीन व्यवस्थापनका लागि प्रक्रिया सुरू भएको छ।

प्रथम आवधिक योजनामा विषय उप-क्षेत्रगत रुपमा छुटटै सोच नरहे पनि कार्यान्वयन प्रभावकारी देखिएको छ । आगामी आवधिक योजनामा स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ बमोजिम सोच तयार गर्नुपर्ने देखिन्छ । मध्यमकालीन खर्च संरचना तयारी सन्दर्भमा सहभागितामूलक रुपमा तयार भएको "स्वच्छ, सुरक्षित, सर्वसुलभ र दिगो खानेपानी सेवा तथा सुबिधा" समेतलाई आगामी आवधिक योजनामा कायम गर्दा सान्दर्भिक देखिन्छ ।

आवधिक योजनाले लिएको महानगरपालिकाका ९५ प्रतिशतभन्दा बढी जनसंख्या लाभान्वित हुने गरी स्वच्छ खानेपानीको उपलब्धतासहित महानगरको एकीकृत ढल निकास प्रणाली र फोहोर प्रशोधन केन्द्र स्थापना गर्ने लक्ष्य रहेकोमा खानेपानीको क्षेत्रमा योजना अवधिमा लक्ष्य प्राप्तिको अवस्था उत्साहजनक रहेको छ । सरसफाइ तथा ढल निकासमा लक्ष्य उन्मुख कार्यहरु भएको देखिन्छ । आगामी आवधिक योजनामा आधारभूत खानेपानीबाट गुणस्तरीय सुक्ष्म मध्यम स्तरको सेवा प्रणालीमा अभिवृद्धि गर्ने र दिगो सरसफाई क्षेत्रको प्रवर्द्धन गर्दै एकीकृत ढल निकास प्रणालीको विकास गर्ने सवालहरुलाई लक्ष्य अन्तर्गत समाविष्ट गर्नु सान्दर्भिक देखिन्छ । प्रथम आवधिक योजनामा खानेपानी तथा सरसफाई क्षेत्रका उद्देश्यहरु देहाय बमोजिम रहेको छन्:

१. महानगरपालिकामा स्वच्छ खानेपानीमा सहज पहुँच, सरसफाइ तथा स्वच्छता प्रवर्द्धन गर्नु ।
२. महानगरपालिकाको एकीकृत ढल निकास प्रणाली र ढल प्रशोधन केन्द्रको मास्टर प्लान तथा विस्तृत योजना प्रतिवेदन तयार गरी काम सुरु गर्नु ।

यस योजना अवधिमा उद्देश्य हासिल गर्न स्वच्छ खानेपानीमा सहज पहुँच, सरसफाइ तथा स्वच्छता प्रवर्द्धन योजना वडा स्तरबाट पनि कार्यान्वयन भएको तथा जनसहभागिता वृद्धि भएको देखिन्छ । एकीकृत ढल निकास प्रणाली र ढल प्रशोधन केन्द्रको गुरूयोजनाको आधारमा प्राथमिकता प्राप्त आयोजनाको संभाव्यता अध्ययनतर्फ अग्रसर रहेको छ। आगामी आवधिक योजनामा उद्देश्य तय गर्दा पहाडि भूभाग भएका वडाहरुमा लिफ्ट खानेपानी आयोजना निर्माण तथा कार्यान्वयन र खानेपानी मुहानको संरक्षण तथा जलवायु परिवर्तनको सवालहरुलाई मध्यनजर गरी उद्देश्य तयार गर्नु सान्दर्भिक देखिन्छ । यस अन्तरगत रहेका रणनीतिहरु अन्तरगत योजना प्राथमिकीकरण तथा सहभागि सम्वन्धि कार्यविधि तर्जुमा, आधारभुत सेवावाट वञ्चित समुदायका लागि खानेपानी

योजना निर्माण, सम्पन्न भैसकेका योजनाका लागि पनि मर्मत सम्भार, थप आवश्यक ठाँउ पहिचान गरी सार्वजनिक शौचालय निर्माण र श्रोत सुनिश्चित गरी योजना सञ्चालन गर्दै जानु पर्ने देखिन्छ ।

### ४.३.१ योजनाका मुख्य उपलब्धिहरु

- आधारभूत खानेपानी सुबिधा उपलब्ध घरपरिवार संख्या ८६ प्रतिशतबाट बढेर ९४ प्रतिशत पुगेको छ ।
- एक घर एक धारा भएका घरधुरी संख्या ८० प्रतिशतबाट ८५ प्रतिशत पुगेको छ ।
- सार्वजनिक शौचालय संख्या २८ बाट ४५ पुगेको छ ।
- नगरपालिकाबाट नियमित फोहर संकलन हुने शहरी घरपरिवार संख्या ८० प्रतिशतबाट ८४ प्रतिशत पुगेको छद।
- खानेपानी सुद्धता परीक्षण भएका आयोजना ८५ प्रतिशतबाट ८७ प्रतिशत पुगेको छ ।

### ४.३.२ मुख्य आयोजना तथा कार्यक्रमका उपलब्धि

| प्रमुख कार्यक्रम तथा आयोजना | एकाई | लक्ष्य | उपलव्धी |
|---|---|---|---|
| सबै घर परिवारमा स्वच्छ र पर्याप्त खानेपानीको सुनिश्चितता | घरपरिवार | १०००० | ३००० |
| गरिबीको रेखामुनि रहेका र अस्थायी शौचालय प्रयोग गरेका घरपरिवारका लागि पक्की शौचालयको व्यवस्था | घरपरिवार | ३० | ३० |
| सार्वजनिक स्थानहरूमा स्वच्छ खानेपानीको व्यवस्था | आयोजना | ६० | ३५ |
| सार्वजनिक स्थानहरूमा सार्वजनिक शौचालयको व्यवस्था | आयोजना | ३० | ४५ |
| एकीकृत ढल निर्माण | किमि | २५ | ---- |

आगामी आवधिक योजनाको लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति र कार्यक्रम तथा आयोजनाको निरन्तरतासँगै गुणस्तरीय खानेपानी सुबिधा तथा दिगो एबम् वातावरणमैत्री सरसफाइको अभ्यास लगायतका सवालहरुलाई सम्बोधन गर्नु सान्दर्भिक रहेको छ । यस सन्दर्भमा वस्तुपरक आयोजना तथा कार्यक्रमको तर्जुमा र छरितो कार्यान्वयनलाई ध्यानदिइ रणनीत तथा कार्यनीति र सो बमोजिम आयोजना तथा कार्यक्रमको तर्जुमा सान्दर्भिक देखिन्छ । यसै गरी शिसुवा अस्पतालको स्तरोन्नति गरी नमूना अस्पताल बनाउने कार्यलाई प्राथमिकता दिनु पर्ने देखिन्छ ।

## ४.४ सामाजिक समावेशीकरण तथा संरक्षण

सामाजिक महाशाखा मार्फत सामाजिक समावेशीकरण तथा संरक्षणका सवालहरुलाई मुख्य रुपमा सम्बोधन गर्ने गरिएको छ । सामाजिक क्षेत्रसँग सम्बन्धित विषय अन्तरसम्बन्धित विषय भएकोले अन्य शाखा तथा महाशाखाहरुबाट पनि सहयोग, समन्वय र साझेदारी हुने गरेको छ । गत आर्थिक वर्षमा स्थानीय तहको संस्थागत स्वमूल्याङ्कनमा लैससास क्षेत्रमा पूर्णाङ्क प्राप्त भएकोले यस क्षेत्रमा उल्लेखनीय उपलब्धि हासिल भएको देखिन्छ । स्थानीय तहको योजना तर्जुमा दिग्दर्शनमा महिला, बालबालिका तथा लक्षित वर्ग उपशिर्षकका रुपमा रहेकोले आगामी आवधिक योजनामा सोही अनुसार परिमार्जन गर्न सान्दर्भिक देखिन्छ । प्रथम आवधिक योजनाले यस उप-क्षेत्रको सोच तयार नगरेको परिपेक्षमा मध्यमकालीन खर्च संरचनाको प्रयोजनका लागि सहभागितामूलक रुपमा तयार भएको “विभेदरहित, समतामूलक, समृद्ध, सुखी र सभ्य पोखरेली समाजको निर्माण” लाई आगामी आवधिक योजनामा यस विषयमा ध्यान दिनु आवश्यक रहेको छ ।

प्रथम आवधिक योजनाले सबै तह र तप्काका महिला, बालबालिका, ज्येष्ठ नागरिक र अपांगता भएका व्यक्तिहरूलाई सामाजिक, सांस्कृतिक, आर्थिक, शैक्षिक रूपमा सशक्तीकरण गरेर आत्मसम्मानको प्रत्याभूति सुनिश्चित गर्दै सम्मानित र गुणस्तरीय जीवन सुनिश्चित गर्ने वातावरण तयार गर्ने लक्ष्य लिएको छ । लक्ष्य प्राप्तिको दिशामा उल्लेखनीय उपलब्धि हासिल भएको तथ्यलाई गत आर्थिक वर्षमा स्थानीय तहको संस्थागत स्वमूल्याङ्कनमा लैससास क्षेत्रमा पूर्णाङ्क प्राप्त हुनले यस क्षेत्रमा उल्लेखनीय उपलब्धि हासिल भएको अवस्थाबाट ठम्याउन सकिन्छ । योजना अवधिमा ३४ वटा महानगर र वडास्तरीय बाल अधिकार मञ्च गठन भइ क्रियाशील रहेको छ । यसै अवधिमा उपप्रमुखसँग महिला कार्यक्रम अन्तरगत सम्पन्न कुल ४३ कानुनी सचेतना र शैक्षिक सहजता कार्यक्रम सञ्चालनमा रहेका छन् भने कुल ४२ वटा बालगृह क्रियाशिल रहेको देखिन्छ । समग्रमा यस उप-क्षेत्रको लक्ष्य प्राप्ति उन्मुख रहेको देखिन्छ । प्रथम आवधिक योजनाले लिएका खानेपानी तथा सरसफाई क्षेत्रका उद्देश्यहरु देहाय बमोजिम रहेका छन्:

१. सबै प्रकारका भौतिक पूर्वाधार संरचनाहरू तथा नीतिगत संरचनाहरूमा महानगरपालिकालाई महिला, बालबालिका, ज्येष्ठ नागरिक एवम् अपांगतामैत्री प्रावधानहरू सुनिश्चित गर्दै समावेशी सहरका रूपमा विकास गर्न समावेशी नीति तयार गरी लागु गर्नु ।

२. महिला, बालबालिका, ज्येष्ठ नागरिक एवम् अपांगता भएका व्यक्तिहरूको आर्थिक तथा जीवनोपयोगी अधिकार सुनिश्चित गर्दै सम्मानित जीवनको अधारशिला तयार गर्नु ।

३. विभेद, हिंसा तथा कुप्रथा अन्त्य गर्न नीतिगत सुधार र व्यावहारिक प्रयत्न प्रभावकारी गर्नु ।

उपर्युक्त निर्धारित उद्देश्य अनुरूप यस योजना अवधिमा लैंगिक समानता तथा सामाजिक समावेशीकरण, सुदृढीकरण र लैंगिक तथा घरेलु हिंसा न्यूनीकरणका लागि महिला पुरुष समचेतना कार्यक्रम, सामाजिक क्षेत्रमा क्रियाशील महिलाहरुको लागि नेतृत्त्व तथा क्षमता विकास कार्यक्रम, विभिन्न कुप्रथाहरुका बिरुद्ध जनचेतनामुलक कार्यक्रमहरु सम्पन्न भएका छन् । त्यसैगरी, महिला, विपन्न वर्ग तथा सीमान्तकृत समुदायमा स्वरोजगार प्रवद्र्धनका लागि सिपमुलक एबम ब्यबसायिक तालिम कार्यक्रमहरु संचालन भएका छन् । बाल प्रतिभा प्रतिस्पर्धा, बालमञ्च पुनर्गठन तथा अभिमुखीकरण, बालबालिका तत्काल उद्दार राहत तथा पुनर्स्थापना एबम बालबालिकाहरुको बृहत्तर विकासका लागि बालमैत्री कार्यक्रमहरु सम्पन्न भएका छन् । यसै अवधिमा ज्येष्ठ नागरिक दिवा सेवा केन्द व्यवस्थापन सहयोग कार्यक्रमहरु संचालन भएका छन् ।सामाजिक महाशाखाबाट यस अवधिमा सम्पन्न विभिन्न कार्यक्रमहरूको प्रभावमुल्याङकन गरी प्रभावकारिताको आधारमा आगामी योजनामा समावेश गर्नु उपयुक्त हुने देखिन्छ ।

। आगामी आवधिक योजनामा पनि सान्दर्भिक देखिएका उद्देश्यहरु कायम रहनु आवश्यक छ । महिला, विपन्न वर्ग तथा सीमान्तकृत समुदायमा सचेतनामुलक तथा क्षमता विकास, ज्येष्ठ नागरिक दिवा सेवा केन्द व्यवस्थापन सहयोग, असहाय तथा हिंसा पीडित नागरिक उद्धार तथा पुनर्स्थापना सहयोग सहित बालमैत्री नगर कार्यक्रम, लक्षित वर्ग सञ्जाल परिचालन, अपाङ्गता लक्षित कार्यक्रम र सामाजिक परिचालनका सवालहरुलाई सम्बोधन गर्नेगरी आवश्यक रणनीति तयार गर्नु आवश्यक देखिन्छ ।

### ४.४.१ योजनाका मुख्य उपलब्धिहरु

- स्थानीय तहको संस्थागत स्वमूल्याङ्कनमा लैससास क्षेत्रमा उत्कृष्ट नतिजा प्राप्त भएकोछ ।
- गैर सरकारी संस्था निर्देशिका २०७८, बाल समूह तथा बाल मञ्च परिचालन निर्देशिका २०७७, टोल विकास संस्था संचालन कार्यविधि २०७५, उपप्रमुखसंग महिला कार्यक्रम कार्य संचालन कार्यविधि २०७५, उपप्रमुखसंग महिला कार्यक्रम कोष संचालन निर्देशिका २०७७, अपांगता भएका व्यक्तिको परिचयपत्र वितरण कार्यविधि २०७५, अपांगता संजाल गठन निर्देशिका २०७८, बालबालिकाको अधिकार ब्यबस्थित गर्ने ऐन २०७४( संसोधन २०७८), बालगृह संचालन तथा व्यवस्थापन कार्यविधि २०७६ जस्ता दस्ताबेजहरु तयार भई तदनुरूप कार्यक्रमहरु कार्यान्वयनमा आएका छन् ।
- महिला पुरुष समचेतना कार्यक्रम- ३२ वडाहरुमा संचालन, सामाजिक क्षेत्रमा क्रियाशील महिलाहरुको लागि नेतृत्त्व तथा क्षमता विकास कार्यक्रम-३३ वडामा संचालन, विभिन्न

कुप्रथाहरुका बिरुद्ध जनचेतनामुलक कार्यक्रमहरु-२१ वडामा संचालन, मनोसामाजिक अपांगता सहयोग कार्यक्रम-१, यौनिक तथा लैङ्गिक समुदाय लाई सचेतना तथा प्रशिक्षण कार्यक्रम-१, गन्धर्ब जातिको परम्परागत पेशा सारंगी प्रबर्धन तथा टेवामुलक कार्यक्रम-१, सडक आश्रित मानब हरुको उद्दार, उपचार,परामर्श, पालनपोषण वृद्धाश्रममा रहेका असहाय जेस्ठ नागरिक हरुका लागि आवाशीय रुपमा पालान पोषण लगायतका परोपकारी कार्यका लागि खाद्यान्न र औषधि खरिदमा सहयोग कार्यक्रम-१, ५ वटा संचार माध्यमहरु मार्फत अन्तर्राष्ट्रिय १६ दिने अभियानका सन्देशमुलक जिंगल उत्पादन एबं प्रशारण कार्यक्रम-१ संचालन भएका छन् ।

- ११ वटा महिला सहकारी संस्थाहरुलाई बित्तिय कारोबारका लागि ऋण सहयोग, ८ वटा महिला समूह/संस्थाहरुलाई कानुनी सचेतना र शैक्षिक सहजता (अनौपचारीक शिक्षा) ३ महिना संचालन, १४१ जनालाई निर्देशिकाले तोकेको लक्षित बर्गलाई एकल महिला, दलित महिला, आदिबासी जनजाती, द्वन्द पिडित परिवार, अपाङ्ग परिवार, महिला कृषि फर्म, समूह लाई .व्यक्तिगत माग ऋण उपलब्ध गराईएको छ ।

- शारीरिक अपाङ्गता भएका व्यक्ति र परिवारलाई कुखुरा पालन तालिम, चल्ला र दाना वितरण, तरकारी खेति एबम कृषि सम्बन्धि तालिम, बिउ बिजन वितरण, शारीरिक अपाङ्गता भएका महिलाहरुलाई स्वः शृंगार ( सेल्फ मेक अप) सम्बन्धि तालिम संचालन, दृस्टी बिहिन अपांगता भएकाहरुका लागि जीविकोपार्जनमा सहयोग पुर्याउन हर्पिक, फिनेल र साबुन उत्पादन सम्बन्धि (६ दिने) तालिम उपलब्ध गराइएको छ ।

- ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र तथा सेफ हाउस आफैले संचालन नगरी, स्थानीय/ समुदाय स्तरमा रहेका दिवा सेवा केन्द्र-११ र सेफ हाउस-१ लाई संचालनमा व्यवस्थापकीय सहयोग गरिएको छ ।

- बाल प्रतिभा प्रतिस्पर्धा, बालमञ्च पुनर्गठन तथा अभिमुखीकरण, बालबालिका तत्काल उद्दार राहत तथा पुनर्स्थापना एबम बालबालिकाहरुको बृहत्तर विकासका लागि ३३ वडामै बालमैत्री कार्यक्रमहरु संचालन भएका छन् ।

- पोखरा महानगरपालिकाको ३३ वटै वडामा सञ्चालित कार्यक्रम साझेदारी विकास कोष अन्तर्गत जग्गाधनी प्रमाणपुर्जा भएका तर आवास बनाउन नसक्ने न्यून आय भएका घरपरिवारको लागि १०० वटा घर निर्माण तथा मर्म कार्य सम्पन्न भएको छ ।

- एक करोड उन्नाइस लाख ऋण लगानी, घर निर्माण तथा मर्मत गर्ने सेवाग्राही तथा आय आर्जन तर्फका उद्यमीहरुलाइ ऋण लगानी गर्ने कार्यक्रम सम्पन्न भएको छ । यस

कार्यक्रम अन्तर्गत आवास निर्माण तथा मर्मतका लागि प्रति घर रु ७ लाख सम्म ऋण सुविधा र प्राविधिक सहयोग उपलब्ध गराइएको छ ।

- आर्थिक विकासमा योगदान पुर्याउने तथा सबैका लागि न्यूनतम रोजगारी सुनिश्चित गरी सामाजिक सुरक्षाको व्यवस्था गरिएको छ।
- सूचिकृत बेरोजगार व्यक्तीहरुलाइ न्यूनतम १०० दिनको रोजगारी प्रत्याभूत गराउन एवम सामूदायिक पूर्वाधारको विकास मार्फत नागरिकको जीवनयापन सुधार ल्याउने ।

## ४.४.२ मुख्य आयोजना तथा कार्यक्रमका उपलब्धि

| रणनीतिक कार्यक्रम तथा आयोजना | इकाई | लक्ष्य | उपलब्धी |
|---|---|---|---|
| नीतिगत सुधार,संस्थागत विकास र प्रोफाइल | दस्तावेज | १० | ९ |
| लैंगिक समानता तथा सामाजिक समावेशीकरण सुदृढीकरण र लैंगिक र घरेलु हिंसा न्यूनीकरण | कार्यक्रम | १० | ८ |
| उपप्रमुखसँग महिला कार्यक्रम | सहकारी | २० | १९ |
| महिला,विपन्न वर्ग तथा सीमान्तकृत समुदायमा स्वरोजगार प्रवद्र्धन कार्यक्रम | कार्यक्रम | ४५ | ३५ |
| असहाय तथा हिंसा पीडित नागरिक उद्धार कोष | कोष | १ | |
| ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र स्थापना तथा सेफ हाउस व्यवस्थापन | भवन | ५ | |
| बालमैत्री नगर कार्यक्रम र लक्षित वर्ग सञ्जाल परिचालन | कार्यक्रम | १० | ३३ |

आगामी आवधिक योजनाको लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति र कार्यक्रम तथा आयोजनाको निरन्तरता सान्दर्भिक देखिएको छ भने समसामयिक मुद्दाका रुपमा देखापरेका पोखरा महानगरपालिकाका देहायका सवालहरुलाई समेत सम्बोधन गर्नु आवश्यक देखिन्छ ।

- बिपन्न घर परिवारलाई खानेपानी, बिद्युत महशुलमा सहुलियत, बिमा उपलब्ध गराउने कार्यक्रम कार्यान्वयन गराउन कार्यविधि बनाउने,
- वडा स्तरबाट कार्यक्रमको माग बढी आउने हुनाले बजेट कार्यक्रम थप गर्ने,
- उद्यम गर्न तत्पर नवउद्यमीहरुको खोजी र सहकार्य गरी सिकाइ र सीपलाइ रोजगारीसँग जोड्ने कार्यक्रम तय गरी बजेट व्यवस्थापन गर्ने,
- महिला, विपन्न तथा सीमान्तकृत समुदायमा सचेतनामुलक तथा क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने

- असहाय तथा हिंसा पीडित नागरिक उद्धार तथा पुनर्स्थापना सहयोग कार्यक्रमलाइ अझ सशक्त बनाउन बजेट विनियोजन गर्नुपर्ने,
- दिवा सेवा केन्द्र स्थापना नगरिएता पनि आर्थिक सहयोग कार्यक्रम निरन्तर लैजानको लागि बजेट बिनियोजन गर्नुपर्ने,
- ३३ वटै वडामा नै अपाङ्गता संजाल र बालमञ्च गठन, साथै नगरस्तरमा समेत गठन भएका संजाल तथा समितिलाइ चलायमान बनाउनका लागि बजेट बिनियोजन गर्नुपर्ने ।

## ४.५ युवा तथा खेलकुद

खेलकुद सम्बन्धी भौतिक पूर्वाधारहरुमा रंगशाला, खेल मैदान र व्यायामशाला (खुल्ला तथा इनडोर) मुख्यरुपमा रहेका छन् । खेलकुदका लागि पोखरा एक उपयुक्त शहर हो । फुटबल, भलिबल, क्रिकेट जस्ता खेलमा यहाँबाट प्रशिक्षित खेलाडीहरूले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा सफलता हासिल गरिसकेका छन् । पर्यटन उद्योगसँग सम्बन्धित हिमाल आरोहण, प्याराग्लाइडिङ, क्यान्योइङ, रक क्लाइम्बिङ, साइक्लिङजस्ता साहसिक खेलकुदमा त पोखराको भिन्नै विशिष्ट पहिचान छ । यस क्षेत्रका खेलाडीहरू नेपालमा मात्र नभएर अन्तराष्ट्रिस्तरमा समेत आफ्नो दक्षता प्रमाणित गर्न सफल भएका छन् ।

प्रथम आवधिक योजनाले विषय उप—क्षेत्रलाई युवा तथा खेलकुदका रुपमा प्रस्तुत गरेकोमा स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन को व्यवस्था बमोजिम युवा, खेलकुद तथा नवप्रवर्द्धनका रुपमा परिमार्जन गर्नु सान्दर्भिक देखिन्छ । यस उप-क्षेत्रको सोच आवधिक योजनामा नभएकोले स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ को व्यवस्था बमोजिम सोच तयार गर्नुपर्ने देखिन्छ । मध्यमकालीन खर्च संरचना तयारी सन्दर्भमा सहभागितामूलक रुपमा तयार भएको "युवाको सिर्जनशीलता, व्यावसायिकता तथा सर्वाङ्गिण विकास"लाई नै आवधिक योजनाको सोचका रुपमा कायम गर्नु सान्दर्भिक देखिन्छ ।

प्रथम आवधिक योजनाले युवाहरूलाई सचेत र सिर्जनशील नागरिक बन्न प्रेरित हुने तथा दिगो समावेशी र उत्थानशील स्थानीय अर्थतन्त्र निर्माणको संवाहकका लागि जिम्मेवार बन्ने वातावरण सिर्जना गर्ने लक्ष्य लिएकोमा योजना अवधिको उपलब्धि हेर्दा लक्ष्य उन्मुख देखिएको छ । दोस्रो आवधिक योजनामा पनि लक्ष्य सान्दर्भिकता रहेको देखिन्छ । प्रथम आवधिक योजनाले लिएका उद्देश्यहरुमा युवालाई उद्यमशील, सृजनशील र जिम्मेवार नागरिक बन्ने वातावरण निर्माण गर्ने र पोखरालाई परम्परागत, साहसिक र व्यावसायिक खेलकुदको आकर्षक केन्द्रका रूपमा विकास गर्ने रहेकोमा आवधिक योजनाले उद्देश्य बमोजिमका रणनीति अवलम्बन गरिएको छ भने योजना

अवधिमा सम्पन्न भएका क्रियाकलापहरुमा महानगरपालिकाले सूचना तथा सञ्चार प्रविधि र युवा जनशक्तिलाई तुलनात्मक लाभको सम्भाव्य क्षेत्रका रूपमा पहिचान गरिएको छ भने विभिन्न समयमा राष्ट्रिय तथा अन्तरराष्ट्रिय स्तरका विभिन्न खेलकुद कार्यक्रम सफलताका साथ सम्पन्न भएका छन् । महानगरपालिकास्तरिय युवा परिषद् गठन गरिएको छ भने पोखरा रंगशालालाई स्तरोन्नति गरी अन्तराष्ट्रियस्तरको बनाईएको छ। अन्तराष्ट्रियस्तरको क्रिकेट रंगशाला र हाई अल्टिच्युड खेल मैदान निर्माणको प्रक्रियामा रहेको छ । युवा उद्यमीहरूलाई सूचना प्रविधिमैत्री उद्यमशीलता र व्यावसायिक खेलकुद प्रति प्रोत्साहित गर्दै लग्ने महानगरपालिकाको रणनीति रहेको छ । पोखरालाई पर्यटकीय राजधानीका रुपमा घोषणा हुन अग्रसर भएको परिपेक्ष्यमा खेल पर्यटनलाई अझ बढी प्रवर्द्धन गर्ने गरी उद्देश्य तथा रणनीति तर्जुमा गर्नु सान्दर्भिक देखिन्छ ।

### ४.५.१ योजनाका मुख्य उपलब्धिहरु

- रोजगारीमा नरहेका १५ देखि २४ उमेर समूहका युवाको अनुपात योजना अवधिमा १२ प्रतिशतबाट ११ प्रतिशत पुगेको देखिन्छ ।
- वार्षिक रुपमा प्राविधिक तथा व्यावसायिक तालिम प्राप्त युवा तथा बयस्क ५०० जनाबाट बढेर ७०० जना पुगेको छ ।
- कभर्डहल र स्तरीय खेलकुद मैदान संख्या ५ बाट ७ पुगेको छ ।
- खेल प्रशिक्षणमा सहभागी युवा संख्या २८०० बाट ३५०० पुगेको छ ।
- यस अवधिमा वार्षिक रुपमा आयोजना हुने खेलकुद प्रतियोगिता संख्या ६ बाट ८ पुगेको छ ।

### ४.५.२ मुख्य आयोजना तथा कार्यक्रमका उपलब्धि

| प्रमुख कार्यक्रम तथा आयोजना | एकाई | लक्ष्य | उपलब्धि |
| --- | --- | --- | --- |
| नीतिगत र संस्थागत संरचना निर्माण र युवा परिषद्को सशक्तीकरण | पटक | ५ | ५ |
| अध्ययन अनुसन्धान र युवाहरूको क्षमता विकास कार्यक्रम | पटक | १० | ५ |
| नियमित खेलकुद प्रतियोगिता तथा अन्य कार्यक्रम आयोजना | प्रतियोगिता | १५ | ८ |
| राष्ट्रिय तथा अन्तर्राष्ट्रिय युवा सम्मेलन तथा कार्यशाला गोष्ठीहरू आयोजना | कार्यक्रम | ५ | ० |
| खेल पूर्वाधार निर्माण | पटक | ५ | ५ |

आगामी आवधिक योजनाको लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति र कार्यक्रम तथा आयोजनामा उच्चस्तरको खेल प्रशिक्षण तथा खेल पर्यटनको विकासमा थप जोड दिनु सान्दर्भिक देखिन्छ। खेल क्षेत्रको विकासमा अन्तरसरकार साझेदारी र निजी क्षेत्रसँगको सहकार्यलाई थप मजवुद तुल्याउन पनि आगामी योजना तर्जुमाका सन्दर्भमा सान्दर्भिक रहेको छ।

## ४.६ भाषा, कला तथा संस्कृति

पोखरा भाषा, कला तथा संस्कृतिमा विविधता तथा विशिष्ठता बोकेको महानगरपालिका हो । बहुल जाति, भाषा तथा संस्कृतिको बैभवशाली इतिहास बोकेको यस क्षेत्र वर्तमानमा पनि उत्कृष्ट पहिचान स्थापित गर्न सफल रहेको छ। ब्राहमण, क्षेत्री, नेवार, गुरूङ्, मगर गन्धर्व जातिको सांस्कृतिक विशिष्ठता र प्राचिन कालदेखिको सांस्कृतिक विरासत आफैमा महत्वपूर्ण रहेको छ । करिव ९० जातजाति रहेको पोखरा महानगरपालिका लोक संस्कृति, चाडपर्व र रितिरिवाजमा धनी ट । खासगरी गुरूङ्, मगर, नेवार तथा गन्धर्व जनजातिसँग सम्बन्धित गीत संगीत र परम्पराको बाहुल्यता छ।नेपाली मौलिक लोकगित र नाचहरू नेपालभर लोकप्रिय छन्। पोखराको प्राकृतिक सौन्दर्य प्रतिबिम्बित हुने गरी सयौं लोकगीत तथा दोहोरी गीतहरू रचना र प्रकाशन भएका छन्।

यस आवधिक योजनाले बहुल जाति, भाषा, कला र संस्कृतिको अद्वितीय संगम पोखरामा सबै जातजाति, भाषाभाषी र धर्म संस्कृतिको सन्तुलित विकास र संवद्र्धन गरी सबैका लागि सहिष्णु, सुन्दर र सुरक्षित पर्यटकीय सहरका रूपमा परिचित गराउने आधार तयार गर्ने लक्ष्य लिएकोमा लक्ष्य प्राप्तिको दिशामा आंशिक उपलब्धि हासिल भएको देखिएको छ। लक्ष्यसँग तालमेल हुने गरी पोखराका धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक कला र सम्पदाहरूको संरक्षण र संवर्द्धन गर्नु र पोखराका रैथाने कला, भाषा र संस्कृतिहरूलाई मर्यादित र सम्मानजनक रूपमा पर्यटन उद्योगसँग जोडेर स्थानीय समुदायको जीवनस्तर सुधारका लागि उपयोग गर्नुलाई उद्देश्यका रुपमा लिइएको छ ।

उल्लिखित उक्त उद्देश्यसँग तादात्म्यता कायम हुने गरी सबै जातजाति र धर्म सम्प्रदायहरूप्रति कुनै भेदभाव नगरी उचित सम्मान, संरक्षण र सम्बर्द्धन गर्ने, विकृतिहरूको नियन्त्रण गर्दै युवावर्गलाई परम्परागत कला संस्कृति र रैथाने भाषाप्रति आकर्षित र दीक्षित गर्दै लैजाने, रैथाने कला संस्कृति (पर्व, महोत्सव आदि) को समुचित व्यवस्थापन र प्रवर्द्धन गर्ने र ऐतिहासिक र पुरातात्विक सम्पदाहरूको संरक्षण र संवर्द्धन गर्ने रणनीतिका रुपमा लिइएको देखिन्छ । यस योजना अवधिमा करिव विभिन्न २४ साहित्यिक कार्यक्रमहरु सम्पन्न गरिएको छ ।हरेक वर्ष विभिन्न जातजाति तथा समुदायका कला, भाषा र संस्कृतिको प्रवद्धनात्मक गतिविधिहरुमा सहकार्य

गरिएको छ। पोखरामा भएका विभिन्न साहित्यिक महोत्सवलाई महानगरपालिकाले सहयोग तथा सहकार्य गरी पोखरेली वाङ्मयको विकासमा महत्ववपूर्ण योगदान तथा साझेदारी सुरु गरेको छ।

यसै योजना अवधिमा पोखरा प्रज्ञा प्रतिष्ठान र बङ्गलादेशी साहित्यकारहरुका बीचमा दुईपक्षीय सांस्कृतिक तथा सदभावना भ्रमण सम्पन्न भएका छ । पोखराको महेन्द्रपूलमा जीर्ण भवनमा रहेको पुस्तकालय र आर्ट ग्यालरीलाई नयाँबजार स्थित क्षेत्री समाजको सुविधासम्पन्न भवनमा स्थानान्तरण गरी व्यवस्थापन गरिएको छ ।पोखरालाई पर्यटकीय राजधानीका रुपमा घोषणा हुन अग्रसर भएको परिपेक्ष्यमा पर्यटन, सम्पदा तथा संस्कृति उप-क्षेत्रका रुपमा परिमार्जन गरी सम्पदा तथा संस्कृतिलाई पर्यटनसँग जोडने गरी उद्देश्य तथा रणनीति तर्जुमा गर्नु सान्दर्भिक देखिन्छ ।

### ४.६.१ योजनाका मुख्य उपलब्धिहरु

- पोखरा महानगरपालिकाबाट स्थापित पोखरा प्रज्ञा प्रतिष्ठान मार्फत २४ वटा साहित्यिक कार्यक्रमहरु सम्पन्न गरिएको छ ।
- नेवारी संस्कृतिको २५० वर्ष पुरानो इतिहास बाकेको एतिहासिक भैरव नाच, तायमचा र विभिन्न जातजाति तथा समुदायका कला, भाषा र संस्कृतिको प्रवद्धनात्मक गतिविधिहरुमा सहकार्य गरिएको छ।
- पोखरामा भएका विभिन्न साहित्य महोत्सवलाई महानगरपालिकाले सहयोग तथा सहकार्य गरी पोखरेली वाङ्मय विकासमा महत्ववपूर्ण योगदान तथा साझेदारी सुरु गरिएको छ।
- पोखरा प्रज्ञा प्रतिष्ठान र बङ्गलादेशी साहित्यकारहरुका बिचमा दुईपक्षीय सांस्कृतिक तथा सदभावना भ्रमण सम्पन्न भएका छन् ।

### ४.६.२ मुख्य आयोजना तथा कार्यक्रमका उपलब्धि

| प्रमुख कार्यक्रम तथा आयोजना | एकाई | लक्ष्य | उपलब्धि |
|---|---|---|---|
| नीतिगत र संस्थागत संरचना निर्माण | पटक | ५ | २ |
| अध्ययन, अनुसन्धान, पाठ्यक्रम र प्रोफाइल निर्माण | पटक | ५ | १ |
| युवा वर्गका लागि प्रशिक्षण, प्रोत्साहन र परिचालन कार्यक्रम | पटक | ५ | ३ |
| नियमित सभा सम्मेलन र प्रतियोगिता आयोजना | पटक | ५ | ३ |
| सांस्कृतिक सम्पदा, जीर्णोद्धार तथा पुनर्निर्माण | आयोजना | ५ | २ |

आगामी आवधिक योजनाले पर्यटकीय राजधानीका रुपमा विकसित हुँदै गरेको पोखरामा कला, भाषा र संस्कृतिको जगेर्नामार्फत पर्यटनलाई मजवुद तुल्याउन अन्तरसरकार तथा गैससससँगको साझेदारी र निजी क्षेत्रसँगको सहकार्यलाई थप मजवुत तुल्याउदै जानु आवश्यक छ।

# परिच्छेद पाँचः पूर्वाधार विकास क्षेत्र

## छ।झ बस्ती विकास, आवास, भवन र सार्वजनिक निर्माण

पोखरा महानगरपालिका नेपालकै तिब्ररूपमा शहरीकरण भइरहेको स्थानीय तहमध्ये एक हो। २०७२ सालको विनासकारी भूकम्पपछि नेपाल सरकारले नयाँ भवन संहिता र मापदण्ड तर्जुमा गरे अनुरूप महानगरपालिकाले पनि भवन निर्माण मापदण्ड र सो सम्बन्धी नियमावली संसोधन गरी कार्यान्वयनमा ल्याएको छ।  तिव्र शहरिकरण सँगै महानगरपालिकाको भवन तथा संरचनाले ओगटेको क्षेत्र हाल ९ प्रतिशत पुगेको छ। राष्ट्रिय जनगणना २०७८ का अनुसार पोखरामा वार्षिक ५.३३ प्रतिशतका दरले शहरिकरण विस्तार भइरहेको छ जसअनुरूप प्रति वर्ग किलोमिटरमा बसोबास गर्ने जनसंख्या ११०६ पुगेको छ । पछिल्लो तथ्यांक अनुसार पोखरा महानगरपालिकाको करिब आधा जनसंख्या कुल क्षेत्रफलको करिब १० प्रतिशत क्षेत्रमा र बाँकी आधा जनसंख्या ९० प्रतिशत भूभागमा बसोबास गरिरहेको अवस्था छ ।यस महानगरपालिकामा करिब ९० प्रतिशतले भवन निर्माण मापदण्डअनुरूप नक्सा वनाई घर बनाउने अनुमति लिएको देखिन्छ ।

महानगरपालिका नगरकार्यपालिकाको कार्यालय साविक पोखरा उपमहानगरपालिका हुँदा प्रयोग भएको न्यूरोड स्थित पुरानो भवनबाट नै सञ्चालित छ भने केही महाशाखाहरु भाडाको भवनमा रहेका छन् । कुल ३३ वडाहरु मध्ये अधिकांस वडा कार्यालय अहिले आफ्नै भवनमा सञ्चालित छन् भने वडा नम्बर १४ को कार्यालय सामुदायिक भवनमा रहेको छ । बाँकी वडाका भवनहरु निर्माण तथा स्तरोन्नतिको चरणमा रहेकोले कार्यालय भाडाका भवनमा सञ्चालित रहेका छन्। महानगरपालिकाले नयाँ निर्माण सम्पन्न गरेका र निर्माणको चरणमा रहेका वडा कार्यालय भवनहरु शहरी विकास तथा भवना निर्माण विभागको मापदण्ड र डिजाइन अनुसार एकरुपता कायम गरेर निर्माण गर्ने गरेकोछ । महानगरपालिका अन्तर्गतका ४८ स्वास्थ्य संस्था तथा २०३ सामुदायिक विद्यालयहरु आफ्नै भवनमा सञ्चालित छन् ।

आगामी आवधिक योजना तर्जुमा गर्दा स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन समेतलाई मध्यनजर गरी दीर्घकालिन सोच लक्ष्य उद्देशय रणनिति तथा प्राथमिकता निर्धारण गर्नुपर्ने देखिन्छ । मध्यमकालीन खर्च संरचना तयारी सन्दर्भमा सहभागितामूलक रुपमा तयार भएको “हरित, उत्थानशील र समावेशी शहरी विकास”लाई नै पनि ध्यान दिनु पर्ने देखिन्छ ।

आवधिक योजनाले लिएको महानगरपालिकामा परिष्कृत भवन निर्माण मापदण्ड तयार तथा कार्यान्वयन गरी जोखिम संवेदनशील भू-उपयोग योजनाअनुरूप जग्गा विकासका योजनाअनुरूप व्यवस्थित बस्ती, समुचित आवास तथा सुरक्षित भवन निर्माणको वातावरण निर्माण गर्ने लक्ष्य रहेकोमा योजना अवधिका समग्र क्रियाकलापहरुले र योजना अवधिमा हासिल भएको नतिजाले यस योजनाको लक्ष्य प्राप्ति तर्फ उन्मुख भएको देखिन्छ । आवधिक योजनाले लिएको लक्ष्यको कानुनी अधार र त्यसका पूर्व तयारीका कार्यहरू अधिकांश रूपमा तयार भईसकेको र वर्तमानमा पनि उक्त लक्ष्य सान्दर्भिक देखिन्छ । प्रथम आवधिक योजनाले लिएका यस क्षेत्रका उद्देश्यहरु देहाय बमोजिम रहेका छन्:

१. विद्यमान भवन निर्माण मापदण्डलाई समयसापेक्ष परिमार्जन तथा त्यसको कार्यान्वयन गरी भवन निर्माण तथा बस्ती विकासलाई व्यवस्थित तथा सुरक्षित गर्ने ।
२. जग्गा विकासका परियोजना क्षेत्रहरूको पहिचान गरी जग्गा एकीकरणका योजनाहरूको सुरुवात गर्नु ।

यस योजना अवधिमा उद्देश्य नं. १ तर्फ विश्लेषण गर्दा महानगरपालिकाले बस्ती विकास तथा भवन निर्माण मापदण्ड मार्फत् भू-उपयोग व्यवस्थित गरिरहेकोमा २०७२ सालको विनासकारी भूकम्प पश्चात नेपाल सरकारले नयाँ भवन संहिता र मापदण्ड तर्जुमा गरी कार्यान्वयनमा ल्याए पछि महानगरपालिकाले पनि सोही अनुरूप भवन निर्माण मापदण्ड र नियमावली समयसापेक्ष संसोधन गरी कार्यान्वयनमा ल्याएको छ । भवन निर्माण तथा बस्ती विकासलाई व्यवस्थित तथा सुरक्षित गर्ने कार्य गरिरहेको छ ।साथै पोखरा महानगरपालिकाले भवन तथा पुर्वाधार मापदण्ड तयार गरी कार्यान्वयन सुरू गर्ने प्रक्रियामा रूपमा रहेको छ ।

उद्देश्य नं. २ तर्फ विश्लेषण गर्दा महानगरपालिकाले भू-उपयोग नीति तथा जोखिम संवेदनशिल भूउपयोग योजना निर्माण गरेको छ । जग्गा एकीकरण आयोजनाका लागि आवश्यक नीति तथा योजना तयार गर्न स्थानीयस्तरमा छलफल प्रारम्भ भएको छ। आगामी आवधिक योजनामा माथी उल्लिखित उद्देश्यलाई परिमार्जन गरी अघि बढ्नु पर्ने देखिएको छ ।परिमार्जनका क्रममा हरित, उत्थानशील र समावेशी शहरी विकास सोचलाई पनि ध्यान दिन आवश्यक छ । हरित, तथा उत्थानशील शहरी विकास, भू-उपयोग नीति, भू-उपयोग योजना तथा भवन निर्माण तथा पुर्वाधार मापदण्डको प्रभावकारी कार्यान्वयन, जग्गा विकास परियोजनाहरू निर्माण गर्ने कार्यहरुलाई कार्यान्वयन गर्न सो अनुसारको रणनीति तयार गर्नु पर्ने देखिन्छ ।

### ५.१.१ योजनाका मुख्य उपलब्धिहरु

- भवन निर्माण मापदण्ड समयसापेक्ष परिमार्जन गरिएको छ ।
- स्थानीय भू-उपयोग नीति तथा जोखिम संवेदनशिल भू-उपयोग योजना तर्जुमा भएको छ,
- आवासीय भौतिक संरचना र सहरी पूर्वाधार निर्माणमा विपद् जोखिम प्रतिरोधात्मक उपाय अवलम्बन सम्वन्धि आचारसंहिता लागू भएको छ।
- अधिकांस वडाहरुमा पार्क तथा खुल्ला व्यायामशाला निर्माण भएको छ। महानगरपालिकाको निर्धारित मापदण्ड अनुसार अनुसार ४ वटा वडा कार्यालय भवनको निर्माण सम्पन्न भएको तथा ८ वटा वडाहरूको कार्यालय भवनहरू निमाणाधीन अवस्थामा रहेको छ ।
- महानगरपालिकाको मुख्य प्रशासकीय भवन, द्रुतसेवा तथा नगर प्रहरी ब्यारेक, पुस्तकालय तथा आर्टग्यालरी, सहिद स्मृति पार्क र इन्ट्रान्स पार्क तथा अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र निर्माणका लागि गण्डकी प्रदेश सरकार अन्तर्गत PUDBC बाट DPR तयार भएको ।
- पोखरामा बहुतले पार्किङस्थल र सिटी वसपार्कको अध्यन तथा डिपिआर तयार गर्न पोखरा महानगरपालिका र नगर विकास कोष विच सम्झौता भएकोछ ।
- अव्यवस्थित तथा सुकुम्वासी वस्ती व्यवस्थापन शुरुवात भई केही वडाहरुले अस्थायील निस्सा वितरण गरेको छ।
- ११ वटा वडा कार्यालयको नयाँ भवन निर्माण भएको छ । दुलेगौडा र हेम्जामा चिस्यान केन्द्र, आधारभूत स्वास्थ्य सेवा केन्द्र नभएका वडाहरुमा कम्तिमा एउटा स्वास्थ्य केन्द्र स्थापना भएको छ।
- महानगरपालिकाबाट अनुमति लिएका हाउजिङ्ग तथा अपार्टमेण्ट परियोजना कूल १४ मध्ये गत आर्थिक वर्षमा ४ वटा परियोजना सम्पन्न भएको छ।
- नयाँ घर तथा भवन निर्माण र व्यवस्थित शहरी विकासको लागि महानगरपालिकाका सडकहरुको एकिकृत मापदण्ड तयार गरिएको छ। कुल ९५०० पुराना घरहरुको विद्युतीय अभिलेख व्यवस्थापन गर्ने उद्देश्य अनुरूप नक्शा तथा फाईल डिजिटाईजेसन सम्पन्न गरिएको छ ।
- सडकको क्षेत्राधिकार (Right of Way) मा अनाधिकृतरूपमा बनेका घरटहरा हटाइ सार्वजनिक स्थल तथा सम्पत्तिको संरक्षण गर्ने कार्यलाई निरन्तरता दिइएको छ ।

### ५.१.२ मुख्य आयोजना तथा कार्यक्रमका उपलब्धि

| प्रमुख कार्यक्रम तथा आयोजना | एकाई | लक्ष्य | उपलव्धी | पुष्ट्याई |
|---|---|---|---|---|
| नीति, योजना, कार्यविधि तथा मापदण्ड र जमिनको अभिलेख तर्जुमा | वटा | ४ | १ | भुउपयोग तयार भएको |
| अध्ययन, अनुसन्धान, क्षमता विकासका लागि र अभिमुखीकरण | संख्या | ७ | ५ | ५ वटा तालिम सम्पन्न भएका प्रतिवेदन |
| एक वडा एक पार्कको अवधारणा अनुरूप सहरको बालउद्यान निर्माण | संख्या | २० | १४ | पार्क तथा खुल्ला व्यायामशाला निर्माण सम्पन्न भएको |
| महानगरस्तरीय सहिद स्मृति पार्क र इन्ट्रान्स पार्कको निर्माण | पार्क | ३ | - | DPR तयार भएको |
| अव्यवस्थित बस्ती सुधार योजना तर्जुमा गरी कार्यान्वयन शुरुवात | वस्ति | ३ | | केही वडाहरुमा अस्थायी निस्सा वितरण |
| महानगरपालिका तथा वडा कार्यालय भवन निर्माण | संख्या | १२ | ११ | ११ वटा वडा कार्यालयको नयाँ भवन बनेको । |
| पोखरा सभागृह पुनर्निर्माण | भवन | १ | - | प्रशासनिक प्रक्रिया सुरू |
| अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र निर्माण | भवन | १ | - | PUDBC बाट DPR भएको |
| आधुनिक चिस्यानकेन्द्र निर्माण | भवन | ३ | २ | दुलेगौडा र हेम्जामा चिस्यान केन्द्र निर्माण भएको |
| आधुनिक वधशाला निर्माण | भवन | १ | - | - |

आगामी आवधिक योजनाको लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति र कार्यक्रम तथा आयोजनामा समसामयिक सवालहरुलाई सम्बोधन गर्ने गरी योजना तर्जुमा गर्नुपर्ने देखिन्छ । महानगरपालिकको क्षेत्राधिकार भित्रका आयोजना तथा कार्यक्रममात्र समेट्ने, चिस्यान केन्द्र तथा वधशाला जस्ता आयोजनाहरूको विकास, निर्मण र सञ्चालनमा सार्वजनिक निजी साझेदारी प्रणाली अवलम्बन गर्ने, हरित, उत्थानशील र समावेशी शहरी विकास सोचलाई पनि मध्यनजर गर्नु पर्ने हरित, उत्थानशील समावेशी शहरी विकास, भू-उपयोग नीति, भू-उपयोग योजना तथा भवन

निर्माण मापदण्डको प्रभावकारी कार्यान्वयन, जग्गा विकास परियोजनाहरू निर्माण गर्ने कार्यहरुलाई महत्वकासाथ लिनु पर्ने देखिन्छ ।

## छाइ सडक, पुल तथा यातायात

पोखरा महानगरपालिका क्षेत्रभित्र आर्थिक वर्ष २०७९/०८० सम्म राष्ट्रिय राजमार्ग सहित जम्मा १७४० किलोमिटर सडक सञ्जाल रहेको छ । जसमध्ये करिब १६०० किमि सडकमा सार्वजनिक यातायात सञ्चालन भइरहेको छ। साविकको पोखरा उपमहानगरपालिकाबाट महानगरपालिकामा रूपान्तरित हुँदा थप भएका नयाँ वडाहरूलाई पोखराको मुख्य सडक सञ्जाललसँग जोड्ने अभियानलाई प्राथमिकता दिइ तदनुरूप योजना सञ्चालन भईरहेको छ । महानगरपालिकाको मुख्य शहरी तथा ग्रामीणक्षेत्रमा पर्ने वडाहरूबीच दिगो यातायात सेवा सञचालनका लागि गुणस्तरीय सडकको विकासलाई प्राथमिकता दिइएको छ ।

महानगरपालिका भित्र हाल ५० वटा सडक पुलहरु रहेका छ, आर्थिक वर्ष २०७९/०८० मा ६ वटा नयाँ पुल निर्माण सम्पन्न भएकोमा ९ वटा पुलहरू निर्माण सम्पन्नताको अन्तिम चरणमा रहेका छन् । सार्वजनिक यातायात सेवालाइ अझ बढि विश्वसनीय र व्यवस्थित बनाउन सुविधा सम्पन्न आधुनिक बसपार्क तथा पर्याप्त पार्किङको व्यवस्थापनमा महानगरपालिकाको ध्यान केन्द्रित भएकोछ । प्रथम आवधिक योजनाले लिएको महानगरपालिकाका सबै वडामा वातावरण तथा प्रविधिमैत्री सवारीसाधन र समावेसी सडक पूर्वाधारको पहुँच विस्तार गरी “गुणस्तरीय सार्वजनिक यातयात सेवा सुनिश्चित हुने वातावरण निर्माण गर्ने” लक्ष्य लिएको छ ।

योजना अवधिमा हासिल भएको नतिजाले महानगरपालिकाको योजनाको लक्ष्य प्राप्ति तर्फ उन्मुख भएको देखिन्छ।निर्धारित लक्ष्यमा वातावरण तथा प्रविधिमैत्रीका अलावा, पर्यटकीय सडक यातायात पूर्वाधारलाई समेत मध्यनजर गरी परिमार्जन गर्नु उपयुक्त देखिन्छ ।प्रथम आवधिक योजनाले लिएका यस क्षेत्रका उद्देश्यहरु देहाय बमोजिम रहेका छन्:

१. वातावरणीय सन्तुलन सहितका प्रविधिमा आधारित समावेशी यातयात सेवाका लागि आवश्यक पूर्वाधारको विकास गर्नु,
२. उपभोक्तामैत्री समावेशी गुणस्तरीय सडक पूर्वाधार निर्माण गर्नु
३. एकीकृत सहरी विकास तथा नगर यातायात पूर्वाधार निर्माण गर्नु ।

यस क्षेत्रमा प्राप्त उपलब्धीहरूको समिक्षा गर्दा उल्लेखित उद्देश्य हासिल गर्ने दिशामा केहि हदसम्म सफल देखिएको छ । आगामी आवधिक योजनामा यस उद्देश्यको परिमार्जन सान्दर्भिक देखिएको छ ।महानगर यातायात गुरुयोजना तर्जुमाको क्रममा रहेको, जलवायु परिवर्तन तथा वातावरणमैत्री यातायात प्रणाली, विधुतीय सवारीको प्रवर्द्धन, सहकार्य तथा समन्वय गर्ने पक्षहरूलाई मनन गरी तदनुरूप सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति र कार्यक्रम विच तालमेल गर्नु सान्दर्भिक देखिन्छ ।

## ५.२.१ योजनाका मुख्य उपलब्धिहरु

- विगत तीन आ.व.मा १५३.२ कि.मि. कालोपत्रे र ढलान (राष्ट्रिय राजमार्ग सहित) सडक थप भई यस्ता सडकको लम्बाई जम्मा ९६६.७ कि.मि. पुगेको छ।
- विगत तीन आ.व.मा ५५.८ कि.मि. ग्राभेल तथा कच्ची सडक थप भई यस्ता सडकको लम्बाई जम्मा ७६८.३ कि.मि. पुगेको छ।
- आवधिक योजना कार्यान्वयन अवधिमा मुख्य बजारक्षेत्रभित्रका २० कि.मि. अस्फाल्ट कंक्रिट तथा ८० कि.मि. सडक स्तरोन्नति भएको छ।
- पर्यटकीय तथा ग्रामिण वडाहरुमा ४५ कि.मि. पैदलमार्ग निर्माण भएको छ।
- शहरी सडकमा ३ कि.मि. साईकल लेन निर्माण भएको छ।
- मुख्य सडकमा कंक्रिट फाइबर प्रयोग गरी २५ कि.मि. सडक पेटी निर्माण भएको छ।
- ६ वटा पुल/कल्भर्ट निर्माण भएको छ भने ९ वटा पुलकल्भर्ट निर्माणाधिन अवस्थामा छन।
- महानगरका १० मध्ये ९ वटा ताल जोड्ने ८५ किमीको साइकल मार्ग पहिचान गरी आवश्यक पूर्वाधार विकासको लागि डीपीआर तयार भएको छ।
- विभिन्न सडक पुल तथा यातायात पुर्वाधार निर्माण कार्ययोजना तयारीको चरणमा रहेको छ।
- सडकको क्षेत्राधिकारमा अनाधिकृतरूपमा बनेका घर टहरा हटाइ सार्वजनिक स्थल तथा सम्पत्तिको संरक्षण गर्ने कार्यलाई निरन्तरता दिइएको छ ।
- विश्व बैंकको सहयोगमा हरियाली, फुटपाथ, साइकल टर्याक र डिभाइडर सहित चार लेनको ३.२८ कि.मी तालचोक-बेगनास सडक खण्ड विस्तार कार्य सुरु भएको छ ।
- यसै परियोजना अन्तरगत विरौटा-दोविल्ला-पुँडिटार सडक र लेखानाथ-डाडाको नाक-शिसुवा-खुदीखोला-गगनगौंडा सडकको स्तरोन्नति सहित सुविधा सम्पन्न सडक निर्माणका लागि ठेक्का आव्हान भएको छ।

- कोरियाली अन्तर्राष्ट्रिय सहयोग निकाय (कोइका) को करिव ३.५ अर्वको सहयोगमा पोखरामा हरित यातायात प्रणाली विकासका लागि ८४ वटा बस रुटका १२८६ स्थानमा बस स्टप तथा ३ स्थानमा बस टर्मिनल निर्माण गर्न सम्झौता भएको छ।
- उज्यालो पोखरा अभियान अन्तरगत पोखराका २३ वटा मुख्यचोकहरुमा हाइमास्ट लाइट र करिब २००० स्मार्ट सडक बत्तिहरु जडान भएको छ ।
- पोखरामा बहुतले पार्किङस्थल र सिटी वसपार्कको अध्ययन तथा डिपिआर तयार गर्न महानगरपालिका र नगर विकास कोष विच सम्झौता भएको छ ।

## ५.२.२ मुख्य आयोजना तथा कार्यक्रमका उपलब्धि

| प्रमुख कार्यक्रम तथा आयोजना | एकाई | लक्ष्य | उपलव्धी | पुष्ट्याई |
|---|---|---|---|---|
| प्रत्येक वडाको केन्द्र र महानगरपालिका केन्द्र जोड्ने पक्की सडक निर्माण | किमि | १६० | १५३ | ग्रामिण वडाबाट शहरीक्षेत्र जोड्ने सडक निर्माण भएको |
| मुख्य बजार क्षेत्रभित्रका सडक स्तरोन्नति अस्फाल्ट कंक्रिट) | किमि | १५० | २० | ग्रामिण सडक कनेक्टिङ सडक तथा मुख्य शहरी सडकहरु अस्फाल्ट कंक्रिट भएको छ |
| अन्य सडक स्तरोन्नति (कालोपत्रे) | किमि | १०३ | ८० | विभिन्न आ.व. मा सम्पन्न |
| पोखरा चक्रपथ निर्माण | किमि | ११२ | - | बार्षिक बजेटमा कार्यक्रम समावेश भएको । |
| पैदलमार्ग निर्माण | किमि | ९० | ४५ | पर्यटकिय तथा ग्रामिण वडाहरुमा पैदलमार्ग निर्माण भएको |
| साइकल मार्ग निर्माण | किमि | १०२ | ३ | शहरी सडकमा साईकल लेन निर्माण भएको । |
| सुरुङमार्ग तथा अण्डरपासको सम्भाव्यता अध्ययन | किमि | ३ | - | |
| पुल तथा कल्भर्ट निर्माण | संख्या | १५ | ६ | ६ वटा पुल/कल्भर्ट निर्माण भएको तथा ९ वटा निर्माणाधिन रहेको । |
| विद्युतीय स्मार्ट सार्वजनिक यातायात सेवा डीपीआर तयार | संख्या | १ | - | |
| अन्तर प्रादेशिक तथा सहरी बसपार्क | संख्या | १ | - | डीपीआर निर्माणको चरणमा |

| प्रमुख कार्यक्रम तथा आयोजना | एकाई | लक्ष्य | उपलब्धी | पुष्ट्याई |
|---|---|---|---|---|
| निर्माण | | | | रहेको |
| सडक तथा अन्य निर्माण तथा योजना छनौटका लागि विभिन्न विनियम तथा निर्देशिका तर्जुमा | संख्या | ५ | २ | २ वटा सम्पन्न |
| सडक पेटीमा पैदलमार्ग तथा वृक्षरोपण तथा हरित पेटी निर्माण | किमि | ५० | २५ | मुख्य सडकमा कंक्रिट फाइबर प्रयोग गरी निर्माण भएको । |

आगामी आवधिक योजनामा महानगरपालिकाले नीति तथा योजना तर्जुमा तथा सोको प्रभावकारी कार्यान्वयन नगर यातायात गुरुयोजना, पुर्वाधार निर्माण गुरुयोजना, जलवायु परिवर्तन तथा वातावरणमैत्री यातायात प्रणाली, विधुतिय सवारीको प्रर्वद्धन, साइकल रुट निर्माण, उपभोक्ता समिति मार्फत सञ्चालन हुने योजना कार्यान्वयन सम्वन्धि कार्यविधि, वातावरणिय अध्ययन, संघ, प्रदेश तथा विकास साझेदारसँग सहकार्य गर्ने कार्यक्रमहरूलाई समेत मध्यनजर गर्नु सान्दर्भिक देखिन्छ ।

## छाघ जलश्रोत, विद्युत तथा वैकल्पिक ऊर्जा

पोखरा महानगरपालिका नेपालमा सबैभन्दा बढी पानी पर्ने क्षेत्र हो साथै यहाँ सेती, विजयपुर, फुस्रे, मर्दी, काली, याम्दी आदि सदाबहार बग्ने नदी तथा खोलानाला छन् ।त्यसैगरी, यहाँका ताल र सिमसारक्षेत्रहरूले गर्दा जलस्रोतका हिसाबले पोखरा धनी मानिन्छ । यसका साथै भूमिगत पानीको प्रयोग पनि यस महानगरपालिकामा प्रशस्तै भइरहेको छ । महानगरपालिकामा स्थापना भएका जलविद्युत् आयोजनहरूबाट ६ मेगावाट विद्युत् उत्पादन भइरहेको छ। विगत केही वर्षमा सौर्य ऊर्जाको उत्पादन तथा प्रयोग सडक वत्ति तथा सार्वजनिक स्थलहरूमा बढेको देखिन्छ।

महानगरपालिकाको जोखिम संवेदनशिल भू-उपयोग योजना तर्जुमा भए पनि कार्यान्वयन पक्ष अपेक्षितरूपमा प्रभावकारी हुन नसक्दा भूसंरक्षण, ताल, सिमसार जलाधार व्यवस्थापन लगायतका क्षेत्रमा चुनौती थपिएको छ। महानगरपालिकाले वि.सं. २१०० सम्ममा पोखरालाइ कार्बन तटस्थ समुन्नत पर्यटकीय शहर बनाउने दीर्घकालीन सोच तय गरी अगाडि बढेको छ।कार्बन तटस्थताको अवधारणा बमोजिम पोखरा महानगरपालिका क्षेत्रभित्र विभिन्न स्रोतहरुबाट हुने कार्बन उत्सर्जनको मूल्याङ्कन गरी सन् २०७९ मा २३९,४२२ टन खुद कार्बन उत्सर्जन भएको अनुमान छ ।अहिले पनि खाना पकाउन प्रयोग हुने इन्धनको प्रमुख स्रोत ग्यास तथा दाउरा नै भए पनि बत्ति बाल्नमा भने अधिकांस उपभोक्ताबाट विद्युत वा सौर्यउर्जा प्रयोग गरी स्वच्छ ऊर्जा प्रयोग हुने गरेको छ ।

पहिलो आवधिक योजनामा सिँचाइको उपलब्धता वृद्धि, जलाधार तथा मुहानहरूको संरक्षणका साथै विद्युत् वितरण तथा गुणस्तरमा सुधार गर्दै हरित र वैकल्पिक ऊर्जाको प्रवद्र्धन गर्न योगदान पुग्ने प्रमुख लक्ष्य निर्धारण गरिएको थियो ।योजना अवधिमा हासिल भएको नतिजा अध्ययन गर्दा यस क्षेत्रमा न्यून उपलब्धि हासिल भएको देखिन्छ तथापी आगामी योजनामा लक्ष्यमा परिमार्जन गर्दै निरन्तरता दिनु सान्दर्भिक हुन्छ । प्रथम आवधिक योजनाले लिएका यस क्षेत्रका उद्देश्यहरु देहाय बमोजिम रहेका छन्:

१. निजी क्षेत्र र समुदायको साझेदारीमा जलस्रोत तथा जलाधार संरक्षण, सदुपयोग एवम् सामुदायिक सिँचाइहरूको व्यवस्थापन गर्ने ।
२. संघ तथा प्रदेश सरकारसँगको सहकार्यमा वितरण प्रणाली सुदृढीकरण गर्दै विद्युत् खपत बढाउने र खनिज इन्धनमाथिको निर्भरता कम गर्ने ।

उपर्युक्त उद्देश्य हासिल भए नभएको तर्फ तथ्यगत समिक्षा गर्दा अपेक्षित उपलब्धी प्राप्त भएको देखिदैन । महानगरपालिकाले अन्य निकायहरूसंगको साझेदारी र सहकार्यमा नतिजा हासिल गर्ने गरी उद्देश्य तय भएकोधे पनि उद्देश्य हासिल गर्नमा कठिनाई भएको देखिन्छ ।आगामी आवधिक योजनामा महानगरपालिकाको आवश्यकता र उपयुक्तता समेत विचार गरी यथार्थपरक उद्देश्य निर्धारण गर्नु पर्दछ ।

## ५.३.१ योजनाका मुख्य उपलब्धिहरु

- जलस्रोतको मुहान दर्ता कार्यविधि तर्जुमा गरी लागु गरिएको छ।
- फेवा ताल संरक्षणका लागि यसका स्रोत खोलाहरुमा बालुवा छेक्ने (सिल्टेसन) पोखरी निर्माण तथा खानेपानी मुहान संरक्षण सम्वन्धी कार्यक्रम कार्यान्वयन गरिएको छ।
- खानेपानीका श्रोतहरूको अभिलेखिकरण गर्ने कार्य सुरू भएको छ।
- कोरियाली अन्तर्राष्ट्रिय सहयोग निकाय (कोइका) संग पोखरामा हरित यातायात प्रणाली विकासका लागि प्रारम्भिक सम्झौता भएको छ ।
- महानगरपालिकाले वि.सं. २१०० सम्ममा पोखरालाइ कार्बन तटस्थ समुन्नत पर्यटकीय शहर बनाउने दीर्घकालीन सोच तय गरी अगाडि बढेको छ ।
- कार्बन तटस्थ विकासको मार्गचित्र सम्वन्धी स्थितीपत्र २०७९ तयार गरेको छ ।
- कार्वन उत्सर्जन न्यूनिकरण वैकल्पिक उर्जा तथा स्वच्छ उर्जा प्रवद्र्धन कार्यक्रम कार्यान्वयनमा रहेको छ।

## ५.३.२ मुख्य आयोजना तथा कार्यक्रमका उपलब्धि

| प्रमुख कार्यक्रम तथा आयोजना | एकाई | लक्ष्य | उपलव्धी | पुष्टयाई |
|---|---|---|---|---|
| जलस्रोत तथा सिँचाइ नीति तयार गरी महानगरपालिकाभित्रका जलस्रोतको अभिलेखीकरण | संख्या | ३ | १ | खानेपानीका श्रोतको अभिलेखिकरण गर्ने कार्य |
| जलस्रोत व्यवस्थापन तथा सिँचाइसम्बन्धी विस्तृत परियोजना तयार | संख्या | ३ | - | |
| जलस्रोत र जलाधारहरू संरक्षणका लागि भौतिक पूर्वाधार निर्माण | आयोजना | ५ | १ | सिल्टेसन पोखरी तथा खानेपानी मुहान संरक्षण |
| समुदाय र निजी क्षेत्रसँगको सहकार्यमा साना जलविद्युत् तथा सिँचाइ आयोजना निर्माण | आयोजना | ५ | - | |
| विद्युतीय सवारी चार्जिङ स्टेसन निर्माण | संख्या | १० | ८ | निजी क्षेत्रबाट जडित |
| नेपाल विद्युत् प्राधिकरणसँगको सहकार्यमा तार भूमिगत र सडक बत्ती व्यवस्थापन | किमि | ५० | २६ | नेपाल विद्युत् प्राधिकरणबाट सम्पन्न |
| संघ तथा प्रदेश सरकारको सहकार्यमा वैकल्पिक ऊर्जा प्रवर्द्धन तथा प्रोत्साहन कार्य | संख्या | १० | १ | प्रारम्भिक प्रक्रिया सुरू भएको |
| समुदायमा वैकल्पिक ऊर्जाको विकास तथा उपयोग प्रवद्र्धन गर्न जागरण तथा अनुदान कार्यक्रम सञ्चालन | कार्यक्रम | २० | ४ | वैकल्पिक ऊर्जाको विकास तथा उपयोगमा अनुदान कार्यक्रम |

यस उप-क्षेत्रमा निर्धारण गरिएका लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति र कार्यक्रम तथा आयोजना बहुनिकायविच समन्वय तथा सहकार्य गर्नुपर्ने तथा अन्तरसम्बन्धित विषय भएकोले कार्यान्वयन चुनौतिपुर्ण देखिएकोछ । त्यसैले आगामी आवधिक योजनामा लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति र कार्यक्रम निर्धारण गर्दा सम्वद्ध पक्षको प्रतिवद्धतालिइ अघि बढ्न उपयुक्त हुने देखिन्छ । जलस्रोत तथा जलाधार व्यवस्थापन तथा संरक्षण सम्बन्धी गुरूयोजना तर्जुमा, संभाव्य आयोजनाहरूको डीपीआर तयारी तथा कार्यान्वयन, हरित र स्वच्छ ऊर्जा खपत बढाउने एवम् नीजि क्षेत्र, संघ र प्रदेश सरकारका सम्बन्धित निकायहरूसँग सहकार्य गर्दै कार्यक्रम तथा आयोजनाहरूमा जोड दिनु सान्दर्भिक हुन्छ।

## छाढ सूचना तथा सञ्चार प्रविधि

पोखरा महानगरपालिकाका सबै क्षेत्रमा आधुनिक सूचना तथा सञ्चार सुबिधामा पहुँच रहेको छ । इन्टरनेट सुबिधाको सन्दर्भमा ३३ वटै वडाहरूमा नेपाल दूरसञ्चार कम्पनीका साथै एनसेलका टेलिफोन तथा मोबाइलसेवाको सहज पहुँच रहेको छ । महानगरपालिकाबासीहरूमा इन्टरनेटको उपयोग विस्तार भइरहेको छ। इन्टरनेट पहुँचका लागि मोबाइल, वाइफाई फ्रि-जोन तथा स्थानीय वायरलेस इन्टरनेट सेवाको उपयोग हुने गरेको छ । महानगरपालिकामा हाल एक सरकारी, ६ सामुदायिक तथा २७ वटा व्यावसायिक एफ एम रेडियो सञ्चालित छन्। त्यसैगरी १० वटा दैनिक पत्रपत्रिका र १२ वटा स्थानीय साप्ताहिक पत्रपत्रिका रहेका छन् ।

महानगरपालिकाले सेवा तथा अन्य नियमित कार्यलाई क्रमश सूचना तथा सञ्चार प्रविधिमैत्री बनाउदै लगिरहेको छ। सूचना प्रविधिको प्रयोग तथा सूचना व्यवस्थापन गर्न छुट्टै सूचना प्रविधि शाखा स्थापना भई कार्यसम्पादन भईरहेको छ। महानगरपालिकाले सेवाप्रवाह तथा सूचना व्यवस्थापनमा झण्डै दर्जन कम्प्युटर सफ्टवयर प्रणालीहरु कार्यान्वयनमा ल्याएको छ ।पहिलो आवधिक योजनाले यस उप-क्षेत्र अन्तर्गत स्थानीय जनताको आर्थिक र सामाजिक स्थितिमा सुधारको प्रमुख पूर्वाधारका रूपमा सञ्चार क्षेत्रको विकास हुने लक्ष्य लिएको छ। प्रथम आवधिक योजनाले लिएका यस क्षेत्रका उद्देश्यहरु देहाय बमोजिम रहेका छन्:

१. आमसञ्चार माध्यमलाई व्यावसायिक र जवाफदेही बनाउँदै महानगरपालिकाभर पहुँच वृद्धि गर्नु।
२. सूचना प्रविधिलाई सुरक्षित, भरपर्दो र आकर्षक क्षेत्रका रूपमा विकास गर्नु ।

उपर्युक्त उद्देश्य अनुरूप नतिजा तर्फ समिक्षा गर्दा सनतोषजनक उपलव्धी हासिल भएको छ । महानगरपालिकाका ३३ वटै वडा क्षेत्रमा आमसञ्चार माध्यमको पहुंच पुग्नु, ९० प्रतिशत घर परिवारमा इन्टरनेटसेवा उपलब्ध हुनु, महानगरपालिकाले सेवाप्रवाह तथा सूचना व्यवस्थापनमा उल्लेखनीय संख्यामा कम्प्युटर सफ्टवयर प्रणालीहरु कार्यान्वयन हुनु, करिब ८० प्रतिशत वडा कार्यालय, स्वास्थ्य संस्था र विद्यालयहरूमा इन्टरनेट सुबिधा उपलब्ध आदिलाइ उल्लेखनीय नतिजा मान्न सकिन्छ । सूचना तथा सञ्चार प्रविधिको उपयोगिता र सान्दर्भिकतालाई मध्यनजर गरी आगामी आवधिक योजनामा पनि यस क्षेत्रलाई प्राथमिकतापुर्वक समावेश गर्नु सान्दर्भिक हुन्छ ।

### ५.४.१ योजनाका मुख्य उपलब्धिहरु

- महानगरपालिकाको ३३ वटै वडा क्षेत्रमा आमसञ्चार माध्यमको पहुंच पुगेको छ ।

- करिब ९० प्रतिशत घर परिवारमा इन्टरनेट सेवा उपलब्ध भएको छ।
- अधिकांस वडा कार्यालय, स्वास्थ्य संस्था र विद्यालयहरूमा इन्टरनेट सुबिधा उपलब्ध भएको छ।
- सेवाप्रवाह र सूचना व्यवस्थापनमा कम्प्युटर सफ्टवयर प्रणालीह कार्यान्वयनमा रहेको ।
- खरिद, राजश्व, पञ्जीरकण, लेखाप्रणालीलाइ पूर्णरुपमा सूचना तथा सञ्चार प्रविधिसँग आवद्ध गराइ सञ्चालन गरिएको छ ।
- बोलपत्र आह्वानका सम्पूर्ण कार्यहरु online मार्फत नै हुदै आएको छ।
- युवा लक्षित सूचना प्रविधिमा आधारित नवउद्यम प्रवर्द्धनको लागि व्यवसाय प्रवर्द्धन केन्द्रको स्थापना गरी विभिन्न कार्यक्रमहरू सञ्चालन भइरहेको छ ।

## ५.४.२ मुख्य आयोजना तथा कार्यक्रमका उपलब्धि

| प्रमुख कार्यक्रम तथा आयोजना | एकाई | लक्ष्य | उपलव्धी | पुष्ट्याई |
|---|---|---|---|---|
| नीतिगत, कानुनी तथा संस्थागत संरचना निर्माण र सञ्चालन, | संख्या | ५ | - | |
| अध्ययन अनुसन्धान, पाठ्क्रम र प्रोफाइल निर्माण | संख्या | २ | १ | डीजीटल प्रोफाइल अन्तिम चरणमा रहेको |
| सूचना तथा सञ्चार प्रविधि सम्बन्धी पूर्वाधार विकास | पूर्वाधार | ५ | ५ | सम्पन्न भएको |
| नियमित सभासम्मेलन र प्रविधि आदानप्रदान कार्यक्रम | कार्यक्रम | ५ | - | |
| प्रविधिमा आधारित नवउद्यम (स्टार्टअप) प्रवर्द्धनका लागि युवा लक्षित विशेष कार्यक्रम | कार्यक्रम | ५ | | कार्यविधि तयार |

माथि उल्लेखित सूचना तथा सञ्चार प्रविधि सम्बन्धी कार्यक्रमको उद्देश्य अनुरूप कार्यान्वयनको प्रयास भइरहेको देखिएको छ ।आगामी आवधिक योजनामा लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना विच तालमेल मिलाई जीपीएस प्रणालीमा आधारित विस्तृत प्रोफाइल र एकिकृत सूचना प्रणाली विकास तथा व्यवस्थापन, सूचना प्रविधि क्षेत्रमा दक्ष जनशक्ति उत्पादन जस्ता कार्यक्रमलाइ प्राथमिकता दिदैं जानुपर्ने देखिन्छ।

## छाछ फोहोरमैला व्यवस्थापन

पोखरामा हाल प्रतिदिन करिब १८७ टन मिश्रित फोहोरमैला उत्पादन हुने गरेको देखिएको छ । जसमध्ये दैनिक करिब १० टन अस्पतालजन्य फोहोरमैला निस्कने गर्दछ । महानगरपालिकाले तत्कालको लागि सार्वजनिक निजि साझेदारी प्रणालीबाट घरघरबाटै फोहोरमैला संकलन गरी वडा नं. ३२ लामेआहाल स्थित अस्थायी फोहोरमैला विसर्जन केन्द्रमा व्यवस्थापन गर्दै आएको छ । अस्पतालजन्य फोहोरमैलालाई बेग्लै संकलन गरी प्रशोधन गरेर मात्र ल्यान्डफिल्ड साइटमा व्यवस्थापन गर्ने गरिएको छ। महानगरपालिकाका ३३ वटै वडामा फोहोरमैला संकलन भए पनि केही ग्रामीण क्षेत्रमा भने स्थानीयस्तरमै फोहोरमैला व्यवस्थापन भइ आएको छ। फोहोरमैला व्यवस्थापनको दीर्घकालिन समाधान गरी ऊर्जा उत्पादन गर्ने उद्देश्यले पोखरा महानगरपालिका वडा नं. ३३ को उपल्लो पुँडीटारमा स्थायी र आधुनिक फोहोरमैला प्रशोधन केन्द्र निर्माणको प्रक्रिया अगाडि बढेको छ ।

प्रथम आवधिक योजनाले विषय उप-क्षेत्रलाई पूर्वाधार विकास क्षेत्र अन्तर्गत प्रस्तुत गरेकोमा स्थानीयतहको योजना तर्जुमा दिग्दर्शनको व्यवस्था बमोजिम यस उप-क्षेत्रलाई वातावरण तथा फोहरमैला व्यवस्थापनका रुपमा परिमार्जन गरी वातावरण तथा विपद् व्यवस्थापन क्षेत्रमा समावेश गर्नु सान्दर्भिक देखिन्छ ।महानगरपालिकको हालको मध्यमकालीन खर्च संरचनामा समेत यस उप-क्षेत्रलाई वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र अन्तर्गत वातावरण तथा फोहरमैला व्यवस्थापन भनी प्रस्तुत गरिएको छ ।

पहिलो आवधिक योजनामा यस फोहरमैला व्यवस्थापन उपक्षेत्र अन्तर्गत घरायसी तथा व्यावसायिक फोहोरमैलाको वैज्ञानिक व्यवस्थापन मार्फत् स्वच्छ, सुन्दर र हराभरा पर्यटकीय पोखरा निर्माणको दिशामा योगदान गर्ने लक्ष्य तय गरी सो लक्ष्य प्राप्तीका लागि देहाय बमोजिम उद्देश्यहरु रहेका छन्:

१. डिजाइन अवधि सकिएको र अन्तर्राष्ट्रिय विमानस्थललाई प्रतिकूल असर गर्ने विद्यमान ल्यान्डफिल्ड साइटको वैकल्पिक व्यवस्था गर्ने ।
२. फोहोरको स्रोतमै वर्गीकरण, प्रशोधन र पुनःप्रयोगलाई प्रोत्साहन गरी वैज्ञानिक फोहोरमैला व्यवस्थापन र वृत्ताकार अर्थतन्त्रलाई प्रवर्द्धन गर्ने ।

विद्यमान ल्याण्डफिल्ड साईटलाई स्थानान्तरण गरी वडा नं ३२ मा व्यवस्थापन गरिएको छ, कोइका र युएनडीपीको सहकार्यमा फोहरमैला प्रशोधन र पुनःप्रयोग मार्फत हरित उद्यम विकास परियोजना सञ्चालनको तयारी कार्य सम्पन्न भएको छ । उल्लिखित लक्ष्य तथा उद्देश्य हासिल

तर्फ आंशिक उपलब्धि हासिल भएको देखिन्छ। आगामी आवधिक योजनामा यस क्षेत्र अन्तर्गतको उद्देश्य नं.१ मा समयानुकुल परिमार्जन गरी फोहोरमैलाको दीर्घकालीन व्यवस्थापनको लागि हाल सुरू गर्न लागिएको फोहोरमैला प्रशोधन केन्द्र स्थापनालाइ उच्च प्राथमिकता दिइ कार्यान्वयन गर्नु पर्ने देखिन्छ ।

### ५.५.१ योजनाका मुख्य उपलब्धिहरु

- महानगरपालिकाका ३३ वटै वडामा फोहोरमैला संकलन हुंदै आएको छ । ग्रामीणक्षेत्रमा पर्ने वडाहरूमा स्थानीयस्तर मै फोहोरमैला व्यवस्थापन भइरहेको छ।
- साविकको ल्याण्डफिल्ड साईटको स्थानान्तरण गरी हाललाई वडा नं ३२ मा व्यवस्थापन गरिएको छ ।
- फोहोर मैला व्यवस्थापनको दिगो समाधानका लागि फोहोर मैला प्रशोधन केन्द्र निर्माणका महानगरपालिकाबाट प्रक्रिया अगाडी बढाइएको छ ।
- कोइका र युएनडीपीको सहकार्यमा फोहोरमैला प्रशोधन र पुनःप्रयोग मार्फत हरित उद्यम प्रवर्द्धन परियोजना सञ्चालनको तयारी कार्य सम्पन्न भएको छ।

### ५.५.२ मुख्य आयोजना तथा कार्यक्रमका उपलब्धि

| प्रमुख कार्यक्रम तथा आयोजन | एकाई | लक्ष्य | उपलव्धी | पुष्टयाई |
|---|---|---|---|---|
| नीतिगत, कानुनी तथा संस्थागत संरचना निर्माण | संख्या | २ | २ | ऐन नियमावली तथा संस्थागत संरचना भएको |
| सम्भाव्यता अध्ययन, विस्तृत परियोजना प्रतिवेदन र व्यावसायिक कार्ययोजना तर्जुमा | संख्या | ३ | ३ | विश्व बैंकले अध्ययन गरेको |
| वैकल्पिक ल्यान्डफिल साइट तथा फोहरमैला प्रशोधन केन्द्र विकास | संख्या | ५ | | स्थान पहिचानभई फोहोरमैला प्रशोधन केन्द्र स्थापनार्थ प्रस्ताव आह्वान भएको |
| पुनःप्रयोगयोग्य कवाडी सामाग्री र फोहोरलाई स्रोतमा नै वर्गीकरण गरी व्यवस्थापन | संख्या | ५ | | कोइका र युएनडीपीको सहकार्यमा परियोजना सञ्चालनको तयारी भइरहेको |
| प्रविधिमा आधारित ल्यान्डफिल साइट स्थापना | साईट | ५ | | फोहरबाट उर्जा निकाल्ने प्रविधि सहितको प्रशोधन केन्द्र तयारीको चरणमा |

आगामी आवधिक योजनामा लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति र कार्यक्रम तथा आयोजना विच तालमेल मिलाई दीर्घकालिन समाधानका लागि फोहोर मैला प्रशोधन केन्द्र निर्माण गर्न हरित तथा वृताकार अर्थतन्त्रका लागि परियोजना सञ्चालनका लागि आवश्यक प्रकृया पूरा गरी कार्यान्वयन गर्नु पर्ने देखिन्छ ।

# परिच्छेद छः वातावरण तथा विपद् व्यवस्थापन

पोखरा महानगरपालिकाको प्रथम आवधिक योजनामा यस "वातावरण तथा विपद् व्यवस्थापन" क्षेत्रलाई "वन, वातावरण, विपद् व्यवस्थापन र जलवायु परिवर्तन अनुकुलन योजना" क्षेत्र भनि प्रस्तुत गरिएको छ र यस अन्तर्गत ४ वटा उप-क्षेत्रहरू (१) वन, हरियाली र जैविक विविधता, (२) भू संरक्षण तथा जलाधार व्यवस्थापन, (३) वातावरण तथा जलवायु परिवर्तन अनुकूलन र (४) विपद् जोखिम न्यूनीकरण तथा विपद् व्यवस्थापन राखिएका छन् ।

स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ को व्यवस्था बमोजिम यसलाई वातावरण तथा विपद् व्यवस्थापन क्षेत्रका रूपमा लिई यस अन्तर्गत ३ वटा वटा उप-क्षेत्रहरू (१) वन, जैविक विविधता तथा भू संरक्षण (२) वातावरण तथा फोहरमैला व्यवस्थापन र (३) विपद् जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलन राख्नु उपयुक्त हुन्छ ।

आगामी आवधिक योजनामा यस "वातावरण तथा विपद् व्यवस्थापन" क्षेत्र अन्तर्गत समावेश हुने उप-क्षेत्रहरूको वर्तमान अवस्था विश्लेषण गरि लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति र कार्यक्रम तथा आयोजनाहरू निर्धारण गर्नुपर्ने हुन्छ । तसर्थ प्रथम आवधिक योजनामा समावेश गरिएका ४ वटा उप-क्षेत्रहरूको उपलब्धीको मात्र यस परिच्छेदमा समिक्षा गरिएको छ ।

## ६.१ वन, हरियाली र जैविक विविधता संरक्षण

पोखरा महानगरपालिकाभित्र ११५७२.४४ हेक्टर क्षेत्रफल सहितको कुल ३८८ सामुदायिक वन रहेका छन् भने रानीवन, शान्ति वन, हरियोखर्क तथा पञ्चासे क्षेत्र जस्ता संरक्षित वन समेतले पोखराको हरियाली प्रवर्द्धनमा योगदान पुगेको छ। जैविक विविधता सम्बन्धमा भएका विभिन्न अध्ययनबाट पोखरा उपत्यकामा रहेका ताल, सिमसार र जलाधार क्षेत्रमा १७ प्रजातिका माछा, १४ प्रजातिका सरीसृप, ९० प्रजातिका चरा, १४ प्रजातिका बसाइ सरेर आउने चरा, ३४ प्रजातिका स्तनधारी जनावर र १४९ प्रजातिका बोटवृक्ष पाइने उल्लेख गरिएको छ ।

पहिलो आवधिक योजनामा यस उप क्षेत्र अन्तर्गत स्थानीय जनताको सहभागितामा दिगो रूपमा वनक्षेत्रको व्यवस्थापन गरी सर्वसाधारण जनताको वन पैदावारको आवश्यकता परिपूर्ति गर्नुका साथै हरियाली प्रवद्र्धन कार्यक्रमबाट जीवनस्तर वृद्धि, जैविक विविधताको संरक्षण एवम् वातावरणीय पक्षमा सुधार गर्न योगदान गर्ने लक्ष्य तय गरि सो लक्ष्य प्राप्तीका लागि देहाय बमोजिम उद्देश्यहरु रहेका छन्:

१. महानगरपालिकाको वन, वातावरण, ताल तथा प्राकृतिक स्रोत व्यवस्थापन नीति नियम तर्जुमा गरी कार्यान्वयन गर्ने ।

२. सबै प्रकारका वनहरूलाई व्यवस्थापन गरी वनबाट प्राप्त सेवा, सुविधा, अवसर र पैदावरहरूको समानुपातिक वितरण प्रणालीको विकास गरी सामाजिक न्यायको प्रत्याभूति गर्ने ।

पहिलो आवधिक योजना कार्यान्वयन अवधिमा सम्पन्न भएका कार्यक्रमहरूका अधारमा समिक्षा गर्दा यस क्षेत्रको लक्ष्य तथा उद्देश्य प्राप्तिमा निकै न्यून उपलब्धिहरू हासिल भएको देखिन्छ ।

### ६.१.१ योजनाका मुख्य उपलब्धिहरु

- संक्षिप्त वातावरणिय अध्ययन तथा प्रारम्भिक वातावरणिय परिक्षण कार्यविधि तयार भई कार्यान्वयनमा रहेको ।
- उल्लेखित कार्यविधिमा हरित, उत्थानशित तथा समावेशी विकास परिक्षण सूची (GRID Checklist) समेत समावेश गरिएको ।
- वडा नं. २३ र २४ का ४ स्थानमा एकीकृत जलाधार व्यवस्थापन गर्ने कार्य भएको ।
- पञ्चासे बन संरक्षण क्षेत्र संरक्षणमुखी व्यवस्थापनबाट उत्पादनमुखी व्यवस्थापनमा रूपान्तरण गरिएको ।
- बनमा आधारीत घरेलु उद्योग तथा उद्यम संचालनमा रहेका ।
- सहिद तथा राष्ट्रिय विभूति पार्कमा ५००० वटा वोट वृक्षारोपण गरिएको ।
- वडा नं १८ सराङकोट स्थित शिव मन्दिर र दृश्यावलोकन केन्द्र (भ्यु—टावर) परिसरमा ११ प्रजातिका लालीगुराँसका बिरुवाहरू रोपण गरिएको ।
- महानगरको समन्वयमा बन क्याम्पसमा नर्सरी स्थापना गरिएको
- फेवा ताल, वेगनास ताल लगायत अन्य तालहरू जोडने गरि साइकल मार्ग निर्माण

### ६.१.२ मुख्य आयोजना तथा कार्यक्रमका उपलब्धि

| प्रमुख कार्यक्रम तथा आयोजना | एकाई | योजनाको लक्ष्य | योजनाको उपलव्धी | पुष्ट्याई |
|---|---|---|---|---|
| नीतिगत, संस्थागत र संरचनागत व्यवस्था | — | ३ | छैन | |
| नर्सरी स्थापना तथा वृक्षरोपण कार्यक्रम | नर्सरी/ बिरुवा | ४/१० लाख | १ | महानगरको समन्वयमा बन क्याम्पसमा गरिएको |
| ताल, गुफा र सिमसार क्षेत्र समेटेर जैविक विविधता अनुसन्धान | पार्क | २ | छैन | |

| प्रमुख कार्यक्रम तथा आयोजना | एकाई | योजनाको लक्ष्य | योजनाको उपलव्धी | पुष्टयाई |
|---|---|---|---|---|
| पार्कको विकास गर्ने | | | | |
| प्राकृतिक ताल वरिपरी बोटानिकल बगैचा, पैदल तथा साइकल मार्ग निर्माण | ताल | ५ | छ | फिवा बेगनास तथा अन्य ताल |
| ठाटडाँडा सामुदायिक वनमा अन्तर्राष्ट्रिय मितेरी पार्क र सामुदायिक वन अनुसन्धान केन्द्रको स्थापना | पार्क र केन्द्र | १ | १ | सामान्य प्रारुप तयार भएको |
| सहिद तथा राष्ट्रिय विभूति पार्क सबलीकरण | पार्क | १ | १ | ५००० विरुवा रोप्ने तथा अन्य कार्यहरु भएको |

## ६.२ भू-संरक्षण तथा जलाधार व्यवस्थापन

विद्यमान भू–उपयोगको अवस्था हेर्ने हो भने यस महानगरपालिकामा वन र कृषि क्षेत्रले सबैभन्दा बढी भूमि (करिब ८५ प्रतिशत) ओगटेको पाइन्छ। पोखरा उपत्यकाको चारैतर्फ ससाना डाँडाहरूमा भिरालो जमिन भएकाले निरन्तर भूक्षय र यदाकदा पहिरो नै पनि जाने गर्छ । पोखरा उपत्यकाको प्रायः सबै स्थानबाट उत्तरतर्फ देखिने अन्नपूर्ण हिमश्रृङ्खलाको मनमोहक दृश्य नै यस क्षेत्रमा पानीका प्राकृतिक स्रोत र मुहानहरूको प्रमुख स्रोत हो। महानगरपालिकामा रहेका ९ वटा ताल, ताल वरिपरीको सिमसार र तिनका जलाधार क्षेत्रहरु स्वच्छ पानीका स्रोत मात्र नभएर साइबेरियादेखि आउने मौसमी चराहरूका बासस्थान पनि हुन्।

पहिलो आवधिक योजनामा यस उप क्षेत्र अन्तर्गत भूक्षय, बाढी र पहिरोका कारण हुने ठूलो जनधनको क्षति न्यूनीकरण गर्न माटो र पानीको संरक्षण गरी दिगो विकास तथा जनताको जीविकोपार्जनमा टेवा पुर्याउन एकीकृत जलाधार व्यवस्थापन तथा नदी प्रणालीमा आधारित भू तथा जलाधार संरक्षण कार्यक्रम सञ्चालन गर्ने लक्ष्य तय गरि सो लक्ष्य प्राप्तीका लागि देहाय बमोजिम उद्देश्यहरु रहेका छन्:

१. माटो र पानीको संरक्षणबाट भूमिको उत्पादकत्व वृद्धि गरी एकीकृत जलाधार व्यवस्थापन गर्ने ।

२. राष्ट्रिय भूमि नीति अनुसार महानगरपालिकाको भूमि नीति निर्माण गरी लागु गर्ने ।

पहिलो आवधिक योजनाको समिक्षा अवधिसम्म स्थानीय भू—उपयोग नीति तथा जोखिम संवेदनशिल भू—उपयोग योजना तर्जुमा भई कार्यान्वयनको चरणमा रहनु, तालहरूको सौन्दर्यकरण र दीर्घकालीन संरक्षणको योजना तर्जुमा गरि कार्यान्वयन गर्नु, जलाधार क्षेत्रबाट बगेर आउने मुख्य चार वटा खोलामा सिल्टेसन ड्याम निर्माण गर्नुले उल्लेखित लक्ष्य तथा उद्देश्य प्राप्तिमा आंशिक उपलब्धि हासिल भएको देखिन्छ ।

## ६.२.१ योजनाका मुख्य उपलब्धिहरु

- स्थानीय भू—उपयोग नीति तथा जोखिम संवेदनशिल भू—उपयोग योजना तर्जुमा भएको ।
- स्थानीय भू—उपयोग नीति अनुशार भू वर्गिकरण गरिएको ।
- महानगरपालिकाले फेवासँगै बेगनास, रूपा, खास्टे, न्युरेनी, मैदी, दिपाङ र गुँदे तालको सीमांकन गरी तालहरूको विशेषता अनुसार सौन्दर्यकरण र दीर्घकालीन संरक्षणको योजना तर्जुमा गरि कार्यान्वयन गरिरहेको।
- फेवातालको दीर्घकालीन संरक्षणका लागि जलाधार क्षेत्रबाट बगेर आउने मुख्य चार वटा खोलामा प्रदेश सरकारसँगको सहकार्यमा सिल्टेसन ड्याम निर्माण गरी सार्वजनिक निजि साझेदारीमा व्यवस्थानको प्रयास गरिएको ।
- नदी किनारा संरक्षण, पहिरो नियन्त्रण, सीमसार क्षेत्रको रुपमा सूचीकरण गर्दै जलाधार क्षेत्रको संरक्षण र तालहरूको सफाई जस्ता गतिबिधिमा महानगरपालिकाले संघ तथा प्रदेश सरकारसँग हातेमालो ।

## ६.२.२ मुख्य आयोजना तथा कार्यक्रमका उपलब्धि

| प्रमुख कार्यक्रम तथा आयोजना | एकाई | योजनाको लक्ष्य | योजनाको उपलव्धी | पुष्ट्याई |
|---|---|---|---|---|
| सबै जलाधारहरूको विस्तृत अध्ययन गरी जलाधार संरक्षण परियोजना प्रस्ताव तयार गर्ने । | परियोजना | २ | १ | Integrated lake basin management Plan of lake cluster of Pokhara valley 2018-2023 |
| राष्ट्रिय भूमि नीतिअनुसार महानगरको भू उपयोग नीति तयार गर्ने । | नीति | १ | १ | स्थानीय भू—उपयोग नीति तर्जुमा भएको । |
| सबै प्रकारका जमिनहरूको अभिलेखीकरण । | | १ | १ | |
| भूउपयोग नीतिमुताबिक जमिन वर्गीकरण गर्ने । | | | | |
| भूउपयोग मापदण्ड निर्माण गरी कार्यान्वयन गर्ने । | | | | |

## ६.३ वातावरण तथा जलवायु परिवर्तन अनुकूलन

पोखरा नेपालकै अत्यधिक वर्षा हुने स्थानमा पर्दछ । मौसमी औसत वर्षाको प्रवृत्तिको अध्ययन अनुसार जाडो र प्रि–मनसुनमा यो क्रम बढ्दै गरेको पाइएको छ भने मनसुन र मनसुन–उत्तरमा घट्दै गएको पाइएको छ । त्यसैगरी वार्षिक अत्यधिक र न्यूनतम तापक्रममा पनि वृद्धि हुँदै गएको पाइएको छ । जलवायु परिवर्तनको मुख्य असरका रूपमा पोखरा महानगरपालिकामा आकस्मिक बाढीका विभिन्न घटनाहरू घटेका छन् भने पोखरा आसपासका हिमालहरुमा हिउँ पर्ने क्रम घट्दो छ।

पहिलो आवधिक योजनामा यस उप क्षेत्र अन्तर्गत पोखरा महानगरपालिकाको वातावरणीय सन्तुलनलाई कायम राख्न नागरिक सहभागिता प्रवद्र्धन गर्दै महानगरभित्रको जैविक विविधताको संरक्षण, जलाधार व्यवस्थापन, वन्यजन्तु, वनस्पति र जडीबुटीको संरक्षण तथा दिगो व्यवस्थापनसहित संरक्षण र संवद्र्धन गर्दै व्यावसायिक उत्पादन र पर्यापर्यटनमा योगदान गर्ने लक्ष्य तय गरि सो लक्ष्य प्राप्तीका लागि देहाय बमोजिम उद्देश्यहरु रहेका छन्:

१. महानगरपालिकाको वन, वातावरण, ताल तथा प्राकृतिक स्रोत व्यवस्थपान नीति तयार गरी लागु गर्ने ।

२. महानगरको जलवायु परिवर्तन अनुकूलन तथा समायोजन योजना तर्जुमा गरी लागु गर्ने ।

पहिलो आवधिक योजनाको समिक्षा अवधिसम्म उल्लेखित लक्ष्य तथा उद्देश्य प्राप्तिमा आंशिक उपलब्धि हासिल भएको देखिन्छ ।

### ६.३.१ योजनाका मुख्य उपलब्धिहरु

- महानगरपालिकामा जलवायू परिवर्तन सम्वन्धी अध्ययन तथा अनुकुलन समेत हेर्ने गरी साखा सवलिकरण तथा "क्लिन पोखरा ग्रिन पोखरा" केन्द्र स्थापना भएको,
- जलवायु परिवर्तनको असर न्यूनिकरण गर्न महानगरपालिकाले कार्बन तटस्थता सम्वन्धी कार्यक्रम र कार्ययोजना बनाएर कार्यान्वयन सुरु गरेको ।

### ६.३.२ मुख्य आयोजना तथा कार्यक्रमका उपलब्धि

| प्रमुख कार्यक्रम तथा आयोजना | एकाई | योजना को लक्ष्य | योजनाको उपलव्धी | पुष्ट्याई |
|---|---|---|---|---|
| महानगरको प्राकृतिक स्रोत तथा साधनहरूको विद्युतीय प्रोफाइल तयार | प्रोफाइल | १ | - | तयारी शुरु भएको |

| प्रमुख कार्यक्रम तथा आयोजना | एकाई | योजनाको लक्ष्य | योजनाको उपलब्धी | पुष्ट्याई |
|---|---|---|---|---|
| गर्ने (सार्वजनिक जमिन सहितको) | | | | |
| एकीकृत सिमसार व्यवस्थापन रणनीतिक योजना तथा सूचना पुस्तक तयार | पुस्तक | | - | |
| विश्व सिमसार तथा वातावरण दिवस मनाउने | कार्यक्रम | ५ | - | |
| फेवा, रूपा, बेगनास तालका ८ ओटा शाखा खोलाहरूमा सिल्टेसन ड्याम निर्माण | ड्याम | ८ | - | |

## ६.४ विपद् जोखिम न्यूनीकरण तथा विपद् व्यवस्थापन

पोखरा महानगरपालिकामा प्रमुख सम्भावित विपद् जोखिमका दृष्टिले जल उत्पन्न प्रकोप, असिना, बाढी पहिरो, आगलागी, जमिन भासिने आदि रहेका छन् । पोखरा महानगरपालिका सक्रीय भूकम्पीय जोखिम क्षेत्रमा रहेको साथै यस क्षेत्रमा दुई ओटा भुकम्पीय दरार रेखा (फल्ट लाइन) पनि रहेको भन्नेछ । साविक पोखरा उपमहानगरपालिका क्षेत्रमा ६२ प्रतिशत भूभाग २० डिग्रीभन्दा कम भिरालो भएकाले पहिरोको जोखिम तुलनात्मक रुपमा कम भएता पनि २५ प्रतिशत भूभाग भने उच्च पहिरो जोखिम क्षेत्रमा रहेको पाइएको छ। हिमाल आरोहण, प्याराग्लाइडिङ जस्ता विभिन्न साहसिक पर्यटकीय गतिविधिहरू जोखिमयुक्त रहेकाले संघ तथा प्रदेश सरकार, सुरक्षा निकाय, रेडक्रस र निजी व्यावसायिक संघ संस्थाको सहकार्यमा विपद् जोखिम न्यूनीकरण र प्रतिकार्यसँग सम्बन्धित कार्यहरु हुँदै आएका छन्।

पहिलो आवधिक योजनामा यस उप क्षेत्र अन्तर्गत महानगरलाई प्राकृतिक तथा गैरप्राकृतिक विपद एवम् जोखिम न्यूनीकरण, पूर्वतयारी र प्रतिकार्यमा सक्षम बनाई विपद् उत्थानशील समाज र अर्थतन्त्र निर्माणमा योगदान गर्ने गर्ने लक्ष्य तय गरि सो लक्ष्य प्राप्तीका लागि देहाय बमोजिम उद्देश्यहरु रहेका छन्:

१. जोखिम न्यूनीकरणका लागि विपद्का सम्भाव्य जोखिमको लेखाजोखा, पहिचान, अनुगमन र पूर्वचेतावनी प्रणाली सुदृढ गर्नु ।

२. महानगरपालिकाको स्थानीय विपद तथा जलवायु उत्थानशील योजना निर्माण गरी लागु गर्ने ।

पहिलो आवधिक योजनाको समिक्षा अवधिसम्म विपद् प्रतिकार्य योजना तथा मनसुन प्रतिकार्य योजना तर्जुमा भई कार्यान्वयनमा रहनु, विपद जोखिम न्यूनिकरण सिकाइ केन्द्रको स्थापना हुनु, महानगरको जोखिम नक्सांकन सहित सबै वडामा वडा प्रोफाईल तयार हुनु, विपद् व्यवस्थापनका लागि संस्थागत संरचना र कोषको व्यवस्थापन हुनुले समिति, विपद् व्यवस्थापन कोष र विपद् हेर्न नगर प्रहरी सहितको इकाईको व्यवस्था गरिएको उल्लेखित लक्ष्य तथा उद्देश्य प्राप्तिमा आंशिक उपलब्धि हासिल भएको देखिन्छ ।

## ६.४.१ योजनाका मुख्य उपलब्धिहरु

- महानगरपालिकामा विपद् प्रतिकार्य योजना तथा मनसुन प्रतिकार्य योजना तर्जुमा भई कार्यान्वयनमा रहेको ।
- विपद् व्यवस्थापन उद्धारका लागि द्रुत उद्धार टोली तयार भएको । खोज तथा उद्धारका लागि १७३ जना स्वयंसेवक तथा च्याम्पियन्स तयार भएको ।
- महानगरको जोखिम नक्सांकन भई ३३ वटै वडामा वडा प्रोफाईल तयार भएको ।
- महानगरपालिकामा विपद जोखिम न्यूनिकरण सिकाइ केन्द्रको स्थापना गरिएको ।
- महानगरपालिकामा विपद् व्यवस्थापन समिति, विपद् व्यवस्थापन कोष र विपद् हेर्न नगर प्रहरी सहितको इकाईको व्यवस्था गरिएको
- सम्भाव्य आगलागी नियन्त्रणका लागि महानगरपालिकामा बारुणयन्त्र, बाढी पहिरोबाट आवागमन अवरुद्ध हुन नदिन र उद्धार कार्यका लागि डोजर तथा ट्रिपरहरु र महामारीजन्य विपद्को व्यवस्थापनका लागि एम्बुलेन्सहरु चालु अवस्थामा राखिएको ।

## ६.४.२ मुख्य आयोजना तथा कार्यक्रमका उपलब्धि

| प्रमुख कार्यक्रम तथा आयोजना | एकाई | योजनाको लक्ष्य | योजनाको उपलव्धी | पुष्ट्याई |
|---|---|---|---|---|
| महानगरको जोखिम नक्सांकन गरी संकटासन्न समुदाय र घरधुरी पहिचान गर्ने । | वडा प्रोफाइल | ३३ | ३३ | प्रत्येक वडामा वडा प्रोफाइल तयार भएको |
| खोज तथा उद्धारमा दक्ष जनशक्ति र स्वयंसेवक सूचीकरण र परिचालन । | समूह / व्यक्ति | ३३/ १००० | १७३ | स्वयंसेवक च्याम्पियन्स तथा नगर प्रहरी |
| स्थानीय विपद् तथा जलवायु परिवर्तन उत्थानशील योजना तयार गरी लागु गर्ने । | योजना | १ | २ | विपद् प्रतिकार्य योजना तथा मनसुन प्रतिकार्य योजना |

# परिच्छेद सातः संस्थागत विकास तथा सुशासन

पोखरा महानगरपालिकाको प्रथम आवधिक योजनामा “संस्थागत विकास तथा सुशासन" क्षेत्रलाई “सुशासन तथा संस्थागत विकास योजना" क्षेत्र भनी प्रस्तुत गरिएको छ । यस क्षेत्रको समग्र रूपमा सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति र कार्यक्रम तथा आयोजनाहरू प्रस्तुत गरिएको छ ।

स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ को व्यवस्था बमोजिम यसलाई संस्थागत विकास तथा सुशासन क्षेत्रका रूपमा लिई यस अन्तर्गत ४ वटा उप-क्षेत्रहरू (१) नीति, न्याय, कानून तथा सुशासन (२) संगठन, मानव व्यवस्थापन र सेवाप्रवाह (३) राजस्व तथा स्रोत परिचालन र (४) तथ्यांक, योजना र विकास व्यवस्थापन समावेश छन् ।पोखरा महानगरपालिकाको मध्यमकालिन खर्च संरचनामा पनि सोही बमोजिम ४ वटा उप-क्षेत्रहरू समावेश गरि तिनिहरूको परिमाणात्मक लक्ष्य र कार्यक्रम तथा आयोजनाहरू निर्धारण गरिएको छ । आगामी आवधिक योजनामा यस क्षेत्र अन्तर्गत समावेश हुने उप-क्षेत्रहरूको वर्तमान अवस्था विश्लेषण गरी माथि लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति र कार्यक्रम तथा आयोजनाहरू निर्धारण गर्नुपर्ने हुन्छ ।

## ७.१ नीति, कानून, न्याय र सुशासन

पहिलो आवधिक योजनामा यस उपक्षेत्र अन्तर्गत देहाय बमोजिम उद्देश्यहरु रहेका छन्:

१. शहरी शासन तथा विकास नीति, कार्य सञ्चालन प्रणाली एवम् प्रक्रिया सरल, स्पष्ट र पारदर्शी बनाउनु,

२. व्यवस्थित र सुदृढ न्यायिक समिति सहितको सरलीकृत र स्तरीय न्याय सम्पादन तथा न्यायमा नागरिकको पहुँचमा अभिवृद्धि गर्नु ।

### ७.१.१ योजनाका मुख्य उपलब्धिहरु

- महानगरपालिकामा ११४ प्रकारका नीति, ऐन, नियम, कार्यविधि, निर्देशिका तथा मापदण्ड लगायतका कानूनी दस्तावेज तयार भइ कार्यान्वयमा रहेका छन् ।
- नेपालका महानगरपालिकाहरूको समग्र विकासका लागि समान धारणा र दृष्टिकोण बनाइ समन्वयात्मकरूमा अघि बढ्न ६ वटै महानगरपालिकाका प्रमुख, उपप्रमुख र प्रमुख प्रशासकीय अधिकृतहरु सहितको सहभागितामा नेपालमा पहिलो महानगरपालिका सम्मेलन २०७९ सम्पन्न गरी ७ बुँदे पोखरा घोषणापत्र जारी गरिएको छ।

- न्यायीक निरुपणका लागि सहजरूपमा उजुरी निवेदन दिने व्यवस्था तथा व्यवस्थित र पुर्व निर्धारित समयवद्ध ईजलास बसी सुनुवाइ हुने व्यवस्थाले न्याय सम्पादन मेलमिलापकर्ता र मध्यस्थकर्ताको माध्यमबाट विवाद समाधान अभ्यास प्रभावकारी हुँदै गएको छ ।
- निर्णय प्रकृयामा लक्षित वर्ग तथा पक्षहरूको सहभागितामा सुनुवाइ तथा छलफल गराउने गरिएको छ।
- प्रत्येक हप्तामा एक दिन नगरप्रमुखको समेत इजलाश बसी जटिल प्रकृतिका समस्या समाधानको नयाँ पहल मार्फत न्यायिक निरूपण हुने व्यवस्था मिलाइएको छ।
- महानगरपालिकाबाट नियमितरूपमा प्रदान भइरहेको सेवाको गुणस्तर तथा प्रभावकारिताको सम्बन्धमा ३ पटक सार्वजनिक सुनुवाई, ४ पटक सार्वजनिक नीजि सम्वाद कार्यक्रम तथा ५ पटक सेवाग्राही सन्तुष्टि सर्वेक्षण सम्पन्न भएको छ।
- महानगरपालिका सहित सवै वडा कार्यलयहरुमा नागरिक वडापत्र प्रकाशन, गुनासो सुन्नका लागि भरपर्दो गुनासो सुनवाईको व्यवस्था, प्रवक्ता तथा सूचना अधिकारी, प्रेस डेस्क स्थापना गरी सेवाप्रबाहको व्यवस्था गरिएको छ।
- वित्तीय सुशासन कायम गर्न आन्तरिक लेखा परिक्षण शाखा र सार्वजनिक लेखा समितिलाई सक्रीय बनाइएको छ ।

### ७.१.२ मुख्य आयोजना तथा कार्यक्रमका उपलब्धि

| प्रमुख कार्यक्रम तथा आयोजना | एकाई | लक्ष्य | उपलव्धी | पुष्टयाई |
|---|---|---|---|---|
| नीति, ऐन, नियम, कार्यविधि, निर्देशिका मापदण्ड निर्माण तथा प्रकाशन | विषय | ७० | ११४ | निर्णय तथा राजत्रमा प्रकाशन |
| सुशासन तथा स्थानीय सरकार जवाफदेहिता प्रवद्र्धन कार्यक्रम | पटक | ५ | ३ | सार्वजनिक सुनुवाई तथा गुनासो सुनुवाई |
| नागरिक सन्तुष्टि सर्वेक्षण तथा नागरिक बहस कार्यक्रम | पटक | ५ | ४ | सार्वजनिक निजी संवाद |
| विद्युतीय शासन प्रवद्र्धन कार्यक्रम | संख्या | ५ | ८ | घरनक्सा, योजना, खर्च, राजस्व संकलन, कृषी तथा स्वास्थ्य, खरिद लगायतक्षेत्रमा सफ्टवयर निर्माण |
| स्थानीय नीति, योजना, सेवा प्रवाह र कार्यक्रमसम्बन्धी अध्ययन र सर्वेक्षण कार्यक्रम | पटक | ५ | ५ | सेवाग्राही सन्तुष्टि सर्वेक्षण लगायत कार्यक्रमहरु सम्पन्नताको प्रतिवेदनहरू |
| नगरपालिका र वडा कार्यालयहरूमा क्षतिपूर्तिसहितको नागरिक बडापत्र | संख्या | ३४ | ३४ | नागरिक वडापत्र जारी |
| नीति, ऐन, नियम, कार्यविधि र | पटक | १० | १० | तालिम, अभिमुखिकरण गोष्ठी तथा |

| प्रमुख कार्यक्रम तथा आयोजना | एकाई | लक्ष्य | उपलव्धी | पुष्ट्याई |
|---|---|---|---|---|
| मापदण्डबारे पदाधिकारी तथा कर्मचारीको क्षमता विकास | | | | भ्रमणहरु भएका |
| भ्रष्टाचारविरुद्ध जनचेतना अभिवृद्धि, प्रचार प्रसार तथा समन्वय कार्यक्रम | पटक | ५ | १ | हेलो मेयर, गुनासो सुनुवाई, हेलो सरकारमा पर्ने गुनासोको संवोधन |

## ७.२ संगठन, मानव व्यवस्थापन र सेवाप्रवाह

पहिलो आवधिक योजनामा यस उप क्षेत्र अन्तर्गत देहाय बमोजिम उद्देश्यहरु रहेका छन्:

१. स्थानीय सेवाको व्यवस्थापन क्षमता, मानव संसाधन र कार्य दक्षतामा अभिवृद्धि गर्नु ।

### ७.२.१ योजनाका मुख्य उपलब्धिहरु

- महानगरपालिकामा नागरिकबाट जुनसुकै समस्या, गुनासो, राय/सुझाव तत्काल प्राप्त गर्ने र प्राप्त सुझावलाइ शिघ्र कार्यान्वयन प्रक्रियामा लैजाने उद्देश्यले "हेलो मेयरसेवा कार्यक्रम" २४ घण्टा तथा प्रत्येक दिनको बिहान ११:०० बजे देखि १२:०० बजे सम्म "मेयरसँग सेबाग्राहीको दैनिक भेटघाट" लगायतका कार्यक्रम सञ्चालन गरिएको छ ।
- महानगरपालिकाबाट हुने सेवाप्रबाहलाइ थप सरल, सहज, पारदर्शी र छिटोछरितो बनाउन एकद्वार प्रणाली अवलम्बन विभिन्न विषयका ११ वटा काउण्टर एकिकृत गरिएको छ।
- सञ्चार माध्यमसँगको सहकार्यमा "हाम्रो पोखरा राम्रो पोखरा" कार्यक्रम सञ्चालन गरिंएको छ।
- २०७७ मा संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्पन्न भइ ९ महाशाखा, ४४ शाखा र सो अन्तर्गत विभिन्न एकाई र सेवा केन्द्र सहितको संस्थागत संरचना, ७६४ को दरबन्दी कायम भई हाल सेवा करार ज्यालादारी समेत गरी १०५७ जना कर्मचारी कार्यरत रहेको अवस्था छ। उपयुक्त आकारको संगठन संरचना र मितव्ययी दरबन्दी कार्यकुशल जनशक्ति व्यवस्थापनका लागि मौजुदा संगठन तथा दरबन्दीमा पुनरावलोकन गरी पेश गर्न पुन संगठन तथा व्यवस्थापन सर्भेक्षण सुरू गरिएको छ ।
- महानगरपालिका स्थापना दिवसको अवसरमा सर्वोत्कृष्ट र उत्कृष्ट कर्मचारी छनौट र सम्मान गर्ने अभ्यास शुरुआत गरी कर्मचारीलाई सम्मान र पुरस्कृत गरिएको छ ।
- २०६४ साल अघिका अस्थायी कर्मचारी व्यवस्थापनको लागि ऐन निर्माण गर्ने प्रक्रिया अघि बढाइएको छ।
- कर्मचारीको पदस्थापन, सरूवा तथा कामकाजमा खटाउने कार्यलाई अनुमानयोग्य र पारदर्शी बनाउन सो सम्बन्धी मापदण्ड तयार गरिएको छ ।

- साधनश्रोतको व्यवस्थापन तथा परिचालन, सेवाप्रवाहका लागि भौतिक पूर्वाधार सहितको कार्यकक्षको व्यवस्था (२४ वटा नयाँ भवन तथा १० वटा मर्मत सम्भार गरिएको) मिलाइएको छ ।
- महानगरपालिका मातहतका सवै वडा कार्यालय सहित ३४ वटा सेवाग्राही प्रतिक्षालय कक्ष निर्माण गरिएको छ ।
- पदाधिकारी तथा कर्मचारीको क्षमता विकासका लागि २२ वटा तालिम सञ्चालन गरिएको छ।
- महानगरपालिकाबाट प्रदान हुने सेवाप्रबाहलाइ बिद्युतीय माध्यमबाट गर्न २० वटा भन्दा बढी सूचना व्यवस्थापन तथा विद्युतीय प्रणाली सञ्चालनमा ल्याइएको छ।
- बार्षिक रुपमा संस्थागत क्षमता स्वमूल्याङ्कन गरिएको छ । उक्त स्वमूल्याङ्कन को नतिजा स्कोर आ.व. २०७६/७७, २०७७/७८ तथा २०७८/७९ मा क्रमशः ४४.२५, ५१.२५ र ६९.७५ रहेको छ ।

### ७.२.२ मुख्य आयोजना तथा कार्यक्रमका उपलब्धि

| प्रमुख कार्यक्रम तथा आयोजना | एकाई | लक्ष्य | उपलव्धी | पुष्ट्याई |
|---|---|---|---|---|
| कार्यालय भवन तथा भौतिक निर्माण र सुधार कार्यक्रम | संख्या | ३४ | २४ | १४ वटा नयाँ तथा १० मर्मत सम्भार सम्पन्न |
| स्थानीय सरकारको कार्यसम्पादन तथा संस्थागत स्वमूल्यांकन | पटक | ३ | ३ | मुल्याङकनको नतिजा प्रकाशित |
| जनप्रतिनिधि, कर्मचारी, नागरिक संस्था क्षमता अभिवृद्धि कार्यक्रम | विषय | २० | १२ | क्षमता विकास कार्यक्रमहरू सम्पन्न |
| ध्यान केन्द्र स्थापना | संख्या | १ | ० | |
| अन्तर स्थानीय तह समन्वय अनुभव आदानप्रदान कार्यक्रम | पटक | ५ | २ | समन्वय बैठक आयोजना |
| कार्यसम्पादनमा आधारित कर्मचारी प्रोत्साहन कार्यक्रम | पटक | ३ | २ | स्वास्थ्य तर्फ लागु गरिएको |
| सेवाग्राही प्रतीक्षालय, कार्यकक्ष, भौतिक सुविधा, सूचना प्रविधि र उपकरण व्यवस्थापन कार्यक्रम | इकाई | ३४ | ३४ | सेवाग्राही प्रतिक्षालय, कार्यकक्ष, भौतिक सुविधा सुधार गरिएको |
| टोल विकास संस्था गठन तथा थप प्रभावकारी परिचालन कार्यक्रम | संख्या | १०० | १०० | टोल विकास समिति गठन भई परिचालन |
| लक्षित वर्ग संरचना सुदृढीकरण र क्षमता विकास कार्यक्रम | पटक | १०० | १०० | संरचना निर्माण, क्षमता विकास कार्यक्रम संचालन |
| गैसस समन्वय, साझेदारी प्रवद्र्धन तथा सामाजिक परिचालन कार्यक्रम | पटक | ३ | ३ | गैसस महानगर वडाकार्यालय विच |

| प्रमुख कार्यक्रम तथा आयोजना | एकाई | लक्ष्य | उपलव्धी | पुष्ट्याई |
|---|---|---|---|---|
| कानुनी साक्षरता, विवाद मध्यस्थता र मेलमिलाप कार्यक्रम | | | ४ | तालिम, अभिमुखिकरण, मध्यस्थकर्ता मार्फत मेलमिलाप |
| न्यायिक समिति सञ्चालन, मेलमिलाप तथा न्याय सम्पादन कार्यक्रम | पटक | ४५ | ४५ | हप्तामा २ पटक इजलास तथा न्याय सम्पादन |
| न्यायिक समिति इजलास व्यवस्थापन तथा सबलीकरण | पटक | ३ | ३ | साधन स्रोत व्यवथ तथा तालिका बद्ध इजलास |
| न्यायिक समिति भौतिक सुविधा सुदृढीकरण | पटक | ३ | ३ | भौतिक सुविधा सहित ईजलास व्यवस्था |
| न्यायिक समितिसम्बन्धी नेतृत्व विकास तथा क्षमता विकास | पटक | ३ | ३ | अवलोक भ्रमण, तालिम |

## ७.३ राजस्व तथा स्रोत परिचालन

पहिलो आवधिक योजनामा यस उप क्षेत्र अन्तर्गत देहाय बमोजिम उद्देश्यहरु रहेका छन्:

१. आन्तरिक तथा बाह्य स्रोत परिचालनमा वृद्धि गर्नु र राजस्व प्रणाली सुदृढ बनाउनु,

### ७.३.१ योजनाका मुख्य उपलब्धिहरु

- पहिलो आवधिक योजना अवधिमा राजस्व सुधार कार्ययोजना तर्जुमा गरी अद्यावधिक गरिएको छ।
- राजश्व संकलनमा महानगरपालिका तथा ३३ वटै वडा कार्यालयहरूमा सफ्टवेयर प्रणाली स्थापना गरी लागु गरिएको छ।
- वार्षिक रूपमा आन्तरिक स्रोत परिचालन बढ्दो दरमा रहेको र वार्षिक करिब ३ अर्ब राजश्व आन्तरिक रुपमा परिचालन गर्न सक्ने अनुमान रहेको छ।
- अनलाईन कर भुक्तानी पोर्टल स्थापना गरी अनलाईन कर संकलन तथा विद्युतीय भुक्तानीको व्यवस्था शुरू गरिएको छ।
- राजश्व परिचालनमा राजश्व परामर्श समितिलाइ सक्रीय तुल्याइएको छ ।
- राजश्व व्यवस्थापन तथा परिचालन सम्बन्धी क्षमता अभिवृद्धि कार्यक्रम संचालन भएका छन् ।
- सम्पत्ति अभिलेखीकरण तथा अद्यावधिक कार्यका लागि सार्वजनिक सम्पत्ती व्यवस्थापन प्रणाली (PAMS) लागु गरिएको छ।

### ७.३.२ मुख्य आयोजना तथा कार्यक्रमका उपलब्धि

| प्रमुख कार्यक्रम तथा आयोजना | एकाई | लक्ष्य | उपलव्धी | पुष्ट्याई |
|---|---|---|---|---|
| राजस्वको शीर्षकगत संभाव्यता विश्लेषण र प्रक्षेपण (राजस्व सुधार कार्ययोजना अद्यावधिक) | पटक | ३ | १ | एक पटक अद्यावधिक गरिएको |

| प्रमुख कार्यक्रम तथा आयोजना | एकाई | लक्ष्य | उपलव्धी | पुष्टयाई |
|---|---|---|---|---|
| राजस्व व्यवस्थापन सूचना प्रणाली निर्माण र सञ्चालन (सफ्टवेयर प्रणाली) | पटक | ३ | २ | राजस्व संकलन तथा इ पेमेन्ट लागू गरिएको |
| राजस्व परामर्श समिति तथा शाखा सुदृढीकरण कार्यक्रम | पटक | ३ | ३ | अभिमुखिकरण अन्तरक्रिया बैठक भईरहेको |
| करदाता शिक्षा कार्यक्रम | पटक | ९९ | ३ | वित्तीय साक्षरता कार्यक्रम |
| करदाता प्रोत्साहन कार्यक्रम | पटक | ३ | १ | ठुला करदाता सम्मान |
| राजस्व परिचालन र अनुगमन कार्यक्रम | पटक | ६ | ६ | बजार अनुगमन |
| आन्तरिक नियन्त्रण प्रणाली सुदृढीकरण कार्यक्रम | पटक | ३ | २ | शाखा स्थापना तथा कार्यविधि तर्जुमा |
| सम्पत्ति अभिलेखीकरण तथा अद्यावधिक कार्यक्रम | पटक | ३ | २ | PAMS Software तथा जिन्सी निरिक्षण |
| अन्तर स्थानीय तह, संघीय तथा प्रदेश सरकार, निजी क्षेत्र र विकास साझेदार समन्वय तथा अन्तरसंवाद कार्यक्रम | पटक | ५ | ४ | सार्वजनिक निजी संवाद कार्यक्रम सम्पन्न |

## ७.४ तथ्यांक, योजना र विकास व्यवस्थापन

पहिलो आवधिक योजनामा यस उप क्षेत्र अन्तर्गत देहाय बमोजिम उद्देश्यहरु रहेका छन्:

१. शहरी योजना तथा विकास प्रणाली सूचना प्रविधिमा आधारित, सहभागितामूलक तथा नतिजामूलक बनाउनु ।

### ७.४.१ योजनाका मुख्य उपलब्धिहरु

- योजनावद्ध सहरी विकासका लागि शहरी योजना आयोग गठन गरी योजनावद्ध रुपमा काम गर्न शुरु भएको छ । शहरी योजना आयोगले ३३ बुँदे कार्ययोजना तयार गरी कार्यान्वयन भइरुहेको छ ।
- पोखरा महानगरपालिकाको दीर्घकालिन सोंच, क्षेत्रगत रणनीतिक योजनाहरु र प्रथम त्रिवर्षीय आवधिक योजना तर्जुमा भई कार्यान्वयनमा रहेको छ।
- गत आर्थिक वर्ष देखि मध्यमकालिन खर्च संरचना तर्जुमा गरी कार्यान्वयन गरिएको छ ।
- पुराना अभिलेखहरुको डिजिटल अभिलेख व्यवस्थापन गर्न प्रकृया अगाडी बढाइएको छ ।
- तथ्याङक व्यवस्थापन प्रणालीलाइ अध्यावधिक गरी डिजिटल प्रोफाइल तयार गर्ने कार्य प्रारम्भ भएको छ।
- स्थानीय तहको योजना तर्जुमा, कार्यान्वयन अनुगमन तथा मूल्यांकन विषयमा विभिन्न क्षमता विकास कार्यक्रमहरू संचालन भएका छन्।
- महानगरपालिकको समग्र योजना तथा विकास व्यवस्थापनमा वेलायत सरकारको सहयोगमा सञ्चालित शहरी उत्थानशिल परियोजना (NURP) सुदृढ परियोजनासँग संग सहकार्य गरिएको छ ।

### ७.४.२ मुख्य आयोजना तथा कार्यक्रमका उपलब्धि

| प्रमुख कार्यक्रम तथा आयोजना | एकाई | लक्ष्य | उपलव्धी | पुष्ट्याई |
|---|---|---|---|---|
| सूचना प्रविधिमा आधारित वस्तुस्थिति विवरण (नगर प्रोफाइल) तयारी तथा अद्यावधिक | पटक | १ | | तयारी कार्य अन्तिम चरणमा पुगेको छ |
| मध्यमकालीन खर्च संरचना तयारी तथा आवधिक योजनाको समीक्षा र अद्यावधिक | पटक | ३ | ३ | मध्यमकालिन खर्च संरचना तयारी तथा आवधिक योजनाको समीक्षा भइरहेको |
| स्थानीय आयोजना बैंक निर्माण र सूची अद्यावधीकरण | पटक | ३ | | कार्यशाला तथा अभिमुखिकरण सम्पन्न |
| विषयगत गुरुयोजना तर्जुमा र अद्यावधिक कार्यक्रम (कृषि,पर्यटन, यातायात,भूउपयोग,विपद जोखिम न्यूनीकरण तथा जलवायु अनुकूलन) | विषय | ५ | ३ | पर्यटन,यातायात,भूउपयोग, विपद जोखिम न्यूनीकरण सम्बन्धी योजना तर्जुमा |
| योजना तर्जुमा,कार्यान्वयन अनुगमन, मूल्यांकन र सिकाइ प्रणाली सञ्चालन | पटक | ३ | ३ | तालिम कार्यशाला तथा गोष्ठी सम्पन्न |
| तेस्रो पक्षबाट प्राविधिक परीक्षण तथा आयोजनाको मूल्यांकन | आयोजना | ५ | | |
| उपभोक्ता समिति क्षमता विकास कार्यक्रम | पटक | १० | ४ | अभिमुखीकरण कार्यक्रम सम्पन्न |
| वार्षिक बजेट तथा कार्यक्रमको लैंगिक तथा जलवायु परीक्षण | पटक | ३ | | |

संस्थागत विकास तथा सुशासन क्षेत्र अन्तर्गत उपक्षेत्रगत रूपमा प्राप्त उल्लेखित उपलब्धिहरूको समिक्षा गर्दा महानगरपालिकाको प्रथम आवधिक योजनाले लिएको “जवाफदेहिता, पारदर्शिता, सदाचार, गुणस्तरीय सेवाप्रवाहमार्फत् सुशासनको सुनिश्चितता र आत्मसम्मान सहित सबै प्रक्रियामा महानगरबासीको सक्रीय सहभागिता सुनिश्चित गर्ने" लक्ष्य तथा ५ वटा उपक्षेत्रगत उद्देश्यहरू प्राप्ति तर्फ महानगरपालिकाले सन्तोषजनक उपलव्धी हासिल गरेको देखिन्छ । प्रथम आवधिक योजनामा यस क्षेत्र अन्तर्गत सालवसाली रूपमा कार्यान्वयन गरिने कार्यक्रम तथा आयोजनाहरू समावेश गरिएका छन् । यस्ता कार्यक्रमहरूको प्रभावमुल्याङकन गर्दै उत्कृष्ट नतिजा प्राप्त क्रियाकलापहरूलाई आगामी आवधिक योजनामा समेत समावेश गर्नु सान्दर्भिक देखिन्छ । अतः यस क्षेत्रको उपक्षेत्रगत रूपमा सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति तर्जुमा गरी रणनीतिक कार्यक्रम तथा आयोजनाहरू आगामी योजनामा समावेश गर्नु सान्दर्भिक हुन्छ।

# परिच्छेद आठः निष्कर्ष तथा सुझाव

यस परिच्छेदमा पोखरमा महानगरपालिकाको सवल पक्ष तथा सम्भावना, आवधिक योजना कार्यान्वयन गरिएको उपक्षेत्रगत खर्च, कार्यान्वयनमा रहेका समस्या तथा सवालहरू निष्कर्ष तथा सुझाबहरु समावेश गरिएको छ ।

## ८.१ सबल पक्ष तथा सम्भावना

पोखरा महानगरपालिका मुलुककै उत्कृष्ट पर्यटकीय गन्तव्यस्थलका रुपमा स्थापित भएको छ । प्राकृतिक सुन्दरता, प्रादेशिक राजधानी, बढ्दो आर्थिक गतिविधि, पर्यटकीय आकर्षण, हवाइ तथा सडक संजालको विस्तार तथा आवद्धता, र सञ्चारको सुबिधा विस्तारले पोखरा थप समुन्नत हुने गतिमा अग्रसर छ । आपसी समन्वय, सहकार्य तथा सहअस्तित्वका आधारमा तीनै तहका निर्वाचित सरकारहरुको समन्वयात्मक क्रियाशिलता, नीति, कानून, योजना तथा मापदण्ड निर्माण भई कार्यान्वयनमा जानु महत्वपूर्ण सबल पक्षका रुपमा रहेको छ । स्थानीय सरकारहरु बीच दिगो विकास, उत्थानशीलता, समृद्धि र सुशासनका क्षेत्रमा प्रगति हासिल गर्ने दिशामा प्रतिस्पर्धी भावनाको विकास हुनुलाई अवसरका रुपमा लिन सकिन्छ । यस महानगरपालिकामा पर्यटन विकासलाई केन्द्रमा राखेर तथा भौतिक पूर्वाधारको विकासमा अन्तर-सरकार र निजी क्षेत्रबीच चासो र सहकार्य अभिवृद्धि हुँदै गएको छ ।

पर्यटकीय राजधानी घोषणा पश्चात पोखरा महानगरपालिकामा थप लगानीकर्ता आकर्षित हुने अपेक्षा गरिएको छ ।पोखरामा उपलव्ध अनुपम प्राकृतिक शौन्दर्य, सांस्कृतिक उत्कृष्टता, आर्थिक अवसर र रणनीतिक अवस्थितिले सम्भावनालाई उजागर गरेको छ । प्राकृतिक, भौगोलिक, पर्यावरणीय, सामाजिक तथा सांस्कृतिक विविधताको उपयोग आदि अवसरहरु सिर्जना भएका छन् । पोखरा पर्यटकीय दृष्टिले मात्र नभइ कृषि तथा पशुपालन र उद्योग तथा व्यापारमा पनि अग्रणी क्षेत्रका रुपमा अघि बढिरहेको छ । पोखरा अन्तराष्ट्रिय विमानस्थल सञ्चालन, मध्य पहाडी लोकमार्गसँगको आवद्धता, मुक्तिनाथ, अन्नपूर्ण संरक्षण क्षेत्र तथा ढोरपाटन शिकार आरक्षको प्रवेशद्वार, वन जंगल तथा जलश्रोतका कारण उल्लेख्य रुपमा अवसरहरुमा वृद्धि भएको छ । यस प्रथम आवधिक योजनाको समीक्षाबाट महानगरपालिकाको सवल पक्ष तथा संभावना देहायअनुसार रहेको निष्कर्ष रहेको छ ।

१. पर्यटकीय राजधानी घोषणा उन्मुखता
२. जैविक विविधताको अनुपम संगम एवम् प्राकृतिक श्रोतको सघनता

३. प्रदेश राजधानी एबम् प्रशासनिक, आरोग्यता तथा निरन्तर विकसित शैक्षिक केन्द्र

४. प्राकृतिक, भौगोलिक, पर्यावरणीय, सामाजिक तथा सांस्कृतिक विविधता र सुन्दरता

५. पर्यटकीय तथा उद्योग र व्यवसायमा र आर्थिक अवसरमा वृद्धि

६. आन्तरिक तथा बाह्य पर्यटकीय आकर्षक गन्तव्य र अन्तरआवद्धता

७. पर्यटकीय तथा सेवा, सुविधा तथा पूर्वाधार विकासको संभावना र आन्तरिक आय वृद्धि

८. तुलनात्मक लाभका क्षेत्र उपलव्धता तथा कृषि र पशुजन्य लागि बजारको सहजता

९. फेवा, वेगनास रूपा लगायतका ताल र नदी खोला, गुफा आदि प्राकृतिक वैभवता तथा कोट मन्दिर गुम्बाको निर्माण तथा बढ्दो जनआकर्णण

१०. जनसाख्यिक लाभ लिन सक्ने अवस्था (कुल जनसंख्याको ६८ प्रतिशत जनसंख्या आर्थिक रूपले सक्रिय) उपलव्धता

११. सडक सञ्जालको विकास र विस्तार र मध्यपहाडी लोकमार्गसँगको आवद्धता

१२. पोखरा अन्तराष्ट्रिय विमानस्थल मार्फत राष्ट्रिय र अन्तराष्टिय बजारसँग आवद्धता

१३. सूचना तथा सञ्चार प्रविधिको विस्तार तथा उपयोग,

१४. जैविक विविधताको अनुपम संगम एवम् प्राकृतिक श्रोतको सघनता

१५. नीति, कानून, योजना तथा मापदण्ड निर्माण र योजनाबद्ध कार्यान्वयन

## ८.२ आवधिक योजना कार्यान्वयनमा रहेका समस्या तथा सवालहरू

प्रथम आवधिक योजनाको कार्यान्वयनमा आर्थिक उपलब्धि र सुबिधा विस्तारलाई केन्द्रमा राखेर अगाडि बढेको विकासको वर्तमान प्रवृत्तिले दिगो विकासको लक्ष्यलाई ध्यान दिए पनि अपेक्षित नतिजा हासिल गर्न थप प्रतिवद्वता तथा योजनाका साथ अघि बढ्नु आवश्यक छ । राष्ट्रिय तथा प्रादेशिक योजनासँग तालमेल कायम गरी योजना योजना अनुशासन कारम राख्दै स्थानीय आवधिक विकास योजनाको उद्देश्य हासिल गर्नु प्रमुख चुनौतीका रुपमा रहेको छ ।आवधिक योजनाले निर्धारण गरेको नीति योजना कार्यक्रम र प्राथमिकता अनुरूप महानगरपालिकाले ल्याउने बार्षिक नीति कार्यक्रम तथा वजेट वीच तादाम्यता मिल्न सकेको छैन । आगामी दिनमा आवधिक योजनालाइ मार्गदर्शन मानी आयोजना बैकमा पहिचान भएका आयोजनालाई छनौट तथा प्राथमिकिकरण गर्दै बार्षिक नीति कार्यक्रम तथा बजेटमा समावेश गर्दै जान जरूरी छ ।

पोखराको शहरी क्षेत्रमा जनसंख्याको केन्द्रिकरण, बढ्दो युवा पलायन, बढ्दो आयात र अनुत्पादक खर्चले सिर्जना गरेको आर्थिक तथा सामाजिक प्रभावले विकास नतिजा हासिल गर्न कठिनाइ उत्पन्न गरेको छ । विकास निर्माणमा द्वन्द व्यवस्थापन, व्यवस्थित शहरी विकास, सुविधायुक्त र सुरक्षित बसोबास, स्वच्छ खानेपानी तथा उर्जाको उपलब्धता, सरसफाई सुविधा र सूचना प्रविधिको उपयोग गरी उत्पादन र उत्पादकत्वमा वृद्धिका साथै उत्पादनशील रोजगारीमा अभिवृद्धि र जनसाङ्ख्यिक लाभको उपयोगमा आशातित उपलब्धि हासिल हुन सकेको छैन । आवधिक योजनाको समीक्षात्मक विश्लेषणबाट यस योजनाको कार्यान्वयन तथा उपलब्धि प्राप्तिमा देखिएका समस्या तथा सवालहरुलाई देहायअनुसार रहेको छन्ः

१. योजना अनुशासन तथा स्थानीय सरकारमा उपलब्ध सार्वजनिक खर्चको कुशल, समन्यायिक र नतिजामूलक व्यवस्थापनमा कमी हुनु,
२. आवधिक योजनाले निर्धारण गरेको प्राथमिकता प्राप्त क्षेत्र र कार्यक्रममा वजेटले प्राथमिकता नपाउनु
३. विनियोजन दक्षता, कार्यान्वयन कुशलता र प्रभावकारी वित्तीय अनुशासनमा कमी हुनु,
४. योजना तर्जुमा मापदण्ड र योजनाहरू बीच अन्तरसम्बन्धको पालना कम हुनु,
५. विषयगत तथ्य तथा सूचना उपलब्धता, अद्यावधीकरण र प्रयोग कम हुनु,
६. वस्तुस्थिति विश्लेषण, परिवर्तनको सिद्धान्त, नतिजा खाका तर्जुमा र प्राथमिकता निर्धारण व्यवस्थित र वैज्ञानिक नहुनु,
७. विगतको प्रवृति र हालको अवस्थाको आधारमा Extrapolation तथा Interpolation गरी लक्ष्य निर्धारण नहुनु,
८. योजना तर्जुमा प्रक्रियामा निर्वाचित जनप्रतिनिधि, कर्मचारी र स्थानीय विषय विज्ञ तथा सरोकारवाला भन्दा वाह्य विज्ञहरूको भूमिका बढी हुनु,
९. आवधिक योजना दिगो विकास लक्ष्य, राष्ट्रिय र प्रदेशको योजनाको लक्ष्य, प्राथमिकता, रणनीतिसँग अन्तरसम्बन्ध कायम नहुनु,
१०. आवधिक योजनाको आधारमा आयोजना बैंक र मध्यमकालीन खर्च संरचना तयार भइ वार्षिक नीति, कार्यक्रम तथा बजेटसँग नजोडिनु,
११. आवधिक योजनाको नतिजा अनुगमन तथा असर र प्रभावको मूल्याङ्कन/समीक्षाको अभ्यास कम हुनु,
१२. प्रभावकारी अनुगमन मुल्याङकन तथा सुधारको प्रयास कमजोर हुनु
१३. आयोजना कार्यान्वयनमा Cost overrun र Time overrun कायमै रहनु

१४. प्राकृतिक श्रोतहरुको दिगो परिचालनमा कमी हुनु,

१५. सुदृढ बजारीकरण प्रणालीको कमी हुनु,

१६. स्थानीय उत्पादनको मूल्य श्रृखंलामा आवद्धतामा कमी हुनु ।

## ८.३ निष्कर्ष तथा सुझाब

समग्रमा पोखरा महानगरपालिको प्रथम आवधिक योजनाको समग्र कार्यान्वयनपक्ष सकारात्मक देखिएको छ । प्रथम आवधिक योजनाको समिक्षाबाट प्राप्त नतिजाको आधारमा आगामी आवधिक योजना तर्जुमा, बार्षिक नीति कार्यक्रम र बजेट तर्जुमा तथा कार्यान्वयन सम्बन्धमा देहाय बमोजिम सुझाबहरू प्रस्तुत गरिएको छः

(क) महानगरपालिकाको आगामी आवधिक योजना तर्जुमा निर्धारित विधि र प्रक्रिया अवलम्बन गरी अधिकतम सहभागितामुलक प्रणालीबाट तर्जुमा गर्नुपर्ने,

(ख) तर्जुमा चरणमा रहेको राष्ट्रिय सोह्रौं आवधिक योजना र गण्डकी प्रदेशको दोस्रो आवधिक योजनासँग तालमेल कायम गर्नुपर्ने,

(ग) पोखरालाई पर्यटकीय राजधानीका घोषणा गर्ने प्रक्रिया अघि बढेकोले पर्यटकीय पुर्वाधार निर्माणलाइ प्राथमिकतामा राखी योजना तर्जुमा गर्ने

(घ) हरित, उत्थानशिल समावेशी विकासको अवधारणालाई अवलम्बन गर्नुपर्ने,

(ङ) पोखराको समृद्विको लागि आगामी विक्रम सम्बत २१०० सम्मको लागि निर्धारण गरिएको दीर्घकालिन गन्तव्य पोखरा २१०० ले किटान गरेको समुन्नत पर्यटकीय पोखरालाई नै पोखरा आगामी पञ्चवर्षीय आवधिक योजनाको दीर्घकालिन सोच कायम गर्दा उपयुक्त हुने,

(च) सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति, सूचकहरुको लक्ष्य र कार्यक्रम तथा आयोजनाहरुमा संघीय तथा प्रदेश योजनासँग तालमेल कायम गर्नुपर्ने,

(छ) क्षेत्रगत सोच बमोजिम उद्देश्य, रणनीति तथा कार्यनीनि, नतिजा तालिका र कार्यक्रम तथा आयोजनावीच तालमेल कायम गरी योजना तर्जुमा गर्नुपर्ने,

(ज) योजना तर्जुमा तथा कार्यान्वयन क्षमता बढाउन तदनुरुप आन्तरिक क्षमता विकासमा ध्यानमा ध्यान दिने,

(झ) आधार अवस्था सूचना तयार तथा अद्यावधिक हुनुपर्ने र परिवर्तनको सिद्धान्त र साधन साध्य जस्ता विधिहरुको प्रयोग गरी वस्तुस्थिति विश्लेषण गर्नुपर्ने,

(ट) आवधिक योजना तर्जुमा तथा कार्यान्वयनमा सहभागितामूलक विधि तथा प्रक्रिया अबलम्बन गरी आयोजना तथा कार्यक्रमको कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन योजना तयार गर्नुपर्ने,

(ठ) श्रोत अनुमान तथा प्रक्षेपण तथ्यपरक तथा सुत्रमा आधारित बनाउनु पर्ने ।

(ड) स्थानीयस्तरमा वार्षिक रुपमा अद्यावधिक सूचना हासिल हुनसक्ने सूचकहरुलाई उपयोग गर्नुपर्ने ।

(ढ) आवधिक योजना तर्जुमा क्रममा बृहत्तर सहमति कायम गरी आगामी जनप्रतिनिधिको कार्यकालमा पनि सहज कार्यान्वयनको सुनिश्चतता गर्नुपर्ने ।

(ण) आवधिक योजनाको तर्जुमाक्रममा वडातहका तथा ग्रामिणक्षेत्र वडाहरूको सन्तुलित विकासको लागि आवश्यकता पहिचान गरी वडा तहबाट कार्यान्वयन हुने आयोजनालाई आवधिक योजनासँग तालमेल कायम गर्नुपर्ने ।

(त) पोखराको आवश्यकता र प्राथमिकतामा पर्ने क्षेत्रमा विकास साझेदारहरूसँगको सहकार्य बढाउदै लग्ने

(थ) पोखराको प्राथमिकता परेका तर आन्तरिक क्षमताले मात्र धान्न नसक्ने तथा ठूला एवं दुरगामी महत्वका आयोजनाहरू कार्यान्वयनका लागि संघ र प्रदेशसँग समन्वय गर्ने

पोखरा महानगरपालिका
**शहरी योजना आयोग**
पोखरा, कास्की
फोन नं. ०६१-५७११०४/१०५
इमेल : cpc@pokharamun.gov.np